यादहरू



युवराज कडेल

यादहरु

बाल्यकालका केही सम्झनाहरू

लेखक

युवराज कंडेल

डिजिटल संस्करण

प्रकाशक

कंडेल सेन्टर फर इन्भायरोमेन्ट रिसर्च एण्ड एड्भोकेसी

तिलोत्तमा-८, रुपन्देही

Yaadharu

A Collection of Childhood Memory

Written by:

YUBARAJ KANDEL

Vijaya Dashami 2082 (Oct.2025)

Digital Edition

Published by:

Kandel Center for Environment Advocacy & Research

Tilottama-8, Rupandehi, Nepal

मनका कुरा

बाल्यकाल हुर्काइको सुरुवात हो, भोगाइको सुरुवात हो। बा आमाको औंला समातेर हिँड्न सुरु गर्दादेखि कलेज जीवन सुरु गर्दासम्मको बाल्यकालका अनेकौं भोगाइहरू हुन्छन्, अनेकौं किस्साहरू हुन्छन्. करहिया गाउँ पञ्चायतको सबैभन्दा उत्तरको जङ्गल नजिकैको गाउँमा जन्मे हुर्केको मैले जङ्गलमा उफ्रँदै, खेल्दै, गाउला बदमासी गर्दै अनि गाउँ नजिकैको सानो बजार अनि अलि ठुलो बजारमा पढ्न दगुरादगुर गर्दै बालापन गुजारेको छु । जीवन आधा शताब्दीको सङ्घारमा आईपुग्दा सम्म मैले आफू जन्मेको ठाउँ छोडेको छैन. अहिले पनि म बाल्यकालमा दगुरेकै गाउँ बस्ती र बाटोमा हिँडिरहेको छु । उमेरसङै म बदलिएको छु, गाउँ वस्तिहरू बदलिएका छन्. बाल्यकालका साथीहरूको साथ छुटिसकेको छ। पढाउने गुरुहरू अर्कै संसारमा पुगिसक्नुभएको छ. पहिलेजस्तो निस्फिक्री भएर दौडिन पाउन्न म. पहिलेजस्तै साथीहरूसँग बरालिन भ्याउन्न म । मलाई थाहा छ- मेरो बाल्यकालका दिनहरू अब फर्कँदैनन्. तर, यादहरू भने फर्की फर्की आउँछन् र यिनै यादहरूले जीवनलाई पुलकित बनाई रहेका छन् । यस पुस्तकमा उल्लेखित लेखहरू विगतमा विभिन्न पत्रपत्रिका र सामाजिक सञ्जालमा प्रकाशित भैसकेका छन्. खास गरी समय चक्रका सम्पादक दिनेश पाण्डेले बाल्यकालको संस्मरण लेख्न घचघच्याएकोले मैले यी लेखहरू लेख्ने जाँगर चलाएको हुँ । उहाँले नभनेको भए मेरा सम्झनाहरू मेरो स्मृतिमा मात्र सीमित रहने थिए । मेरा यादहरूमा बाल्यकालमा धेरै साथीहरू छन्, गुरुहरू हुनुहुन्छ, छिमेकी र आफन्तहरू छन् । मैले जे भोगेँ त्यही यसमा उतार गरेको छु. सत्य लेख्दा कतै कसैको गोपनीयता हनन भएको भए, कसैको मन दुख्ने भए म माफी चाहन्छु. फेरि पनि म तपाईंहरूको यादमा र तपाईंहरूलाई यादमा राखेर बाच्न चाहन्छु, साथ मिलिरहोस् है ।

तिलोत्तमा-८, शान्तिनगर विजया दशमी २०८२

समर्पण

बाल्यकालका ती सबै साथीहरूलाई, जसले मलाई बस्दा उठाए, उठ्दा दगुराए. मलाई गाली ख्वाए, मेरालागि गाली खाए, मेरो बदमासीमा साथ दिए, मलाई बदमास बन्न दिएनन् ।

अनि, सबै गुरुहरूलाई -जसले सत्कर्मको मार्ग देखाउनुभयो ।

१.

.....अनि म झ्यालबाट कक्षामा पसें

बा आमाको काखमा बस्न पाएकोले ४८ वर्ष पार गरिसक्दापनि आफुलाई बच्चै छु जस्तो लगिरहन्छ । जीवन प्रौढ अवस्थामा प्रवेश गरिरहेको छ । जतिजति उमेर ढल्किदै गएको छ, उतिउति नै बाल्यकालका मिठा स्मृतिहरू आँखा वरिपरी घुम्न थालेका छन्, स्मरणमा दोहोरिन थालेका छन् । जगजित सिंहको गजल बारम्बार गुनगुनाउन मन लाग्छ.

“ यह दौलत भी ले लो, यह सोहरत भी ले लो

भले छिन लो मुझसे मेरी जवानी

मगर मुझे लौटा बचपनके सावन

वो कागजकी कस्ती, वो बारिसकी पानी...”

बाल्यकाल बितेको लामो समय भैसकेको छ. तरपनि जगजित सिंहको गजलमा जस्तै बाल्यकालका सम्झनाहरु ताजै छन् । आहा ति दिनहरु ! सम्झदा आनन्द लाग्छ ।

म ४ वर्ष हुँदासम्मका कुनै घटनाहरु याद छैनन् । म भन्दा दिदि २ वर्ष जेठी भएकोले म ४ वर्षको हुँदा दिदीलाई शिबपुर माविमा भर्ना गरिएको थियो । शिबपुर पुग्ने गतिलो र निश्चित बाटो थिएनन । वर्खायाममा कुलोको डिल र हिउदमा खेतैखेत हिंडेर शिबपुर पुग्नुपथ्र्यो । छिमेकी कुरुन्चेली साईलो बा शिबपुर माविमा पियन भएकोले उहासंगै जान सजिलो हुन्छ भनेर शिबपुर माविलाई रोजिएको हुनुपर्छ । शायद बैशाखतिर हुनुपर्छ, म पनि एक कक्षामा पढ्ने दिदीको पछि लागेर खेतैखेत स्कूल पुगें । स्कूलको चौरमा अजंगको बर्रोको रुख थियो । त्यहि रुखको वरिपरी अधिकांश विद्यार्थीका क्लासहरु थिए । घाम ताप्दै पढ्ने पढाउने काम हुन्थ्यो । म दिदीको नजिकै बसेर क्लासको मजा लिइरहेको थिएँ । त्यत्तिकैमा दिसा लाग्यो, दिसा गर्न कता जानेरु कसलाई भन्नेरु डरले म सकेसम्म खटेको थिएँ । तर खट्न सकिएन, जाँघेमै दिसा छोडियो । गन्हाउन थालेपछि गाईगँुई भयो । अनि पढाईरहेका गुरुले मलाई लिएर घर जान दिदीलाई आदेश दिए । हामी रमाउदै घर फर्कियौ । त्यसपछि त्यो स्कूल गईन र त्यहि साल पुषमा दिदीले पनि स्कूल बदली ।

साढे ६ वर्ष पुगेपछि हालको तिलोत्तमा ८ मा रहेको ज्योति स्कूलमा भर्ना गरिदिनुभयो । ज्योति प्राथमिक विद्यालय नाम भएपनि सबैले गोठको स्कूल भन्थे । सूर्यपुरा, महुवारीका थारुहरुले गाई चराउन लैजादा ओत लाग्ने गोठ बनाएकै ठाउँमा स्कूल बनाईएको थियो । पश्चिममा लामो काठे टहरो थियो भने उत्तरमा भर्खरै ३ कोठे भवन बनेको थियो । कोठामा ढोका भएपनि झ्यालमा पल्ला, ग्रिल केहि थिएन । माटोको भुइँ थियो । स्कूल जाने रहरले शुरुको दिन झ्यालबाट कक्षामा पसेर परालको चकटी ओछ्याएर कक्षामा बसेको थिएँ । ३ कक्षामा पढ्दासम्म प्रायजसो झ्यालबाट नै कक्षामा पसियो र चकटीमै बसेर पढियो ।

घर र ज्योति स्कूलको दुरी ७०० मिटर छ. अहिले पक्कि सडक छ, हिडेरै जाँदा पनि १० मिनेटमा पुगिन्छ । हामी स्कूल पढ्ता त यस्तो बाटो कहाँ पाउनु नि !

बर्खायाममा ४ नम्बरदेखि शान्तिनगर सम्मको बाटो गड़ाहा बन्थे । महुवारी र सुर्यपुराका गाई गोरु हिड्दा बाटो पुरै दलदल बनेको हुन्थ्यो, हिड्न सकिदैनथ्यो । बाटोको समानान्तर नै एउटा कुलो थियो । प्रायजसो त्यहि कुलोको डिलमा हिड्ने

गरिन्थ्यो । मान्छे हिड्दा हिड्दा डिलपनि चिप्लो र हिले भएका हुन्थे । कहिलेकाही लड़िन्थ्यो । हिलोमाटो भएर घर आउदा गाली खाइन्छ भनेर हिलो र चिसो कपडासंगै स्कूल गईन्थ्यो । डरलाग्दो गरि उर्लिएको तपाहा माथिको काठे डँुड हुँदै आवतजावत गर्नुपथ्र्यो । कम्ति त डर लाग्थेन । तपाहा र अन्य सातकुला तरेर स्कूल आवतजावत गर्नु ठुलै लडाई जिते सरह हुन्थ्यो ।

क्लासमा शिक्षकको नियमितता कमै हुन्थ्यो । प्रायजसो कक्षाको अलिक पढन्ते विद्यार्थीले सस्वर वाचन गराउथ्यो, हामी ४ नम्बर बजार थर्कने गरि चिच्याउदै पाठ पढ्थ्यौ । जे जति पढिन्थ्यो-स्कूलमै पढिन्थ्यो । ३ कक्षासम्म स्लेटमा खरिले लेख्ने गरिन्थ्यो । लेख्ने होमवर्कको त टन्टै हुन्थेन । शिक्षकको आँखा छलेर साधुका कुटीमा गएर फलफुल चोर्ने, पिशाब गर्न भनेर सातकुलातिर गएर स्कूल अवधिभर हराएर छुट्टी हुने बेलामा बल्ल स्कूल पुग्नु हामी केटाहरुको नियमित दिनचर्या हुन्थ्यो । खनाल र धनपतिको पसलमा गएर ढिके नून चोरेर स्कूल अगाडिको कदमको रुखबाट झरेका कदम फल कर्यामकर्याम खाईन्थ्यो । हातमा १०/२० पैसा भएको बेलामा

बदाम र मुसलपट्टि खाईन्थ्यो । तर पैसा हुने दिनहरु विरलै हुन्थे । एक मोहरसम्म हुँदा त स्कूल छोडेर सोमबारे सेमरा बजार गएर बतासा खान्थेँ । त्यो बतासाको गुलियो स्वाद अहिलेपनि जिब्रामा झुन्डिएको छ । तराइका देहाती हाटबजार पुग्दा अहिले पनि बतासा किनेर ल्याउने गर्छु ।

जोगराज सर, शिबुसर, माया मिस, सरिता मिस र मिश्रसरको अनुहार अहिलेपनि याद छ । ' झ्यालसे बाहर कर देंगे ' भन्ने मिश्रसरको थेगो थियो । कक्षा छोडेर छब्बाको पसल, धनपतिको पसल, कदमको रुख, जोगीका कुटीतिर बरालिएको देखेपछी मिश्रसर हातमा लठ्ठी घुमाउदै ' झ्याल से बाहर करदेंगे' भन्दै कराउनुहुन्थ्यो । मिश्रसरलाई देखेपछी दौडदै झ्यालबाट कक्षामा पसिन्थ्यो । कक्षामा आएर मिश्रसरले कुटेको याद छैन । जोगराज सर र शिबुसरको भने रिसै कडा !

सरस्वति पुजाको दिन स्कूलमा हलुवा पाक्थ्यो । सरहरुले हलुवा पकाउदा हामीहरु केराको पात थापेर बस्दथ्यौ । एकपटक सरले केराको पातमा हलुवा राखिदिँदा पात च्यातिएर तातो हलुवा खुट्टामा खस्यो । हलुवा पोखिएको पिर र तातो

हलुवाको पोलाईले भएको दुखाईले म कम्ति त रोईन । अचेल पनि सरस्वती पुजाको दिनमा म त्यहि घटना सम्झिरहन्छु ।

राजा बिरेन्द्रको जन्मोत्सवमा विशेष रमाईलो हुन्थ्यो । 'हाम्रा राजा हाम्रो देश प्राण भन्दा प्यारो छ' भन्ने नारा लगाउदै स्कूले केटाकेटीहरुलाई वल्लोपल्लो गाउँ परिक्रमा गराईन्थ्यो । एकपटक रैलीमा ट्राक्टर समेत थियो, कोहि हिँड्न नसकेमा राखेर ल्याउनको लागि । त्यसबेलासम्म मा ट्राक्टरमा चढेको थिइन । ४ नम्बरबाट सुस्पुरा, रामनगरा हुदै भलबारी पुग्दा थकाई लागेकोले र ट्राक्टर चढ्ने रहर लागेकोले म सकि नसकी ट्रेक्टरको ट्रलीमा चढेँ । अरु बलियाबांगा केटाहरु पनि चढ्दा ट्रली भरियो । भिडले च्यापिएर सास फुस्केला जस्तो भयो । म ओर्लिन्छु भन्दै चिच्याई चिच्याई रोएँ । जोगराज सरले ' किन चढेको थिइस र रु स्वाद भेटिस' भन्दै खुचिंग गर्नुभयो । जमिनमा भएकी दिदि पनि भाईलाई ओरालिदेउ भन्दै रोएपछि कसैले मलाई ओरालिदियो । त्यहाँबाट हिड्दै केवलानी आएर घर आएँ । त्यसपछिका वर्षहरुमा कतैपनि रैलीमा हिडीएन ।

गोठवाले ४ नम्बर बजारको आकार लिन लागेको थियो अनि गोठ स्कूलले ज्योति प्राथमिक स्कूलको पहिचान बनाईरहेको थियो । ३/४ वटा पसल भएको ४ नम्बर बजार हाम्रोलागी ठूलो शहर लाग्थ्यो । तिजको दिनमा ४ नम्बरमा लाग्ने भिड अनि स्कूलको चौरमा हुने नाचगानले सबैलाई तान्थ्यो । हाम्रो संसार त्यहि चार नम्बरको चोक, स्कूल अनि घरमा मात्र सिमित थियो । टाउकोमा चकटी र झोला बोकेर स्कूल जाने, स्कूलमा बरालिने अनि छुट्टीको दिनमा गाउँ नजिकको वनमा घुम्नु हामी केटाकेटीको दिनचर्या थियो । जे पढिन्थ्यो, स्कूलमै पढिन्थ्यो । घरमा पढाईको तनाव हुदैनथ्यो । ज्योति स्कूलमा ३ वर्ष खेलेरै बित्यो । स्कूलमा ४ कक्षा त शुरु भएको थियो, तर बाले आफु कार्यरत शान्ति स्कूलमा पढाउने भनेर ४ कक्षा पढाउँन मणिग्राम लैजानुभयो । त्यसपछि ज्योति स्कूलसंगको साथ् छुट्यो ।

छिटो स्कूल गएर अगाडी बसेर पढ्ने भनेर म पहिलो दिन झ्यालबाट क्लासमा पसेको थिएँ । कक्षा ३ को अन्तिम दिनमा पनि अब पढ्नु पर्दैन भनेर झ्यालबाट चकटी र झोला निस्केर बाहिरिएको थिएँ । चौरमा बसेर परीक्षा दिईयो । रिजल्ट पनि

निस्केको थियो होला, तर म रिजल्ट हेर्न गईन । शान्ति स्कूलमा पढ्न थालेपछि ज्योति स्कूलबाट म टाढिदै गएँ । ३५ वर्ष सम्म म ज्योति स्कूलमा गईन ।

अहिलेपनि म पढेका कक्षाहरु यथावत छन् । बाटो हिड्दा म कक्षामा पसेको त्यहि झ्याल हेर्छु । बाल्यकाल आँखा वरिपरी घुम्दै आउँछ, अनि आउछन प्रेम, गोपाल, दिपु, शिबुचन, अन्गदवा अँगालो मार्न । अनि झुल्किन्छन् मिश्र सर, जोगराज सर, सरिता मिस, माया मिस , पिउननी दिदि । छब्बाको मुसलपट्टि, खनालको मिठाई, धनपतिको ढिके नून र भेली, त्यो कदमको रुख, जोगीको कुटी सबैसबै आफ्नै वरिपरी घुम्दै आउछन् ।

४ कक्षामा शान्ति स्कूल पढ्न गएपछिका सम्झनाहरु पनि ताजै छन् । अर्को लेखमा चर्चा गरौला है ।

२.

धोबिका औलाद

झ्यालबाट कक्षामा पसेर शुरु भएको ज्योति स्कूलको यात्रा ३ कक्षामा झ्यालबाट नै बाहिर निस्केर सकियो।

बाले शान्ति स्कूलमा काम गर्ने भएकोले दिदि र म शान्ति स्कूल मणिग्राममा पढ्न गयाँै । बासंग १/२ पटक शान्ति स्कूल गैसकेको हुनाले स्कूल मेरोलागी अपरिचित थिएन तर टाढा भने थियो । मेरो गाउँदेखि ४ नम्बर बजारसम्मको बाटो कठिन थियो नै त्यहाँदेखी मणिग्राम सम्मको बाटो पनि त्यति सहज थिएन । गाउँदेखि प्रेमनगर हुदै मणिग्राम वा नयामिल हुँदै मणिग्राम निस्कने बाटोपनि बर्खायाममा निकै अफ्ट्यारा हुन्थे । स्कूल र गाउँको दुरी ४ किमी छ । बर्खामा हिलो र हिउँदमा धुलोले भरिने , धेरै कुलाहरु तर्नुपर्ने र बाटोमा कुकुरको डर हुने भएकोले ३ नम्बर पूर्वबाट साना केटाकेटीहरु शान्ति स्कूलमा पठाँउदैनथे । ज्योति स्कूल पढेका मध्ये शान्ति स्कूल जाने कोहि थिएनन् । दिदि र म एक अर्काको साथि भएर एक

वर्ष हिड्यौ, त्यसपछि विस्तारै अरु पनि थपिए । ७ कक्षा पुग्दासम्म मेरो गाउँ र वल्लोपल्लो गाउँबाट शान्ति स्कूल जाने विद्यार्थीहरुको ठुलै समुह बनिसकेको थियो ।

शान्तिनगर, ४ नम्बरको सानो गाउँ र उस्तै किसिमका विद्यार्थी हुने ठाउँबाट म मणिग्राम जस्तो हुनेखानेहरु बस्ने बजारको स्कूलमा पुगेको थिएँ । मणिग्रामको सडकमा गुड्ने गाडीहरु, साईकलको टिंगटिंग घन्टी, शान्ति स्कूलको विशाल भवन, ठुलो चौर अनि धेरै विद्यार्थीहरु देख्दा म अचम्मित थिएँ । बजारिया विद्यार्थीहरुको दम्भ छुट्टै थियो । मणिग्राम, नयामिल, १२ नम्बर, १० नम्बरका विद्यार्थीहरुको दादागिरी सानो कक्षामा महसुस गर्न सकिन्थ्यो । मलाई गाउँबाट गएको भनेर हेप्न खोज्थे, तर बा त्यहि स्कूलमा कार्यरत भएको र शिक्षकहरुले मलाई चिनेको भएर सिधै दुख दिन भने सकेका थिएनन ।

ज्योति स्कूलमा पढ्दा हामी स्वतन्त्र थियौं । कक्षामा पस्दा सोधेर पस्नुपर्छ भनेर मलाई महसुस नै भएन । शिक्षक कक्षामा हुँदा समेत आँखा छलेर बाहिर भित्र गर्ने गरिन्थ्यो । ३ कक्षाको अन्तिमतिर सरिता मिसले भन्नुभएको थियो-

“तिमीहरु अब ठुला भयौ । अर्को स्कूलमा जानपनि सक्छौ । ठुलो स्कूलमा सर मिसलाई नसोधी कक्षामा जान पाईदैन । म कक्षामा आउन सक्छु मिसरु भनेर सोधेर मात्र कक्षामा पस्नुपर्छ ।”

म एक दुई हप्तासम्म हाफछुट्टीमा बाहेक अरु समयमा कक्षाबाट निस्किन । एकदिन पिशाब लागेकोले दोश्रो पिरियड सकिने बित्तिकै चर्पी गएको थिएँ । हतारहतार पिशाब गरेर फर्किंदा राधिका दिदि (शान्ति स्कूलमा शिक्षिकालाई दिदि भन्ने चलन थियो) कक्षामा पसिसक्नु भएको थियो । म्याडमलाई नसोधी कक्षामा पस्नुहुन्न भनेर सरिता मिसले सिकाएको कुरा सम्झें ।

“ म भित्र आउन सक्छु मिसरु” मैले डराईडराई सोधें ।

कक्षामा सबैजना गलल हाँसे । म लाजले भुतुक्क भएँ ।

राधिका दिदीले मलाई भित्र आउने अनुमति दिएर अरु विद्यार्थीलाई चुप लगाउदै भन्नुभयो- “ म भित्र आउन सक्छु भनेको र मे आई कम मिस भनेको एउटी त हो । किन हाँस्नु पर्योरु”

मिसको कुराले मलाइ सान्त्वना दिएपनि ‘मे आई कम इनरु’ भन्न नजानेकोले निकै लाज भयो ।

मैले ३ कक्षा पढ्दासम्म अंग्रेजी कुन चराको नाम हो भन्ने थाहै थिएन । ज्योति स्कूलमा ३ कक्षासम्म ए बि, सी, डी... केहि पढाईन्थेन । तर शान्ति स्कूलमा १/२ कक्षाबाट नै अंग्रेजी पढाईने रहेछ । गुड मर्निंग स्टुडेन्ट’ भन्ने पहिलो पाठको पहिलो वाक्यले नै मलाई तिरिमिरी बनायो । प्रकाश ढकाल भन्ने एकजना सर हुनुहुन्थ्यो । उहाँले अंग्रेजी पढाउनुहुन्थ्यो । उहाँले सधै स्पेलिंग घोक्न लगाउने, तर मलाई ए,बि,सी,डी.. समेत नआउने भएकोले उहाँको क्लास भनेपछि मलाई रुन मन लाग्थ्यो । इनग्लिश शब्द उच्चारण गर्न नसक्दा र स्पेलिंग बताउन नसक्दा उहाँले निकै कुट्नुहुन्थ्यो । अंग्रेजी नजान्दा मलाई स्कूल जानु नपरे हुन्थ्यो जस्तो लाग्थ्यो । स्कूलबाट भागौँ भागौँ जस्तो लाग्थ्यो । तर म त्यसो गर्न सक्दिनथेँ ।

त्यो बोझिलो पढाईको विचमा एकजना विद्यार्थी देवदुत बनेर आए । ३ कक्षासम्म बोर्डिंग स्कूल पढेर आएको म जस्तै नयाँ विद्यार्थी थिए महेन्द्र नेपाल । उनैले मलाई ए.बि.सी.डी.. र

अंग्रेजी शब्दहरु सिकाईदिए । अंग्रेजी नजानेर कुटिने प्रवृति घट्दै गयो । प्रकाश ढकाल सरको सम्झना छैन, राजनीतिमा लाग्नुभएको थियो रे भन्ने सम्म थाहा थियो । तर कहिल्यै भेट भएन । महेन्द्र नेपालले भने कक्षा ४ मा पढ्दापढ्दै शान्ति स्कूल छोडेर फेरी बोर्डिंग स्कूलमै फर्किए । मेरो अंग्रेजी गुरु बनेर आएका महेन्द्र नेपाललाई स्कूल छोडेर गएको २ वर्षपछि मैले योगीकुटीमा बस्छन् भन्ने पत्ता लगाएँ । एसएलसी पास भएपछी उनीसंग सम्पर्क स्थापित भयो । अहिले बारम्बार भेटघाट हुन्छ । उनका छोराछोरीको शिक्षक बन्ने अवसर मैले पाएँ । महेन्द्रले अहिले मन्टेसरी स्कूल चलाएका छन्, छपियातिर माछा फार्म चलाएका छन् । उनकोमा मिठा माछा पाईन्छन, त्यतातिर जाँदा नपसी भएको छैन । दुनिया घुम्न भ्याउने, तर मेरोमा नआउने भनेर हैरान पारेका छन् उनले ।

’ मे आई कम इन काण्ड’ पछी ४ कक्षा पढुन्जेल म इन्टर्भल बाहेकको समयमा विरलै बाहिर निस्कें । साथीहरु नभएकोले बाहिर निस्कनुको अर्थ थिएन । कक्षामा विद्यार्थीहरुका २/३ गुट थिए । कक्षा खाली भएको बेलामा उनीहरु विचमा झडप भैरहन्थ्यो । एकदिन कक्षा खाली हुँदा म आफ्नै बेन्चमा बसेर

इङ्लिश घोकिरहेको थिएँ । कक्षामा नयामिल र मणिग्रामका केटाहरुविच हानाहान चलिरहेको थियो । त्यहीबेलामा कुनचाहिँले दाउराको झटारो हान्यो । मेरो टाउकोमा चोट लाग्यो । रगत बग्यो । मैले उनीहरुको बदमाशिको बारेमा शिक्षकलाई भनिदिने हिम्मत गर्न सकिन । लडेर चोट लाग्यो भनेर बालाई सुनाएँ । बाले मलमपट्टि गरिदिनुभयो । त्यो चोटको निशानी अहिलेसम्म पनि टाउकोमा छ ।

४ कक्षामा पढदा स्कूलमा कुनै कार्यक्रम चलिरहेको कुनै एकदिन नसोचेको कुरा भयो । म कार्यक्रम हेरेर उभिएको थिएँ । कमल सर आएर मलाई फिल्म हेर्न हिंड् भन्नुभयो । कमलसरले मलाई माया गर्ने भएकोले म अलि झ्याम्मिएको थिएँ । फिल्म हेर्ने दुर्लभ अवसर गुमाउने कुरै थिएन । म कमल सरको पछी लागें । कमल सरको साईकलमा म र अर्को साईकलमा केपीसर भएर फिल्म हेर्न बुटवल गयौ । मैले एक कक्षामा पढ्दा पनि बाआमासँग द्वारिका हलमा गएर फिल्म हेरिसकेको थिएँ- कुनै धार्मिक फिल्म । कमल सरसंग गएर निकै मारधाड भएको फिल्म हेरियो । फिल्म हेरेर फर्केपछि म पनि फिल्म हेरेको छु भन्ने कुरा धेरैलाई सुनाएको थिएँ ।

त्यतिबेला हिन्दि फिल्मका कलाकारका पोस्टकार्ड निकै लोकप्रिय थिए । पैसा हुने केटाहरु पोस्टकार्ड किनेर स्कूलमा ल्याउँथे, आफुसंग कति र कस्ता पोस्टकार्ड छन् भन्ने साथीहरुलाई देखाउथे ।

एकदिन कक्षाका केटाहरुले पोस्टकार्ड हेरिरहेका थिए । मैले पनि हेर्ने अवसर पाएँ । ति पोस्टकार्ड मध्ये एउटामा मैले केहिदिन पहिले हेरेको फिल्ममा देखेको कलाकार पनि थियो ।

"मैले यसलाई चिन्छु.' मैले भने ।

" यसको नाम के हो भन त रु'

"धोबिका औलाद ।" मैले भनें । सबै गलल हाँसे ।

एकछिन म अलमलमा परें-साथीहरु किन हाँसे भनेर । मैले हेरेको त्यो फिल्ममा फिल्ममा दोहोरीरहने एक पात्रले त्यो कलाकारलाई धोबिका औलाद भनेको सुनेको थिएँ । त्यसैले मैले उसको नाम नै धोबिका औलाद होला भन्ने ठानेको थिएँ । पछी कसैले त्यो कलाकारको नाम धोबिका औलाद नभएर मिथुन भएको कुरा सुनायो । म भुतुक्क भएँ ।

चार कक्षा दुखसुखमा कट्यो । साथीहरु खासै बनेनन्, तर मैले स्कूल र परिवेश बुझ्ने मौका पाएँ ।

पांच कक्षामा पुग्दासम्म अंग्रेजीको भुत कमजोर भएको थियो । कमल सरको शिक्षणले गर्दा गणितमा रुची जागेको थियो । घरमा महाभारत, रामायण र सुखसागर अनि दन्त्यकथाका पुस्तकहरु पढिने भएकोले साहित्यप्रति रुची ढल्केको थियो । तर लेख्न भने निकै अल्छी लाग्ने ।

कक्षा ५ मा महेन्द्रमाला विषय दक्षिणा दिदि (म्याडम) ले पढाउनुहुन्थ्यो । उहाले 'यो मेरो देश' भन्ने कविताको 'राईटिंग' लेख्ने गृहकार्य दिनुभएको थियो ।

॥यो मेरो देश, नेपाल हेर , कति छ रमाईलो

यो मेरो देश, नेपाल हेर कति छ घमाईलो .....

यो कविता मैले सार्नुपर्ने थियो । मैले यो मेरो देश नेपाल हेर कति छ रमाईलो भन्ने लेखें । तर मैले एउटी कुरा कति दोहोर्याउनु भनेर अघिल्लो वाक्यमा दोहोरिएका कुराहरुलाई ऐजन ऐजन गरेर पछिल्लो 'घमाईलो' शब्द मात्र लेखें । कक्षामा होमवर्क देखाउने पालो आएपछि मैले दक्षिणा दिदीलाई

होमवर्क देखाएँ । मैले पुरै नलेखेको देखेर उहाँ रिसाएर कक्षामा बसेर तुरुन्त लेखेर देखाउने आदेश दिनुभयो ।

मैले बसेर लेखिरहेको थिएँ । केटाहरुले मलाई घेरेर जिस्काईरहेका थिए । दक्षिणा दिदीले देख्नुभएछ, डेक्समा डस्टर ठोक्दै भन्नुभयो, “ त्यसलाई किन घेरेको रु त्यसै त जोगी, अझ भांड्ग खाएको होला !”

केटाहरु मलाई घेर्न छोडेर आफ्नो बेन्चमा गएर बसे । मैले लेखेर देखाएँ । मनमा एउटा सबाल जन्म भयो-् त्यसै त जोगी, भाड्ग खाएको ’ भनेको के होलारु यो प्रश्नको उत्तर पाउन मैले केहि वर्ष पर्खनै पऱ्यो ।

५ कक्षामा पढ्दा पनि केहि बदमाश सहपाठीहरुको व्यवहारले साह्रै दुख दियो । १२ नम्बर घर हुने २ जना भट्टराई थरका केटाहरु थिए । उनीहरुले कलम चोरेर हैरानी पारे । चोरेको पनि के भन्नु- मेरी सानिमा टिचर हुनुहुन्छ, हामीलाई कसैले केहि गर्न सक्दैन । कसैलाई भनिस भने स्कूल बाहिर कुट्छु भनि धम्काउथे । म डरपोक भएको फाईदा उनीहरुले उठाईरहे ।

त्यतिखेर शान्ति स्कूलका कुनैपनि विद्यार्थीले शंकर नगर-भलबाडीसम्म सार्वजनिक बस चढ्दा भाडा दिदैनथे । त्यहि भएर बस मणिग्राम चोकमा विद्यार्थी छलेर रोक्थे । म जाने ४ नम्बरतिर बस जादैनथे । मलाई पनि निशुल्क बस चढ्ने रहर लाग्यो । शुक्रबारको दिन स्कूल छुटेपछि बस चढेर नयामिल गएँ । त्यहाँबाट अर्को बस चढेर फेरी मणिग्राम गएँ । त्यतिबेला बस ढिलोगरी छुटथे । मणिग्रामबाट फेरी बस चढेर नयामिल जाँदा शुरुमा चढेको बस नै परेछ । नयामिलमा झर्ने बेलामा खलाँसीले 'काम नपाएर बसमा ओहोरदोहोर गर्छस् रु भनेर मलाई ढोकाबाट धकेलिदियो । म ढुन्मुनिदै भुँईमा लडें । खलासीले मेरो ढाकाटोपी लिएर गयो र टाढा पुगेपछि ढोकाबाट फालिदियो । म रुदैरुदै टोपी उठाएर घरतर्फ लागें । त्यसपछि निशुल्क बस चढ्ने नियतले कहिल्यै बस चढीन ।

बस नचढेपनि मेरो स्कूल यात्रा अघि बढिरह्यो ।

३.

सेमराका बतासा र नपाएको साईकल

ं.....हरहर, धडधड..

.....हे मारने कि दबा !

खट्मल मारने कि दबा !..'

महुवारिको पोखरी नजिकको चौपारीमा पुग्दा सेमरा बजारको ढ्वाङ्ग कराएको प्रस्टै सुनिन्थ्यो । बजार आउन लाग्यो भन्ने कुराले मन फुरुंग हुन्थ्यो । महुवारीदेखी दक्षिण सेमरा बजार जाने बाटो थिएन । खेतको आलीबाट हिडेर बर्गदवा गाउँको पूर्वी पुछारमा पुगी हरैया गाउँको पूर्वमा रहेको कुलोको डिलमा अलिकता हिडेपछि सेमरा बजार पुगिन्थ्यो । हिउँदमा त हिड्न सजिलै हुन्थ्यो तर बर्खा याममा भने सेमरा बजार पुग्न ठुलै लडाई जित्नुपथ्र्याे ।

म एक कक्षामा भर्ना नहुदै सेमरा बजार गएको हुनुपर्छ । बजारबाट पूर्वमा सेमरा स्कूल थियो । सरकारले बाँड्ने पोसिलो पिठो र दुध पाउडर लिन आमाले मलाई लिएर जानुभएको थियो ,अनि अर्कोपटक स्कूलभन्दा केहि पर रहेको सेमरा स्वास्थ्यचौकीमा मेरो पिलोको उपचार गर्न मलाई लैजानुभएको थियो । ति दुई यात्राले मलाई सेमरा बजारको रमझम देखाएको मात्र थिएन, सेमरा जाने बाटो पनि बताईदिएको थियो ।

सेमरा बजार अहिले मेरो घरबाट ६ किमी टाढा छ । अहिले यो बाटो एक घन्टामा पैदल हिडेर पुग्छु । तर त्यो बेलामा भने निकै टाढा लाग्थ्यो । पहिले घोला, तपाहा र सातकुला पार गर्दै ४ नम्बर बजार पुग्नुपथ्र्यो । त्यहाँबाट महुवारीसम्म भने बाटोबाट हिड्न सकिन्थ्यो । अर्कोबाटो झुलनिपुर हुँदै महुवारी कुलोको डिलैडिल महुवारी गाउँमा पुगिन्थ्यो । पर्खालले घेरेको दरबार जस्तो लाग्ने मालिकको घर, महेन्द्रको घर र थारुहरुका ससाना टहराहरु थिए । महुवारिमा. जमिन्दार (मालिक)को घरको परिसरमा फलफूलका रुखबिरुवा थिए । मैले सरिफा र सुपारी फलेको देखेको त्यहीं नै हो । महुवारी गाउँको पुछारमा

पोखरी थियो र पोखरीको डिलमा बरपीपल चौपारी थियो । चौपारीमा गाउँका पाका थारुहरु गफिएका हुन्थे, केटाकेटीहरु गुच्चा खेलेको भेटिन्थे । मध्यान्हमा चौपारी नजिक जाँदा मसानले छल्छ भन्ने सुनेकोले केटाकेटी छँदा त्यो पोखरी नजिकको बाटो छिटोछिटो काटिन्थ्यो ।

हरैया गाउँमा जमिन्दारको घर नजिक पुग्दा सेमरा बजारको चहलपहल देख्न सकिन्थ्यो । जमिन्दारको खलियान पुगेपछि हाम्रा पाईलाहरुका गति तीव्र हुन्थे । बजारको पश्चिमी किनारबाट हामी प्रवेश गर्थ्यौ । माछा मासु, तरकारीका पसल फिँजाएर बसेका हुन्थे त्यहाँ । ठुलो इमिलिको रुख थियो, त्यो रुखमा माईकको ढ्वांग राखेर ' हरहर धडधड...' बजाएका हुन्थे । कुनै भारतीय व्यापारीले र रुखको मुनि विभिन्न किसिमका किटनाशक विषादी, मुसा मार्ने विष, तरकारीका विउ फिजाएर राखेका हुन्थे । छेवैको बरको रुखमुनी भाँडा व्यापारीहरु हुन्थे । त्यसबाट पुर्ब खाँबो गाडेर बनाएका र खरले छाएका होचा टहराहरु थिए । ति टहरामा लत्ताकपडा, मरमसला, साबुन सर्फ, र खित्रिमित्रिका पसल थिए । इमिलिको रुखको केहि पुर्ब भेलिका डल्लाको पहाड बनाएर अर्धनग्न भुड़े ब्यापारी ढल्केको हुन्थ्यो

। त्यसको पूर्वतर्फ माटाको भाँडा बेच्ने टमाटाहरु तथा मुरली, गुब्बारा र केटाकेटीका खेलौना बेच्नेहरु बसेका हुन्थे । मेरा लागि खास महत्वपूर्ण पसलहरु भने त्यो बजारको पूर्वी किनारामा थिए ।

भुईमा किताब र पोस्टरहरु फिँजारेर एकजना ब्यापारी बसेको हुन्थ्यो । त्यो व्यापारीले अधिकांश समय पुस्तक र पोस्टरमा लागेको धुलो टक्टकाईरहेको हुन्थ्यो । उ खासै बोल्दैनथ्यो । अक्षर नचिन्दासम्म मलाई ति पोस्टर र पुस्तकको वास्ता थिएन । तर ३ कक्षामा पढ्दा पुस्तक पढ्ने र कथा सुन्ने रस बसेकोले सेमरा बजार जाँदा म एकपटक त्यो पसल अगाडी पुगेर आँखा अघाउन्जेल पोस्टर र पुस्तकहरु हेर्ने गर्थें । किन्ने पैसा त कहाँ हुनु र रु

ठुलो वर्णमाला, तोतामैनाको कथा, मधुमालतीको कथाको पुस्तक मैले पहिलोपटक त्यहीं देखेको थिएँ । विक्रम बेताल र अरु केहि मोटा मोटा किताब पनि हुन्थे । स्वस्थानी ब्रतकथा, सन्तोषीमाताको ब्रतकथा, सत्य नारायण पुजाका किताब पनि पछिल्लो समयमा त्यहाँ देखिन्थे । तुम कब आओगे, स्वागतम, तेरे यादमे भन्ने पोस्टर, दुर्गा, कृष्ण, शिब र हनुमानका फोटोहरु

पनि त्यहाँ खुबै बिक्थे । कुन पाप गरेमा मरेपछि यमदुतले के सजाय दिन्छन् रु भन्ने ठुलाठुला पोस्टर थिए ।

तातो तेलमा दुबैको

ज्युदै आगोमा हालेको

बिच्छिको बिचमा राखेको,

हात्तीले कुल्चेको

फलामे काँडामा सुताएको..... आदि आदि

आबुई ..कस्तो भयङ्कर ! पापीलाई दिएको सजाय हेर्दा पनि जिऊ नै सिरिङ्ग हुने । सायद ४ कक्षामा पढ्दा मैले पापीको त्यो पोस्टर किनेर ल्याएँ । हामी केटाकेटी र छिमेकी पाका मान्छेहरुले पनि हेर्यौ । घरको भित्तामा टाँस्ने भनेर ल्याएको त्यो पोस्टर यति भयङ्कर लाग्यो कि- हेर्दा पनि डरलाग्ने भयो । त्यो पोस्टर कता फालियो याद छैन । तर त्यो पोस्टरले कुनैपनि किसिमका पापकर्म गर्न हुदैन भन्ने सिकायो, त्यो ठुलो उपलब्धि हो ।

पुस्तक पसलको नजिक पुग्दा मन थाम्न नसकिने मिठो सुगन्ध आउथ्यो । त्यो गन्ध हुन्थ्यो लामो टहरामा पकाएका समोसा मटर, पकौदी र जलेबीको । ३/४ वटा जेरी पसल थिए । त्यहाँ तात्तातो जलेबी पाकिरहेको हुन्थ्यो । नजिकै सेता बतासा, खुर्मा, र अरु मिठाईहरू सजाएर राखिएको हुन्थ्यो । मलाई बतासा साह्रै मन पर्ने । आमासँग बजार जाँदा कुँईकँुई गरेर, भुईमा लडिबुडी खेलेर भएपनि बतासा किनेरै छोडिन्थ्यो । मिठाई पसलदेखि उत्तरमा सेमरा कपडा उद्योग लेखिएको घर थियो । त्यहाँ के बन्थ्यो थाहा भएन । त्यसभन्दा पुर्व कनिका, चामल, गहुँ बेच्ने बानियाहरु बसेका हुन्थे । पाल्पाको माथागढ़ी, झडेवा, रहवास, देवगिर क्षेत्रका हटारुहरु उनका मुख्य ग्राहक हुन्थे । आफुले उत्पादन गरेका सामाग्रीहरु बोकेर सोमबारको झिसमिसेमा उनीहरु सेमरा बजार आईपुग्थे । सामान बेच्थे र आफुलाई आवस्यक सामान लिएर फर्कन्थे ।

ˇ माथालिहरुलाई कनिका भए पुग्छ, अरु केहि चाहिन्न ।’ बा आमाले कुरा गरेको सुन्थें । शायद रक्सि बनाउनको लागि उनीहरुले कनिका लैजान्थे होला । हामी दिउसो बजार पुग्दा माथालिहरु भेटिन्थेनन्, तर उनीहरुले बिक्रि गरेका डोको, डालो,

थुन्से, भकारी, सेखु, कुचो, अदुवा, बेसार, पिंडालु, र सिजनका फलफुल तथा तरकारी सेमरा बजारको उत्तरी किनारामा किन्न पाईन्थ्यो । हुल बाँधेर मध्यरातमा मादल बजाउदै झाम्रे गाउदै मद्रहानी नजिक आइपुग्ने माथाली र अरु पाल्पाली हटारुहरुले दिउँसो नहुँदै सुखौरा खोला काटेर उत्तर लागिसकेका हुन्थे । खैरेनीका बजार लाग्न शुरु भएपछी माथालिहरु सेमरा बजार आउने क्रम धेरै घटेको थियो । माडिफाँट र पछी झडेवासम्म गाडी जान थालेपछि हालको माथागढ़ी गाउपालिकाको क्षेत्रका हटारुहरु सेमरा बजार आउने क्रम पूर्णत बन्द भएको छ ।

२ कक्षामा पढ्ने बेलामा रबरमा झुन्डिने माटोको डल्लो केटाकेटीमाझ निकै चलेको थियो (त्यसको नाम के हो भन्ने अहिलेपनि मलाई थाहा छैन, अचेल रबरको त्यस्तै डल्लो भने बजारमा पाइन्छ)। सेमरा बजार जाँदा आमालाई किनिदिन भनें । बजार डुल्दा आमाले वास्तै गर्नुभएन । म कतिखेर भँुईमा लडिबुडी खेल्ने र कतिखेर रुदै उल्टो बाटो दगुर्ने गरेपनि आमाले किनिदिनु भएन । फर्कदा महुवारी आएपछि ‘ ४ नम्बर गैर किनुदिउला ’ भन्नुभयो । म फुरुंग परेर पछी लागें । ४ नम्बर आएर खनालको पसलमा गएर आमाले ’ यसले

टाउकोमा हान्ने डल्लो मागेको छ, दिनुस त' भन्नुभयो । एकछिन पसले अलमल परेँ । मैले नै त्यसको हुलिया बताएपछि निकालेर दिए । आमाले एकसुका तिर्नुभयो । त्यो दिनभर म हातमा रबरमा झुन्डिएको डल्लो हल्लाउदै गाउँ डुलें ।

सेमरा बजारको रमझम र बतासा मलाई खुबै मन पथ्र्याे । तर बजार जाने समय र बतासा खाने पैसा भने विरलै प्राप्त हुन्थ्यो । स्कूल नहुँदा एकदुई पटक केटाकेटी साथीहरु भागेर सेमरा बजार गयाँै । दिनभरी बजार डुल्यौं । पोस्टर दोकानमा गएर पापी र धर्मात्मा, भगवान र हिरो हिरोईनका पोस्टर हेर्यौं । किन्ने पैसा त थिएन तैपनि मिठाई पसले अगाडी गएर उभियौं । उसले हाम्रो ब्यथा बुझेछ क्यारे, एकएक वटा बतासा दिएर पठायो । हामी निकै खुशी भएर फर्कियौ । चालिस वर्षपछि पनि त्यहि ठाउँमै मिठाई पसल छ । बजार जाँदा त्यहि पसल अगाडी गएर उभिन्छु र बालापन याद गर्छु । अचेल हाम्रोपालाको मिठाईवाला चाचा छैनन् । एकजना सानो भाईले जुलेबी पकाईरहेको हुन्छ । मलाई देखेर के चाहियो अंकल भनेको थियो एकपटक । मैले ' बचपन चाहियो.' भनेको

त नबुझेर ट्वाँ पर्यो । पछी उसलाई बाल्यकालको बतासाको कुरा सुनाएँ । दंग पर्यो । पछिल्ला ५ वर्षयता सेमरा बजार वर्षमा ३/४ पटक पुग्ने गरेको छु । गएको बेलामा त्यहि पसलबाट जलेबी, बतासा र खुर्मा ल्याउन भुल्दिन ।

एकपटक आमाले कुरुन्चेली साईलीआमालाई चप्पल किन्न पठाउनुभएको रहेछ सेमरा बजार जाँदा । साईली आमाले चप्पल किनेर ल्याईदिनु भयो । त्यो चप्पल आमालाई अलि साघुरो भयो । साईली आमा र आमा दुवै काममा व्यस्त रहनुपर्ने भएकोले त्यो चप्पल साटेर अर्को चप्पल ल्याउन जान भ्याउनुभएको थिएन । माघको कुनै सोमबार थियो, आमाले मलाई चप्पल साटेर ल्याउन र त्यस बापत खर्च गर्न भनेर एक मोहोर दिनुभयो । म बजार छिटो पुग्ने लालसाले मूल बाटो छोडेर खेतैखेत झुलनिपुर र त्यहाँबाट कुलोको डिलैडिल महुवारी लागेँ । महुवारी पुग्नु अगाडी स्कूले साथि जलेस्वरको घर थियो । उनको बुवा अग्निराज गुरु शान्ति स्कूलमा पढाउने भएकोले हाम्रो घरमा आईरहनुहुन्थ्यो र जलेश्वरको आमासँग समेत पारिवारिक आत्मियता थियो । म जलेस्वरको घरमा गएँ । त्यहिँ जलेश्वर र दिदीसंग खेल्दा दिन गएको थाहै भएनछ ।

ला !.. चप्पल साट्न बजार जानै भुलेछु ।

पानीमा भिजाउने हो भने हातखुट्टा फुल्छ भनेर आमाले गाली गरेको सम्झिएँ । मैले रबरका चप्पल धारामा पानी भरेर डुबाएं । अनि झमक्क पर्दा घर आएँ ।

पानीमा भिजेका चप्पल टिलिक्क टल्किएका थिए. आमाले चप्पल लगाउनुभयो.

" चप्पल त उस्तै साघुरा छन् है ! साटीदिएन र रु" आमाले सोध्नुभयो ।

साटेर अर्को दिएको हो- मैले ढांटे ।

आमाले फेरी लगाउनुभयो र भन्नुभयो- पहिले भन्दा त अलि खुकुलो रहेछ ।

म ढुक्क भएँ, मेरो बदमाशी पत्ता लागेन भनेर । भोलिपल्ट स्कूल जाँदा त्यो एक मोहरले बर्फी मिठाई र सुन्तला मिठाई खाएँ ।

५ कक्षा पढ्दासम्म धेरै पटक सेमरा बजार गईयो । त्यसपछि भने सेमरा बजार टाढिदै गयो । कक्षा ८ मा पढ्दा दिदीले

एउटा चिट्टा किनेकी थिई । चिट्टा खुल्ने स्थान सेमरा बजार थियो । प्रथम पुरस्कार साईकल थियो र त्यहि पाउने आशा थियो । शनिबार चिट्टा खुल्ने दिन थियो । बालाई मनाएर घरको साईकल लिएर दिदि र म पहिलोपटक अहिलेको जागृतिनगरको बाटो हुँदै जम्मानी, सखुई हुँदै सेमरा बजार गयौ । साँझपख बल्ल चिट्टा खुल्ने काम शुरु भयो ।

सान्त्वना....

तृतीय....

द्वितीय....

पुरस्कार पाउने नम्बरहरु सुनाईयो । ति पुरस्कारमा चासो नै थिएन । हामी त प्रथम पुरस्कार साईकल पाउने कुरामा ढुक्क थियौ ।

प्रथम पुरस्कार पाउने चिट्टा नम्बर घोषणा हुन् थाल्यो । उद्घोषकले एक एक अंक रोकिदै भनिरहेको थियो । मेरो मुटुको धड्कन तीव्र भैरहेको थियो । पहिलो, दोश्रो र तेश्रो नम्बर मिलेको थियो । तर चौथो नम्बर बाँकि थियो ।

पुरस्कार पाइने भो भनेर म भिड छिचोल्दै करिब अगाडी पुगें. तर प्रथम पुरस्कार पाउने चिट्टाको चौथो नम्बर भने मिलेन ।

म झन्डैझन्डै बेहोश भईन । दिदि र बोल्ने भक्कानिएका थियौँ । साँझ परेकोले गएको सुनसान बाटो फर्कन सम्भव थिएन । सेमराबाट लामो बाटो मंगलापुर पुगेर मणिग्राम , ४ नम्बर हुँदै झमक्क रात पर्दा दिदि भाई घर आयौं । बाटोमा एक एर्कासंग दुबैजना बोल्न सकेनौ ।

साईकल नपाएको पिडा त छँदैथियो, त्यसमाथि चिट्टा किन्दा ५ रुपैया पनि गुमेको थियो ।

४.

चमकलाको चप्पल र त्यो अधुरो प्रेमपत्र

ˇ ओए बे ! चमकलाले आज अर्थशास्त्र पढ्न जाँदा गेहेन्द्रलाई चप्पलले पड्काई निरु' कक्षामा आउनासाथ पश्पतिले कानमा खुसुक्क भन्यो ।

ˇ किन..रु ' मैले विस्फारित नेत्र बनाउदै उसलाई हेर्दै सोधें ।

ˇलभलेटर दिएको थियो त्यसैले ।' उसले हास्दै भन्यो ।

मेरा कान डम्म भए झैँ भए. मुटुको धड्कन तीव्र भयो । चक्कर लाग्लाजस्तो भयो । कुन बेलामा सुन कुमारी दिदि आउनुभयोरु के पढाउनु भयो र कतिबेला जानुभयो थाहै पाईन । शरीर रन्किएझै भयो । अन्तिम पिरियड सुनकुमारी दिदीले इङ्गलिश पढाएपछी छुट्टी हुनासाथ स्कूलबाट निस्किएँ । कसैलाई नपर्खी पाईला छिटोछिटो चलाएर मणिग्राम पुगें । सधै मणिग्राम ,२ नम्बर, ३ नम्बर हुदै घर आउने म त्यो दिन

मणिग्रामबाट नयाँमिल पुगेर प्रेम नगर हुदै घर आएँ । साँझ बा आएपछि पनि सामुन्नेमा पर्न सकिन । बाले स्कूलको कुनै कुरा नगरेपछि डर केहि शान्त भयो । भोलि डराईडराई शान्ति स्कूल गएँ । गेहेन्द्रसंग भेट भएन । ३/४ दिन सम्म मलाई अज्ञात भयले लखेटिरह्यो । म चमकलाको सामुन्ने पर्दै परिन, एकै कक्षामा पढ्ने भएपनि सेक्सन फरक परेकोले गेहेन्द्रसंग लामो समय भेट नै भएन ।

कहानी सकिएको छैन है ।

स्कूलमा पढ्दा म निकै लजालु थिएँ । ८ कक्षा पढ्दासम्म दिदि, बहिनि र संगै स्कूल जाने उनीहरुका साथीहरु बाहेक म अरु केटीहरुसंग बोलेको यादै छैन । ९-१० मा अलिअलि बोलचाल भयो अनि आईएस्सी पढ्दा कक्षाका ४/५ जना केटिहरुसंग बोलेर किशोरावस्था शुरु भएको थियो । स्कूलमा केटि साथी हुने कुरै भएन । तैपनि मलाई केहि केटीहरुका विशेष गुणले भने बेलाबेलामा आकर्षण गरिरह्यो ।

पाँच कक्षामा पढ्दा नम्रता (नाम भुलेको पनि हुनसक्छ) भन्ने सुन्दर केटि कक्षाकी साथी बनि । मणिग्राम क्षेत्रकी कुनै सम्भ्रान्त परिवारकी सदस्य नम्रतालाई स्कूल ल्याउन र

पुर्याउन उसका नोकर जान्थे । नम्रताको झोला, नास्ता पनि उनीहरुले बोकिदिएका हुन्थे । नम्रताको बा नेपाल सरकारका कुनै उच्च पदमा जागिरे भएको र मामाघर बसेर पढेको कुरा उसले सुनाएकी थिई । ढोकामा नै उसका सुसारेहरू पर्खेर बस्ने भएकोले स्कूल आउने जाने बाटो एकै भएपनि उसंग बाटोमा बोलचाल भएन । थाईकट कपाल काटेकी गोरी,सफा त्यो केटि मलाई दन्त्यकथाकी ' राजकुमारी' जस्तै लाग्थ्यो । उसका अक्षर राम्रा थिए, राम्रो चित्र बनाउथी । सबैभन्दा राम्रो कुरा उसले मलाई अंग्रेजी सिकाउथी । फिल्ममा जस्तो 'लभवाला' फिलिङ्स थिएन, तरपनि उसलाई भेट्दा खुशी लाग्थ्यो । ५ कक्षा शुरु भएको ४/५ महिनापछि उ स्कूल आउन छोडि । शायद आमाबासंग गई होला । एकदुई दिन मलाई उसको अभाव महसुस भयो । त्यसपछि उ सम्झनाबाट क्रमश टाढा हुदै गई । सुन्छु -उ अचेल नेपाल सरकारको राम्रै पदमा जागिरे छ रे । अनुहार याद नभएकोले भेट भए पनि चिन्दिन होला ।

भट्टराई दाजुभाईले निकै सताएपनि पढाईको लागि शान्ति स्कूलको कक्षा ५ मेरा लागि टर्निंग पोइन्ट नै बन्यो । अंग्रेजी, नेपाली र गणित विषयको मेसो त्यहि कक्षामा पाउन सकें ।

शान्ति स्कूलमा मन रमाई रहेको थियो । मनलाई अझ रमाईलो बनाउन एउटी सुन्दर केटि कहाँबाट हो कुन्नि कक्षा ६ को बि सेक्सनमा आईपुगी ।

बिहानी प्राथनामा ॐ या कुन्देन्तुसार हार.... ' गाउन जाँदा मैले पहिलोपटक उसलाई देखें, बिछट्टै राम्री लागी । केटीसंग बोल्न म लजाउँथे, त्यसैले नजिक परेर उसंग बोल्ने, नाम सोध्ने कुरै भएन । उसको र मेरो कक्षा जोडिएका थिए । उसको क्लास टिचर अर्जुन उपाध्याय सर हुनुहुन्थ्यो । उसको नाम पत्ता लगाउनको लागि पहिलो पिरियडमा आफ्नो कक्षामा नगई म बाहिर अलमल गरें । अर्जुन सर कक्षामा गएर ढोका बन्द गरेपछी मैले ढोकाको प्वालबाट कक्षामा चिहाएँ । अर्जुन सरले त रोल नम्बरबाट पो हाजिर गर्नुभयो ।

आफ्नो कक्षा छोडिछोडी गरेको मेहनत खेर पो गयो । तर म पछी हट्नेवाला कहाँ थिएँ र रु रोल नम्बर ५४ भन्ने पत्ता लगाएको थिएँ, त्यो पनि उपलब्धि थियो । बा त्यहि स्कूलमा कार्यरत भएकोले अफिसमा जान मलाई कुनै रोकतोक थिएन । एकदिन अफिस गएको बेलामा कक्षा ६ बि को शुल्क उठाउने रसिद फेला पारें । हतारहतार त्यसलाई लुकाएर बाहिर लगें ।

रोल नम्बर ५४ खोज्दै जाँदा उसको नाम सरिता पोखेल रहेछ भन्ने थाहा भयो । नाम त थाहा भयो, तर रसिदको ठेली चोरेको कुरा अरुले थाहा पाउलान कि भन्ने भयले भने सताईरह्यो । रसिदको ठेली हराउदा अर्जुन सरलाई कम्ति सास्ती त भएन होला है ु

एकदिन स्कूल छुटेपछि उसले थाहा नपाउने गरि उसको पछिपछि लागेर उसको घरको नजिकसम्म पुगें । ड्राईभरटोलमा रहेछ उसको घर । उप्रतिको आकर्षण भने धेर ैदिन रहेन । ६ कक्षामा धेरै केटाहरु साथि बने, उनीहरुसंग निकटता बढी भयो । त्यो सुन्दर केटिको हेक्का नै भएन । कहिले उसले स्कूल छोडेर अर्को स्कूलमा गई भन्ने यादै भएन । बहुमुखी क्याम्पसमा आईएस्सी पढ्न जादा उसैको घर अगाडी साईकल राखेर जान्थँे । कहिलेकाँही उसलाई देख्थे पनि, तर बोलचाल भने भएन । अझ भन्ने हो भने बोलचाल गर्ने, परिचय गर्ने कुनै आकर्षण नै थिएन । मिठो बतास बनेर आएकी थिइ, उसैगरि हराई ।

दामुमामा बेलौतिघारी उत्तर (शारदा स्कूल चोकदेखि दक्षिण) अंधिया गरेर बस्नुहुन्थ्यो । उहाँको पढाई राम्रो थियो । साँझमा

केटाकेटीहरु जम्मा गरेर पढाउनुहुन्थ्यो । मामाघरमा बस्न पाइने र ट्युशन सरह पढ्न पाइने भएकोले म प्रायजसो साँझ मामाघर नै जाने गर्थें । मदन, भेषराज, थप्लुंगे कान्छो, भगवती, माया, अम्बिका, मञ्जु, सावित्री, सरस्वति लगायतका ६ देखि ९ कक्षासम्म पढ्ने केटाकेटीहरु त्यहाँ हुन्थे । समबयी भएकोले सबैसंग बोलचाल हुन्थ्यो. ति मध्ये दक्षिणा (नाम परिवर्तित) संग म नजिकिएको रहेछु । म ९ कक्षामा पढ्दा उ शारदा स्कूलमा ७ कक्षामा पढ्थी । मलाई मिठाई, चकलेट, नूनचुक, अम्बा लुकाएर दिन्थी । उसको मामाघर मेरो गाउ पल्तिर भएकोले प्रायजसो मामाघर आउदा मेरो घरमा समेत पस्थी ।

˘ तिम्रो दक्षिणासंग लभ परेको छ हैरु' साँझ पढिरहेको बेलामा थप्लुंगे कान्छाले खुसुक्क सोध्यो ।

' धत्...' म लजाएँ । अरु कसैले त सुनेन भनेर वरिपरी हेरें, सबै आफ्नै धुनमा थिए । थप्लुंगेले भनेको कसैले थाहा पाएनन् ।

दक्षिणाले मलाई शायरी समेत लेखेर लभलेटर पठाई । मैले पनि जवाफ पठाएँ । ४/५ वटा प्रेमपत्र आदानप्रदान भएपनि भेटमा हामीहरु अरुजस्तै सामान्य व्यवहार गर्दथ्यौ ।

ड्राईभरटोलको गोपिका फोटो स्टुडियोमा गएर उसले आफ्नो रंगिन फोटो खिचाएर रुमालमा बेरेर मलाई दिई. मसंग त्यो फोटो एक दशकसम्म सुरक्षित थियो । ऊ मेरो घरमा आउदा सबैले बुहारी भन्थे, उ र म दुवै लजाउथ्यौ । मैले पनि उसलाई दिन भनेर सन्तोषी फोटो स्टुडियोमा गएर सकेसम्म राम्रो बनेर रंगिन फोटो खिचाएको थिएँ, तर उसलाई दिईन । मामाघर गएको बेलामा र उ आफ्नो मामाघर आएको बेलामा बाहेक अरुबेलामा रहर गरेर भेट्न गईएन. तरपनि उप्रतिको ध्यान अलि बढी नै भएछ क्यारे, कक्षा ९ को पहिलो जाँचमा अप्सनल म्याथ लागेर फेल भएँ ।

ˇ पढाई त राम्रै हुदै रहेछ.' बा ले यतिमात्र भन्नुभयो ।

त्यहि दक्षिणाको कारण मेरो पढाई बिग्रेको हो भन्ने मेरो अन्तस्करणले भन्यो । म पढ्न भनेर मामाघर जान छोडें । भेट हुँदा दक्षिणासंग बोलचाल भने भैरहन्थ्यो । तिमि अचेल बदलिएका छौ भनेर उसले एकपटक पत्र पठाएकी थिई, मैले जवाफ नै दिईन । भेट हुँदा पछिसम्म सन्चो, बिसन्चो सोध्ने बाहेक अरु कुनै कुराकानी हुन्थेन । दश कक्षामा पढ्दा मामाहरु अर्को ठाउँमा सरे, उसका मामाहरु पनि बसाई सरेर बर्दघाटतिर

गए । २०५५ यता त उसंग भेट भएको पनि छैन, संझना दिलाउने तस्विर पनि छैन । अचेल जागिरमा आउदा जाँदा उसको पुरानो घरको बाटो हिड्छु । बैदारनीको घर छेउछाउ, ईन्द्र चोपारी नजिकमा तिनै साथीहरु भेटिन्छन कि भन्ने लाग्छ । मदनको दिदि बाहेक अरु चिनेको कोहि देख्दिन । उहाँसंग पहिलेपनि नबोलेकोले अचेल देख्दा बोल्न धक लाग्छ । 'मदन, सिमा, सावित्रा, दक्षिणा, भोजे, थप्लुंगे, माया, अम्बिका कता छन् होलारु' भनेर सोध्न मन लाग्छ, तर पहिले नबोलेकोले अहिले सोध्न सक्दिन ।

कथा, उपन्यास, हिन्दि मनोरम कहानिया पढ्ने भएकोले कक्षा ८ सम्म म साहित्यमा ढल्किसकेको थिएँ । ६ कक्षा पढ्दादेखी संगैको साथि कृष्ण गौतम पनि साहित्यिक पाराको थियो । हामी शायरी लेख्थ्यौँ, एक अर्कालाई देखाउथ्यौँ । कक्षा ६ मा पढ्दा मैले पहिलोपटक जिल्लास्तरीय कविता प्रतियोगितामा भाग लिइसकेको थिएँ । मैले मिलाएर लभलेटर लेख्न सक्थें । केहि केटाहरुले मलाई १/२ रुपियाँ दिएर लभलेटर लेख्न लगाउँथे र लैजान्थे । ति लभलेटर कहाँ प्रयोग भयोरु त्यसको फाईदा प्राप्त भयो वा भएन भनेर मैले कहिल्यै सोधिन । दक्षिणासंग

टाढिएपनि केटिप्रतिको आकर्षण पुरै बन्द भएको थिएन । कक्षामा दुब्ली पातली, कपाल लामो भएकी गोरी केटि आएकी थिई, इन्डिया बसेर आएकी हो, नेपाली त्यति जान्दिन भन्ने सुनेको थिएँ । सेक्सन फरक भएकोले देखादेख भएपनि बोलचाल भने थिएन । घर आउदा अघिपछि भएर आईन्थ्यो ।

" त्यो केटि क्या राम्री छ बे !' घर आउने बेलामा मैले केटाहरुलाई सुस्तरी भने ।

"हो बे ।' सबैले भने ।

"तैले लभलेटर लेख्न जानेको छस्, लेख न, मैले दिन्छु ।' गेहेन्द्रले भनेको थियो ।

दक्षिणासंगको लभले मलाई क्षति पुर्याईसकेको थियो । त्यसैले त्यता नलाग्ने विचार बनाएको थिएँ ।

गेहेन्द्रले मलाई ट्राई गर्न जोड गर्यो । लभलेटरमा आफ्नो नाम लेख्दा त्यो लेटर अरुले भेटमा बदनामी हुन सक्ने भन्दै उसैले नाम नलेख्न सल्लाह दियो । उसैको आईडिया अनुसार मैले लभलेटर तयार गरेर गेहेन्द्रलाई दिएँ ।

गेहेन्द्रले त्यो केटीलाई मन पराउने रहेछ । त्यसैले त्यो लभलेटर अर्को पानामा सारेछ र प्रेम प्रस्तावकमा आफ्नो नाम राखेछ । चमकला नयाँ भएकोले उसका साथि थिएनन्, प्रायजसो एक्लै हुन्थी । त्यहि मौका पारेर गेहेन्द्रले चमकलालाई लभलेटर दिएको रहेछ । हिन्दि फिल्ममा केटीले केटालाई चप्पल हानेको देखेकी थिई क्यारे, लभलेटर पाउने बित्तिकै चप्पल निकालेर गेहेन्द्रको गालामा हिर्काईछ । त्यो दृश्य १/२ जनाले मात्र देखेछन् । त्यसैले ठुलो हल्लाखल्ला भएन । चमकलाले पनि कसैसंग कम्प्लेन गरिन । घटना त्यत्तिकै सामसुम भयो । धन्न मेरो समेत बद्नाम भएन !

ऊ 'राम्री' मात्र लागेकोले उसको खासै वास्ता पनि भएन । दश कक्षामा पढ्दासम्म आक्कलझुक्कल देखिन्थि, पुलुक्क हेर्थी । नौ कक्षामा २ वर्ष फेल भएपछी उसले स्कूल बदलिछ, क्याम्पस पढ्ने बेलामा मैले उसलाई अर्को स्कूलको ड्रेस लगाएर हिडेको देख्थें । त्यसपछि देखादेख नभएको पनि ३० वर्ष भयो ।

परन्तु त, कथा अझै सकिएको छैन ।

२०७८ सालमा जनगणना सम्बन्धि एउटा अनुसन्धानको फिल्डमा जाँदा एउटा घरमा पुगें । त्यो घरकी महिलालाई कतै

देखेजस्तो लाग्यो । मैले केहि सोध्नु अघि नै उनैले मलाई तपाईको नाम यो हैनरु तपाई फलानो स्कूलमा पढ्नु भएको हैनरु भनेर सोधिन् । मैले पनि उनलाई चिने । उनि चमकलाकी छिमेकी र पछी साथि थिइन् भने मेरो बहिनीकी साथि पनि थिइन् । उनैले चमकलाले गेहेन्द्रलाई चप्पलले हानेको कुरा कोट्याईन् ।

" चमकलाले किन हानेकी थिई थाहा छ तपाईलाई ?' उनले सोधिन् ।

"लभलेटर दिएकोले' मैले हाँसिहाँसी भने ।

खासकुरा तपाईलाई थाहै रहेनछ. -उनले हास्दै भनिन् ।

मलाई खास कुरा के रहेछ भन्ने जान्ने खसखस लाग्यो ।

"चमकलाले तपाईलाई मन पराउने रहिछ, गेहेन्द्रले लभलेटर दिएपछि रिसाएर हानेकी रे !' उनले रहस्योद्घाटन गरिन् ।

म दङ्ग परे ।

" त्यो लभलेटर मैले नै लेखेको थिएँ, तर नाम भने लेखेको थिइन ।' मैले हास्दै सुनाएँ ।

अब दङ्ग पर्ने पालो उनको थियो ।

मेरा स्कूले साथीहरु मध्ये कमैलाई यि कुरा याद होला । सबै केटीहरुको नाम बदलिएको छ है ।

५

... अनि हनुमान बनेर हामफालें

ˇ सिता राम अति पावन..'

.....

शान्ति स्कूलको ठिक सामुन्नेमा सुर्यमणि सरको घर थियो । स्कूलमा पिरियड खाली भएकोले हामी केटाहरु खेल्न निस्किएका थियौँ । खाली पिरियडमा पञ्चायत कार्यालय, शिवालय मन्दिरसम्म घुमफिर गरेर कक्षामा फर्कंथ्यौं । कहिलेकाही त कक्षामा फर्कदासम्म थप एक दुई पिरियड छुटिसकेका हुन्थे । चैत्रको महिनामा स्कूल बिहानी समयमा लाग्थ्यो । बाहिर निस्केर सुर्यमणि सरको घरतर्फ चिहाउदा झ्यालमा थुप्रै मान्छेहरु झुम्मिएको देखियो । हामी केटाहरु पनि दगुरेर गयौ, मान्छेहरुको मुनिबाट घुसेर बल्लतल्ल झ्यालभित्र चिहायौँ । अचम्मै रहेछ. सुर्यमणि सरको घरमा टिभी ल्याएका रहेछन र टिभीमा मैले सेमरा बजारको पोस्टरमा

देखेका जस्तै राम, लक्ष्मण र सिता हिडिरहेका थिए । झ्यालको डन्डी समातेर एकटकले हेरिरह्यौँ ।

कक्षा छोडेर टिभी हेर्न आएको भनेर अरु मान्छेले नलखेट्दासम्म हेरिरह्यौँ । सुर्यमणि सरको झ्याल बाहिर उभिएर टिभीमा रामायण हेरेको दिन थियो २०४३ साल चैत्रको कुनै आइतबार ।

सुर्यमणि सरको घरमा टिभी हेर्नुभन्दा एक वर्ष अघि मैले भैरहवामा टिभी भन्ने अचम्मको जिनिसको दर्शन गर्ने अवसर पाएको थिएँ । भैरहवामा ठुलोबाको मितको घर पुजाको निम्तो मान्नको लागि भैरहवा गएको बेलामा बर्मेली भन्ने एकजना भलाद्मीले पुजामा चकचक गरिरहेका केटाकेटीलाई फिल्म देखाउछु भनेर कारमा राखेर आफ्नो घरमा लिएर गएका थिए । उनको बैठक कक्षमा टिभी सेट थियो । टिभी खोलिदिएर उनि कतै गए । टिभीमा पहिले कुन कार्यक्रम आएको थियो भन्ने थाहा भएन, तर केहि समयपछि खेत खलियाँन भन्ने कृषि सम्बन्धि कार्यक्रम आएको थियो । एक दुई पटक फिल्म हेरेको भएपनि टिभीको बारेमा सुनेको थिइन । टिभिलाई पनि फिल्म हलको पर्दा नै ठानेर हेरेको थिएँ । त्यो जीवनको एक

अविस्मरणीय दिन थियो । मणिग्राम क्षेत्रमा टिभी नआउदासम्म मैले साथीहरुलाई टिभीको गफ गर्न पाएको थिएँ ।

जुन समयमा रामायण नामक धार्मिक सिरियल प्रसारण हुन्थ्यो, त्यसबेलामा मणिग्राम क्षेत्रमा शायद ४ घरमा मात्र टिभी थियो । एउटा श्यामस्वेत टिभी किन्न पनि त्यसबेलामा मणिग्राम क्षेत्रमा एक कठ्ठा जग्गा बेच्नुपर्ने हुन्थ्यो, त्यसैले टिभी किन्नु सबैको सामथ्र्यको कुरा थिएन । आईतबार टिभीमा भगवानलाई हेर्न पाईन्छ भनेपछि हामीले आईतबार हाफछुट्टी पछिका २ पिरियड छोड्न थाल्यौ । रामायण शुरु हुनुभन्दा पहिले नै हामी विद्यार्थीहरु सकेसम्म टिभी भएको कोठामा र त्यो सम्भव नभए झ्यालमा स्थान जमाउन पुगीहाल्थ्यौँ । झ्यालमा यतिधेरै भिड हुन्थ्यो कि, कहिलेकाहीँ आलोपालो झ्यालमा झुन्डिएर् रामायण हेरेर मज्जा लिनु पथ्र्यो ।

रामायणको चर्चा बढ्दै जाँदा मणिग्राममा टिभी राख्नेहरुको संख्या बढ्दै गयो । प्रेममणि, भान्जा बाबु, बसाने सिर, उमादिदी, ज्ञानु, सुवेदी, यज्ञ, शान्ति दिदि र पुरानो सडकमा एकजनाको

घरमा टिभी थपिएका थिए । रामायण शुरु नहुदै जाने हो भने धेरैको घरमा कोठाभित्र बसेरै रामायण हेर्न पाइन्थ्यो । कोठा भित्र भन्ने मात्र हो, यति धेरै ठेलमठेल हुन्थ्यो कि, च्यापिएर दिसा झर्ला जस्तो हुन्थ्यो । तैपनि हेर्न पाउने मान्छेले आफुलाई भाग्यमानि ठान्थे । कहिलेकाहीँ टिभी मालिक आफैले बसेर टिभी हेर्न पाउन्नथे, त्यसबेलामा उनले रिसाएर मेनस्विच अफ गरिदिन्थे । अनि हामीहरु हिस्स परेर हिड्नु बाहेक अरु विकल्प हुन्थेन ।

प्रेममणिको घरमा टिभी हेर्ने पहुँच नै पुग्थेन । सुर्यमणि सर, उमादिदी, शान्तिदिदी, सुवेदी, यज्ञ, भान्जाबाबूको घरको कोठामा बसेर, ढोकामा उभिएर, झ्यालमा झुन्डिएर रामायण हेरियो । रामायण हेरेर रामायण नाटक खेल्ने योजनामा बन्यो ।

गाउँमा ठुलोबाको लामो खाली गोठ थियो । त्यहि गोठमा छरछिमेकका केटाकेटीहरुले धुमधामले नाटकको तयारि शुरु गर्यौं । रामायणको कथा सुनेर हुर्केको र टिभीमा हेरेको आधारमा कसले के रोल खेल्ने भन्ने कामको बाँडफाँड गर्यौं. मैले हनुमानको रोल गर्ने भएँ । हनुमानले बोक्ने जस्तै काठको गदा बनाएँ । गोठको आँटी (माथिल्लो तला) छापेको थिएन,

त्यसलाई उक्काएर प्वाल बनाएर जय श्रीराम भन्दै हनुमान माथिबाट तल झर्ने र यसले गर्दा हनुमान उडेको जस्तो देखिने मेरो ठहर थियो । एकपटक रिहर्सल गर्दा म माथिबाट पछारिएँ । मैले हनुमान नबन्न अनेक बहाना निकालें । अरुले पनि हनुमान बन्न खोजेनन् । त्यसपछि रामायण नाटक देखाउने योजना तुहियो ।

२०४४ सालदेखि नै दूरदर्शनबाट महाभारत प्रशारण शुरु भयो. महाभारत आउने बेलासम्म ४ नम्बरमा ३ घरमा, चपरहट्टिमा कप्तानको घरमा, शारदास्कूलमा प्रेम बहादुरको घरमा, कपिल टोलमा कृष्ण सरको घरमा टिभी सेट आइसकेका थिए । रामायणले लत बसालिसकेको थियो । विद्यार्थीहरु मात्र हैन, शिक्षक पनि महाभारत आउने दिनमा स्कूलमा ढिलो जान्थे । त्यसैले आईतबारको दिनमा ११ बजे क्लास शुरु गर्ने र शुक्रबार ३ बजेसम्म (बिहानी पढाईमा भने आईतबार ९ बजे नै छुट्टी दिईन्थ्योे)पढाउने व्यवस्था स्कूलले मिलायो ।

म..हा..भारत..

महा...भारत.. महा...भारत कथा

अथ श्री महाभारत कथा

कथा है पुरुषार्थ कि .. ये सारथ कि परमार्थकी

सारथी जिसके बने श्रीकृष्ण भारत पार्थकी ..

यस्तै केहि भनेर शंख बजाएपछी कोठा र वरिपरको माहौल शान्त हुन्थ्यो । जति भिडभाड भएपनि टिभीको बाहेक अरु आवाज सुनिन्नथ्यो । ऋषिको आकृतिमा घुम्दै आउने पृथ्वी जस्तो डल्लो अनि ब्याकग्राउण्डमा बज्ने 'मै समय हुँ ..' भन्ने ओजदार आवाज अहिलेपनि कानमा गुन्जिरहन्छ ।

महाभारतले टिभी हेर्ने बानी मात्र बसालेन, धर्म र संस्कृति प्रति पनि रुची जगायो । महाभारतका पुस्तक दोहोर्याएर पढें अनि गीता पढ्ने बानी बस्यो । अहिलेपनि गीता पढ्दा कठिन सस्कृत शब्दहरु आउँदा अलमलिनु पर्दैन ।

स्कूल हुने दिनमा त मणिग्राममा कसै न कसैको घरमा गएर महाभारत हेरिन्थ्यो, तर आईतबार स्कूल बिदा भएको दिनमा भने महाभारत कहाँ हेर्ने भन्ने तनाव हुन्थ्यो । चार नम्बर नेत्र दाईको घरमा पनि टिभी थियो, तर त्यहाँ गईएन । नजिक भनेको चपरहट्टि कप्तानको घर थियो । त्यहाँ कप्ताननी आमै

निकै कडा । 'तिमीहरुलाई हेर्नलाई टिभी किनिदिएको हो र रु ' भनेर गाली गर्दै विचमै टिभी बन्द गरिदिने गर्थिन कप्ताननी आमैले । २/३ पटक गाली खाएरै पनि टिभी हेरियो । त्यसपछि भने हेर्न गईएन ।

टिभीमा अरु कार्यक्रमहरु आउने भएपनि महाभारत बाहेक अरु खासै हेर्ने अवसर मिलेन । स्कूल पढ्दा एक दुई पटक आईतबार बिहान सबा ८ बजेदेखि शुरु हुने रंगोली कार्यक्रम हेरेको थिएँ । हिन्दि फिल्मका गित प्रसारण हुने त्यो कार्यक्रमको उद्घोषक हेमा मालिनीको आवाज निकै मन पर्ने ।

२०४७ साउनमा इराकले कुवेतमा आक्रमण गर्यो । त्यो खबर ४ नम्बरमा बाबुराम सरको दाईको घरमा गएर उनको नयाँ रंगिन टिभीमा हेरियो । टिभीमा युद्दका दृश्यहरु हेरेका सबैले अब विस्वयुद्ध हुने भयो, विश्व ध्वस्त हुने भयो भनेर सबैले अनुमान लगाए । समाचार हेरेको र पाकाका कुरा सुनेको म पनि संसार ध्वस्त हुने कुराले निकै डराएँ । एक सातासम्म म लगभग साँझ खाना खाएपछी हरि ज्ञवालीको घरमा युद्दको खबर हेर्न गएँ । मन डराईरह्यो, तर संसार ध्वस्त भएन ।

पंचायति व्यवस्थाको अन्त्यपछि छोटो समयमै नेपाल अधिराज्यको संबिधान २०४७ तयार भएको थियो । राजा बिरेन्द्रले संबिधान जारी भएको घोषणा गर्ने कार्यक्रम रेडियो नेपाल र नेपाल टेलिभिजनबाट प्रत्यक्ष प्रसारण गर्ने समाचार रेडियो नेपालबाट आएको थियो । अहिलेको प्रगति चोक दक्षिण जेपी कंडेल दाईको घर थियो । दाई प्राविधिक समेत भएकोले उहाँले घर अगाडिको अग्लो पिपलको रुखमा अग्लो एन्टेना लगाएर नेपाल टेलीभिजन टिप्ने बनाउनु भएको छ भन्ने सुनेको थिएँ । त्यसैले संबिधान जारि हुने कार्तिक २३ गतेको दिनमा तोकिएको समयमा म जेपी दाईको घरमा गएँ । नेपाल टेलिभिजनको प्रसारण आएको थियो । आवाज सुनिएपनि दृश्य भने झ्यार झ्यार आयो । एकपटक राजा बिरेन्द्र झुलुक्क देखिए । त्यसपछिको दृश्य भने स्पष्ट देख्न पाईएन । तरपनि राजा बिरेन्द्रको ' दुई हजार सत् सतचालिस सालको संबिधान जारि गरिबक्सेका छौं..' भन्ने आवाज भने सुन्न पाईयो । त्यो आवाज अहिले पनि कानमा गुञ्जीरहन्छ ।

त्यसपछि त नेपाल टेलिभिजनको युग शुरु भयो ।

नेपाल टेलिभिजनमा गिताञ्जली कार्यक्रम प्रसारण हुन्थ्यो (शायद मंगलबार) । नेपाली फिल्मका गित बज्ने त्यो कार्यक्रममा कसको गित बज्छ भनेर बाजी/ चिट्टा खेलाइन्थ्यो । एकपटक मैलेपनि एक रुपियाको चिट्टा किनेको थिएँ । मैले गितान्जली कार्यक्रम हेर्न पाईन । केटाहरुले तैँले भनेको कलाकारको गित देखाएन भनेर मेरो एक रुपिया हजम गरे । दामु मामाको घरमा पढ्न गएको बेलामा एकपटक प्रेम बहादुरको घरमा समेत गिताञ्जली हेर्न पुगेको थिएँ । त्यो बेलामा गित हेर्नुभन्दा पनि भर्खरै लभ परेकी दक्षिणासंग हिड्ने बहाना मात्र थियो (दक्षिणासंगको प्रेमप्रसंग गत साता प्रकाशन भैसकेको छ) ।

२०४८ सालतिर ४ नम्बरमा अलिक टिभी थपिए । मेरो गाउँमा भने कसैको घरमा टिभी थिएन । त्यसैले ४ नम्बर पुगेर ४/५ पटक शुक्रबार राती दुरदर्शनबाट प्रसारण हुने हिन्दि फिल्म समेत हेरियो । अहिले जस्तो सयौँ च्यानल त्यतिबेला थिएनन् । पहिले दूरदर्शन र पछी नेपाल टेलिभिजन पनि थपिएको थियो । टिभी हेर्नको लागि अग्लो एन्टेना राख्नु पथ्र्यो । च्यानल राम्ररी नसमात्दा झ्यारझ्यार आईरहन्थ्यो । त्यसैले

बारम्बार एकजनाले एन्टेना मिलाईरहनु पश्र्याे । एन्टेना मिलाउनको लागि बलियो र सोझो केटालाई पठाइन्थ्यो ।

आयो ?.....

अलि उता घुमा त..

भएन, झ्यारझ्यार आयो...

भयो ,भयो आइज....

ए.. फेरी गयो. ..

भित्र बसेको मान्छेले टिभी हेर्दै चिच्याउँथ्यो, झ्याल बाहिर उभिएकाले छानोमा, छतमा वा रुखमा चढेर एन्टेना मिलाईरहेको मान्छेसंग सम्बाद गरिरहन्थ्यो । कहिलेकाही भित्र बसेकोले भएन..भएन.. भन्दै मज्जाले टिभी हेश्र्याे र अन्तिममा बल्ल भयो आईज भनेर तल टिभी हेर्न बोलाउथ्यो, त्यतिबेलासम्म हेर्न खोजेको कार्यक्रम सकिएको हुन्थ्यो ।

६.

साईकलमा सात चक्कर

कुमारी कूलोको धुरा (काठले बनाएको सानो पुल)बाट भर्खरै साईकल चलाएर जाँदा एउटा मान्छे लोटेर मरेजस्तै भएको थियो, सबैले लड़ियामा राहेर अस्पताल लगे रे ! शिबपुर स्कूलको चौरमा फुटबल गेम हुदैछ भनेर ठुला केटाहरुको पछी लागेर चार नम्बरदेखि शिबपुर जाँदै गर्दा अहिलेको जागृती नगर (त्यतिबेलामा चुरेटाको घर भन्थ्यौँ) पुग्ने बेलामा कसैले सुनायो । साईकल भन्ने सुनेको भएपनि त्यतिबेलासम्म मैले साईकल देखेको थिईन । सुन्ने बित्तिकै हामी केटाहरु घटना भएको भनिएको ठाउँतर्फ दगुर्यौँ । भर्खरै खनिएको बाटोमा धुलोको बाक्लो पत्र थियो, हामी दगुर्दा धुलो उडेर माथि आयो र हामीसंगै दगुर्यौँ ।

घटनास्थल पुग्दा घटनाको वर्णन गरिरहेका केहि मान्छेहरु थिए । उनीहरुले लडेको मान्छेलाई के भयो भन्ने भन्दा पनि

साईकल कस्तो थियो भन्ने वर्णन गरिरहेका थिए । बत्ति समेत बाल्ने भएको टिलिक्क टल्किने साईकलमा एउटा मान्छे दगुर्दै आएको, पुलबाट खसेको, मान्छे बेहोस भएको तर साईकल केहि नभएको, साईकल र मान्छेलाई लड़ियामा राखेर भर्खरै पठाएको चर्चा थियो ।

थुक्क ..! अलि चाँडो आएको भए त साईकल हेर्न पाईने रैछ नि ! मेरो मनले यसो भन्यो । अरु केटाहरुले पनि मनमनै त्यस्तै भनेका थिए होलान् ।

साईकल देख्न नपाएको थकथकी बोकेर शिबपुर गईयो । खेल कसले जित्यो, कसले हार्‍यो भन्ने मतलब भएन । दिमागमा त्यहि हेर्न नपाएको साईकलको चित्र बनाउने कोशिस चलिरह्यो । त्यो एक कक्षामा भर्खर भर्खर पढ्न शुरु गर्दाको कुरा थियो ।

त्यसको झन्डै एक वर्ष नपुग्दै गाउँमा साइकल दगुर्न थाल्यो । कहिलेकाही एउटा मानिस ड्राइभरटोलदेखि साइकल चलाउदै हाम्रो गाउँहुँदै पूर्वतिर लाग्थ्यो । चपरहट्टीका केटाहरु साईकलको पछी दगुर्दै हाम्रो गाउँसम्म आउँथे । त्यसपछि साईकलको पछी दगुर्ने, साइकल छुने सौभाग्य हामीलाई प्राप्त

हुन्थ्यो । त्यो सौभाग्य पनि अलि ठुला केटाहरुले खोसिदिन्थे । बाटोमा लड़ियाले बनाएका डोबहरुमा धुलो भरिएको हुन्थ्यो । साइकल चलाउनेलाई त्यसैपनि असहज भएको बेलामा साइकलको पछी दगुरेका केटाहरुले साइकल तानिदिदा साईकल लर्खराउथ्यो । अनि साइकल चालक साइकलबाट ओर्लेर केटाकेटिहरुलाई झपाथ्र्याे । ज्योतीनगरको टिकुलीको रुखसम्म हाम्रो अधिकार क्षेत्र थियो । त्यसउता साईकलको पछी दगुर्न त्यहि गाउँका केटाहरु हुन्थे वा हाम्रै गाउका अलिक ठुला केटाहरु साईकलको पछी दगुर्दै दिपनगरसम्म पुगेर फर्कन्थे । अनि केटाकेटीहरु माझमा कसले कतिपटक साइकल छुन पायो भन्ने कुराको चर्चा चल्थ्यो ।

तीन कक्षामा पढ्ने बेलामा चार नम्बरमा फाट्टफुट्ट साइकल देखिन थालेका थिए । साइकल चलाएको मान्छे देख्दा लोभलाग्दो गरेर हेरिन्थ्यो । त्यहि ताका बासँग मणिग्राम गएको बेलामा धित मर्ने गरि साइकल मुसारेको थिएँ मैले । चार कक्षामा शान्ति स्कूलमा पढ्न जाने बेलासम्म पनि मैले साइकल चढ्ने अवसर पाएको थिइन । शान्ति स्कूलमा चार कक्षामा पढिरहेको अवस्थामा कमल सरले साइकल चढाएर

फिल्म हेर्न लैजानु भएको थियो । त्यो नै मेरो पहिलो लामो साइकल यात्रा थियो ।

शान्ति स्कूलका केहि सरहरुले साइकल किन्नुभएको थियो । कहिलेकाही कमल सर, खुम प्रसाद सर लगायतका सरहरू साइकल लिएर हाम्रो घरमा आउनुहुन्थ्यो । त्यो बेलामा साइकल डोऱ्याउन समेत पाइन्थ्यो । एकपटक कुनै सर साइकल लिएर हाम्रो घरमा आउनुभएको थियो । बा खेतमा हुनुभएकोले साईकल आगनमा अड्याएर सर खेतमा जानुभयो । दिदि र मैले साइकल डोऱ्याउदै अलिक परसम्म पुग्यौ । साइकल चढ्ने रहर भयो । उकालोमा साइकल अड्याएर म सिटमा बसें, दिदीले साइकल धकेलिदीई ।

सरर.. आहा...

उडेको जस्तै भयो । रोमान्चकताको सिमा नै रहेन ।

धड्याम... ऐया ...

साइकल सहित म कुलोमा बजारिएँ । खुट्टामा चोट लाग्यो । दिदीले साइकल तानी र साईकल मुनि थिचिएको म पनि

बल्लतल्ल उठें । धन्न साइकलमा कुनै क्षति भएको रहेनछ । साइकल डोऱ्याउदै थपक्क आगनमा राखिदिएर कतै लुक्यौं ।

२०४३ सालतिर बा ले साइकल लिनुभयो । असारदेखि भदौसम्म घरसम्म साइकल लैजान सम्भव थिएन । गाउँ पुग्ने बाटोमा बर्खायाममा ठुलाठुला गडाहा बन्ने र बाँकि बाटोमा पनि घुँडासम्मको हिलो हुने भएकोले एक किमी टाढाको मुक्ति दाईको घरमा वा जेपी कंडेल दाईको घरमा साइकल राखेर कुलोको डिल हुँदै घर आउनु पथ्र्यो । बर्खा हटेपछि भने घरसम्म साइकल पुग्थ्यो । त्यहि मौकामा साइकल कैची चलाउन प्रयास गरियो । पछाडिबाट दिदीले साईकल समातिदिएपछि डन्डी बीचबाट खुट्टा छिराएर एउटा हातले हेन्डिल र अर्को हातले साईकलको विचको फ्रेम समातेर आधा पाइडल घुमाएर साईकल दगुराउन थालँे । पछाडिबाट कसैले अड्याईदिएको छ भने मज्जाले चलाउन सकिन्थ्यो, तर पछाडी कसैले अड्याई दिएको छैन भन्ने आभास हुनासाथ साईकल लड़िहाल्थ्यो । यसैगरी दर्जनौ पटक साईकल लडाएर, हात खुट्टामा अनेकै चोट बोकेर साईकल कैंची चलाउन सिकियो । कैंची चलाउन जानेपछि त संसार नै जितेजस्तो भयो ।

६ कक्षामा पढ्दा स्कूलको पेपर बनाउन भनेर केहि दिनको लागि बा गोरखपुर जानुभयो, साइकललाई सुरक्षित किसिमले चलाउने अधिकार मलाई दिएर । मलाई आफैले साइकल चलाएर लामो यात्रा गर्न मन थियो । स्कूल गएर आउँदा करिब ४/४ किमी मात्र यात्रा गर्न सकिन्थ्यो । त्यसैले मैले लामो बाटो रोजें । स्कूल छुट्टी भएपछी साइकल कैंची चलाएर मणिग्रामबाट १२ नम्बर, १० नम्बर, ड्राईभरटोल नयाँमिल हुँदै घर आएँ । साइकलमा म मात्र थिइन, अगाडी डन्डी र पछाडिको क्यारियरमा समेत एक एकजना साथि बोकेर हिंडेको थिएँ । त्यो ४/५ दिनमा मैले मज्जाले साईकल चलाउन पाएँ । एकदिन साइकल चलाएर १२ नम्बर जाँदा एउटा कतिले 'यत्रो ठुलो भएर पनि कैची चलाउने' भनेर भनेपछि सिटमा बसेर साईकल चलाउन प्रयास गरें । २/४ पटक लडेपछि सिटमा बसेर साइकल चलाउन सकियो । साईकल अग्लो र म फुच्चे भएकोले पैदल आधा मात्र खुन्चाउन सक्थें ।

खच्यांग .. खच्यांग...

२०४५ सालमा भारतले नाकाबन्दी लगायो । त्यो नाकाबन्दी मलाई साईकल चलाएर घुम्ने अवसर लिएर आएको रहेछ ।

करहिया गाउँ पंचायतले एक लिटर मट्टीतेल र एक किलो चिनीको कुपन दिएको थियो, त्यो लिनको लागि कोटिहवा जानुपथ्र्यो । बाको सम्पर्कले गर्दा अन्चलाधिस कार्यालयले १५/१५ दिनमा ५ लिटर मट्टीतेल र ५ किलो चिनीको कुपन दिएको थियो, त्यो लिनको लागि बुटवल पुग्नुपथ्र्यो । घरमा बिजुली भएकोले मट्टीतेल आवस्यक थिएन । तैपनि मट्टीतेल ल्याएर ब्ल्याकमा बेच्दा ३ गुणासम्म फाईदा हुने र त्यो पैसा आफैले राख्न पाईने भएकोले म मट्टीतेल र चिनी लिनको लागि जान्थेँ । बुटवल र कोटिहवा जाँदा साइकल चलाउन पाइन्थ्यो. करिब एक वर्षसम्म बाको साईकल चलाउन पाएको बेलामा मैले कोतिहवादेखी बुटवलसम्मका अधिकांश वस्तीहरुमा घुम्ने मौका पाएँ ।

एकदिन बाले साईकल मणिग्राम रायमाझीको साइकल पसलमा मर्मतको लागि छोड्नु भएको थियो । भोलिपल्ट बिहानै सुनवल जानुपर्ने भएकोले बाले अघिल्लै दिनमा साइकल लिएर आउन मलाई भन्नुभयो । मैले साइकल लिएर आउदै थिएँ, प्रेम नगर नजिक बाटोमा केटाहरुले भुरुंग खेलिरहेका थिए । मैले हिरोगिरी देखाएर भुरुंगको बीचबाट साइकल कुदाएँ । चक्कामा

भुरुंग गड्यो । पन्चर भयो । म रुनु न हास्नु भएँ । पन्चर टाल्न मणिग्राम जाने बुद्धि नै आएन । हातमा भुरुंग समातेर साइकल डोर्याउदै घरमा आएँ । साइकल पन्चर हुनुको यथार्थ कारण बताएँ । बाले गाली गर्नुभयो र राति नै साइकल डोर्याउदै मणिग्राम जानुभयो र बनाएर ल्याउनुभयो । भोलिपल्ट बिहानै त्यहि साइकलमा चढेर म पनि बासँग सुनवल, बिशासय नेपाने ठुलोबाको घर जाने अवसर पाएँ । त्यो मेरो लामो साईकल यात्रा थियो ।

२०४७ सालमा हाम्रो माईलो नाम भएको गोरु हरायो । त्यो समयमा गोरुको ठुलो महत्व थियो । निकै बलियो र आज्ञाकारी गोरु हराउनु ठुलो क्षति थियो । गोरु खोजीको लागि साबिकका करहिया, मक्रहर, केरवानी, देवदह, शंकर नगर, आनन्दवन र बुटवलका केहि वस्तिहरुको चक्कर काटियो । बासँग कतै पैदल र कतै साइकलमा यात्रा गरियो । त्यहीबेलामा मैले सुखौरा क्षेत्रका पुरातात्विक संरचना, देवदहका संरचना, थारु वस्तीका सम्पदाहरु, केहुली गाउँ, मुढाबास, चरंगे गाउँ घुम्ने, बुझ्ने मौका पाएँ । गोरु खोज्ने बहानामा एक

वर्षसम्म कैयौपटक म एक्लै साइकल चलाएर विभिन्न वस्तीहरुमा पुगेको मिठो सम्झना अहिलेसम्म ताजै छ ।

२०४६ सालतिर नेपाने कान्छी आमाले भाई हरिलाई साईकल किनिदिनुभयो -स्कूल जान सजिलो हुन्छ भनेर । उसले साइकल चलाउन नसिकुन्जेल मैले त्यो साइकल चलाएर हरि भाईलाई बोकेर स्कूल आउने जाने मौका पाएँ । त्यसैगरी रुद्रहरी मामाको नयाँ साइकल पनि उहाँले साइकल नसिक्दासम्म मैले चलाउने अवसर पाएँ ।

१० कक्षामा पढ्दा २०४८ सालमा बाले मलाई साइकल दिनुभयो । सेन्टअप दिएपछि बिहान कोचिंग पढ्न जानुपर्थ्यो । पुसको महिनामा बिहान ५ बजे निकै अँध्यारो हुन्थ्यो । साइकल चलाएर स्कूल पुग्न निकै गाह्रो हुन्थ्यो । साइकलमा डायनामो राख्न सक्ने हाम्रो सामर्थ्य थिएन । साइकल पसलबाट केहि कवाडी सामाग्रीहरु ल्याएर २ दिन लगाएर साइकलमा टर्चलाईट राख्ने होल्डर बनाएँ । त्यसले स्कूल जान निकै सजिलो बनायो ।

एसएलसी दिएपछि ४/५ महिना फुर्सद थियो । त्यो समयमा मैले साइकलको भरपुर उपयोग गरेँ । पश्चिममा दानो नदीदेखि

पूर्वमा परासीसम्मका धेरै गाउँ वस्तीहरुमा डुलेँ । अहिलेजस्तो बाटोघाटो त्यतिबेला थिएनन. साइकल डोर्याएर, साइकल बोकेर समेत हिड्नु पर्थ्यो. साइकललाई निकै जतन गरिन्थ्यो । बुटवलमा बीएस्सी पुरा गर्दासम्म मैले साइकल नै चढेँ । क्याम्पस पढ्दा किनेको बिएसए साइकल अहिलेपनि साथैमा छ ।

साइकल चढ्ने क्रम अहिले पातलो भएको छ । तर साइकलले बनाएका सम्झनाहरु अहिलेपनि बाक्लै छन् । साइकल नहुँदो हो त मैले गाउँ समाज कसरि चिन्न पाउथे होला? मैले टाढाको क्याम्पसमा पुगेर कसरि पढाई पुरा गर्न पाउँथे होला ?

७.

गिर्वाण स्कूलको धन्नेपर्वत र हलुवाको पर्खाई

गिर्वाण स्कूलको छेवैको सरस्वती पाञ्चायतन मन्दिरमा हरेक वर्ष जाडो याममा महायज्ञ हुन्थ्यो । महायज्ञमा बाहिरबाट आएका कुनै महात्माले प्रवचन दिने गर्थे । कतिदिन महायज्ञ चल्थ्यो भन्ने याद त छैन, तैपनि १०/१२ दिन चल्थ्यो जस्तो लाग्छ । मुख्य प्रवचन स्थल छेउछाउमा अरु मण्डपहरुमा पुजा चल्थ्यो । मुख्य मन्दिरको दक्षिणमा राम, लक्ष्मण र भारतको आकर्षक मुर्ति भएको सानो मन्दिर थियो अनि मन्दिरको छेवैमा भण्डार र भोजनालय थियो । त्यसको पश्चिमतर्फ महायज्ञ प्रयोग हुने दाउरा थुपारिएको हुन्थ्यो । मुख्यद्वारको सामुन्नेमा गिर्वाण स्कूलको चौरको लगभग विचमा धानको ठुलो थुप्रो रहेको हुन्थ्यो । धान थुपार्ने ठाउँमा काठको मौलो गाडिएको हुन्थ्यो । शुरुका दिनमा मौलो देखिन्थ्यो । जतिजति यज्ञको रौनक बढ्दै जान्थ्यो, उतिउति गाउँगाउँबाट बोकेर, गोरु गाडामा भक्तजनहरुले बोराका बोरा धान बोकेर ल्याउथे ।

धानको रास बन्दै जान्थ्यो । मौलो धानले पुरिदै जान्थ्यो । दुईसय मुरी धान भयो होला, तीनसय मुरी धान भयो होला भन्दै मानिसहरुले अनुमान लगाउँथे । छेवैमा चामलको पनि ससानो रास (थुप्रो) हुन्थ्यो । महायज्ञमा हुने प्रवचन, साँझको भजन किर्तन तपशिलका कुरा थिए । त्यहाँको मुख्य रौनक र चर्चाको विषय धानको रास वा पर्वत हुन्थ्यो । त्यहि धानको पर्वतलाई आधार बनाएर महायज्ञको नाम नै धन्ने पर्वत भनेर परिचित थियो ।

अहिलेको तिलोत्तमा नगरपालिकामा रहेका सबै वस्तीहरुमा खेतीपाती नै मुख्य काम हुन्थ्यो । मंसिरमा सबैजसोले धानको खराई राखिसकेका हुन्थे । अहिले जस्तो तत्कालै धान चुट्ने चलन थिएन । सबैजसो किसानहरुले धन्ने पर्वतमा चढाउनको लागि भनेर छुट्टै धान चुटेर भाग लगाउथे । मणिग्रामदेखि ५०० मि. पूर्वको गिर्वाण सरस्वति स्कूलमा पुस माघमा धन्ने पर्वत हुन्थ्यो । गाउँगाउँबाट धान बोकेर धन्ने पर्वतमा जानेहरुको लस्कर लाग्थ्यो । त्यसबेलामा मणिग्राम सेरोफेरोका

वासिन्दाहरुलाई जोड्ने, भेटघाट गर्ने र धार्मिक माहौल बनाउने काम गिर्वाण स्कूलको धन्ने पर्वतले नै गर्दथ्यो ।

हाम्रो गाउँबाट पनि छरछिमेकका सबै परिवारबाट धानका बोरा बोकेर धन्ने पर्वत जाने गर्दथे । फुर्सद निकालेर प्रायजसो आमाले धान बोकेर जानुहुन्थ्यो हामी केटाकेटीहरु आमाको पछि लागेर धन्ने पर्वत जान्थ्यौ । हुन त आमासंग नगएपनि धन्ने पर्वत शुरु भएपछी ४/५ पटक गाउँका केटाकेटीहरु जम्मा भएर धन्ने पर्वत पुग्ने गर्दथ्यौ । धन्ने पर्वत जानुको मुख्य उद्देस्य हुन्थे- मन्दिरमा भेटिने पैसा र साँझमा बाँडिने प्रसाद अर्थात हलुवा ।

खेतीपाती राम्रै हुने भएकोले गाउँका कुनैपनि केटाकेटीलाई खान लाउनको लागि दुख थिएन तर केटाकेटीको लागि ५/१० पैसा देख्न पाउनु पनि दुर्लभ हुन्थ्यो । बाआमासँग केटाकेटीले फुर्माईस गर्नको लागि पैसा माग्ने हिम्मत नै हुन्थेन । धन्ने पर्वतमा भने प्रवचन हुने स्थानदेखि धानको थुप्रोसम्म अनि सितारामको मन्दिरसम्म भक्तजनहरुले ५/१० पैसादेखि एक रुपियासम्म चढाएका हुन्थे । केटाकेटीले पैसा लैजान्छन् भनेर धन्ने पर्वत र पुजाका मण्डपमा महायज्ञको व्यवस्थापनमा

खटिएका मान्छेहरुले बारम्बार हामी केटाकेटीलाई लखेटीरहन्थे । त्यहाँ पैसा टिप्ने कुनै चान्स नै हुन्थेन । मुख्य मन्दिरको दक्षिणमा रहेको सानो रामसीताको मन्दिरमा भने भक्तजन र मन्दिरका मान्छेहरुको ध्यान कम जान्थ्यो । मन्दिरमा २/४ वटा सिक्का मात्र हुन्थे । मन्दिरको ढोका खुला भएपनि त्यहाबाट मन्दिर भित्र पसेर पैसा निकाल्ने हिम्मत कुनैपनि केटाकेटीको हुदैनथ्यो । त्यसैले पछाडिको झ्यालबाट हात छिराएर वा सानो लठ्ठीले तानेर सिक्का निकाल्ने प्रयास रहन्थ्यो । लामो प्रयास गर्दा बल्लतल्ल तानेर झ्यालको नजिक ल्याएको सिक्का पनि भुईमा खस्थ्यो । त्यो बेलामा सारा मेहनत खेर जान्थ्यो । कुनै बेलामा त सिक्का हातले टिप्नै लाग्दा मन्दिरका मान्छेले लखेटदथे । हामी केटाकेटीहरु निराश भएर फर्कन्थ्यौँ ।

दैनिकी पुजापछि मन्दिरमा प्रसाद वितरण हुन्थ्यो । भक्तजनले लगेका ऊखु, मेवाका टुक्राहरू, सुन्तलाका केस्रा र मन्दिरको भण्डारमा तयार गरिएको हलुवा नै प्रसाद हुन्थ्यो हामी केटाकेटीहरुको मुख्य रुची भने गुलियो हलुवामा हुन्थ्यो । त्यसैले मन्दिरको भान्सेले भण्डारबाट प्रसाद बाँड्नको लागि

डालो लिएर आएपछि केटाकेटीहरु प्रसाद माग्नेको भिडमा सबैभन्दा अगाडी हुन्थ्यौँ । तर प्रसाद बाड्ने मान्छे निकै विभेदकारी लाग्थ्यो । उसले आफ्नो गाउँका केटाकेटी, आफ्ना आफन्तका केटाकेटीलाई अलि धेरै हलुवा दिन्थ्यो । अरु केटाकेटीलाई भने कतिपटक माग्न आएको भनेर लखेट्दथ्यो । हामीले पहिले पाएका हैनौ भनेपछि हातमा ऊखु, मेवा र सुन्तला थमाईदिन्थ्यो । हलुवा माग्दा हातमा थोरै राखिदिने वा हलुवा राखेको हात हाम्रो हातमा दलिदिने गर्दथ्यो । हामी त्यहि हलुवा दलेको हात चाटेर सन्तोष गर्दथ्यौ । बारम्बार त्यस्तो विभेद महसुस भएपछी मैले पुजाको अन्त्यमा वितरण गरिने प्रसादको आश मारेर दिउसो नै त्यहाँबाट निस्कने गरेको थिएँ ।

धन्ने पर्वतमा खटिने व्यक्तिहरु हरेक वर्ष दोहोरिने गर्दथे । यज्ञमा खटिदा लामो हात गर्न पाउने भएकोले ति मान्छेहरु महायज्ञमा खटिन्थे रे ! ति मध्ये केहिले मन्दिरमा चढाएका सामानहरु रातको समयमा घरमा पठाउँथे रे भन्ने सुनिन्थ्यो । भण्डारमा खटिएका एकजना बाजेले दिसा गर्न भनेर कुलोतिर जाँदा लोहोटामा ध्यु भरेर जान्थे रे , उता उनको मान्छेले

लोहोटा साटेर घरमा घ्यु लगिदिन्थ्यो भन्ने हल्ला खुबै चलेको थियो । उनले जे गरेपनि हामी केटाकेटीलाई आफ्नो गाउँको भनेर कहिल्यै धेरै हलुवा दिदैनथे, केहि थान ऊखुका टुक्राले मात्र टार्न खोज्थे । त्यसैले धन्ने पर्वतमा उनि हुनु र नहुनुले हामीलाई कुनै फरक पार्थेन ।

रातीको समयमा धन्ने पर्वतमा भजन किर्तन हुन्थ्यो । गाउँदेखि २.५ किमी टाढा भएपनि रातीको समयमा त्यहाँ पुग्न त्यति सहज हुदैनथ्यो । टोल छिमेकका कसैसंग टर्चलाईट हुदैनथ्यो । अगुल्ठो हल्लाउदै वा कतैबाट जोहो गरिएका पुराना चप्पल र टायरका टुक्राहरू बालेर हल्ला गर्दै, भजन गाउदै प्रेम नगरको बाटो हुँदै गिर्वाण स्कूल जान्थ्यौ ।

भजन किर्तनमा केटाकेटिहरुलाई रुची हुने कुरै थिएन । रातीको यात्रा र हल्लाखल्ला रमाइलो लाग्थ्यो । स्कूल आउँदा जाँदा कसको बारीमा केरा, अमला, इमिली, कागती, ऊँखु छ भन्ने रेकी गर्दथ्यौ र राति धन्ने पर्वतमा भजन सुन्न जाने बहानामा त्यहि चोर्ने गर्दथ्यौ । ८ कक्षामा पढ्दा तपाहा लाईनकी दक्षिणासंग लभ परेको समयमा उनीहरु पनि गाउँबाट राती भजन सुन्न जाने

भन्ने खबर पाएपछि म पनि आफ्नो छर छिमेकसंग भजनको बाहानामा राती धन्ने पर्वत पुग्ने गरेको थिएँ । त्यहाँ पुगेपछि भजन सुन्ने भन्दापनि पिलपिले उज्यालोमा भिडमा दक्षिणालाई खोज्ने, हेराहेर गर्ने र केहि मस्कने काम मात्र हुन्थ्यो । घर फर्कदा आधा बाटोसम्म उसको गाउँको टोलि र हाम्रो गाउको टोलि सँगै हुन्थ्यो । कहिलेकाही म घर नफर्केर दक्षिणाको टोलिसंगै उसको छिमेकमा बस्ने दामुमामाको घरमा सुत्न जान्थे ।

धन्ने पर्वतमा प्रवचन 'शुद्द' हुन्थ्यो । अहिले जस्तो प्रवचनको विचमा सांगीतिक 'कन्सर्ट' हुदैनथ्यो । श्रोताहरु प्रवचनमा मग्न हुन्थे वा निदाएका हुन्थे । प्रवचन सुन्न बसिसकेपछि विचमा उठ्नु हुदैन भन्ने मान्यताले गर्दा धार्मिक प्रवचनमा रम्न नसक्नेहरु प्रवचन शुरु हुनुभन्दा पहिले नै पान्डाल वा हलबाट बाहाना बनाएर निस्किसकेका हुन्थे । कहिलेकाही प्रवचनको विचमा माहात्माले फलफुल र पैसा समेत श्रोतातर्फ फाल्ने गर्थे । त्यहि टिप्न पाइन्छ भनेर २/४ पटक आमासँग बसेर प्रवचन सुनियो । घरमा रामायण र महाभारत पढिने, स्कूलमा साईरामको चर्चा हुने र सेमरा बजारमा पापी र धर्मात्मालाई मृत्युपछि गरिने व्यवहारको तस्वीरले धर्मका कुराले केहि आकर्षित गरेपनि पुरै

समय बसेर प्रवचन भने सुनिएन । बरु म ७ वा ८ कक्षामा पढ्दा नेपाली बाबा भनिने एउटा ख्याउटे बाबा नेपाल यात्रा गर्दै सरस्वती पञ्चायतन मन्दिरमा आइपुगेका थिए । पाल्पातिरका घिमिरे थर भएका बाबाले सरकारी जागिर छोडेर जोगी बनेका हुन र उनले वर्षौंदेखि दुध मात्र खाएर पैदलै नेपाल भ्रमण गरिरहेका छन् भन्ने कुरा स्कूलमा अग्निराज गुरुले भनेको सुनेर उनलाई हेर्न गएको थिएँ । उनको भाषण भने मैले पुरै सुनेको थिए । त्यो भन्दा केहि समय पहिले मैले योगी नरहरिनाथ बसेको कोठाको ढोका कुरेर ३ दिनसम्म योगिजीका कुरा सुनेको थिएँ । योगीले गरेको देशको चर्चाले भूगोल र समाजप्रतिको रुची बढाईदिएको थियो । नेपाली बाबालाई पञ्चायतले योगी नरहरिनाथको विरुद्धमा खडा गरेको हो भन्ने कुरा पनि अग्निराज गुरुले नै भन्नुभएको थियो । यहि कारणले होला मलाई नेपाली बाबा प्रति खासै रुची लागेन ।

विगत ६० वर्षदेखि मणिग्राममा धन्नेपर्वत (धनधान्याञ्चल महायज्ञ) हरेक वर्ष भैरहेको छ । ३ दशक अघिसम्म धार्मिक, सामाजिक एकताको प्रतिक बनेको धन्ने पर्वतले अहिले त्यो पुरानो बैभवता गुमाएजस्तो लाग्छ । अचेल लड़ियामा, टाउकोमा र

भारमा धान चामल बोकेर गिर्वाण स्कूलतिर गैरहेका मान्छेको लस्कर देखिदैन, चौरमा अग्लो धन्ने पर्वत देखिदैन अनि पैसा खोज्नको लागि मन्दिरको सेरोफेरोमा घुमिरहेका र प्रसाद बाँड्ने बेलामा हात तेर्साउन आईपुग्ने केटाकेटीहरु पनि भेटिदैनन । धान्याञ्चल महायज्ञ भएको समयमा कहिलेकाही पुगेर बाहिरबाट नै हेर्छु । कान्तिविहीन महायज्ञ अनि अग्लिन नसकेको धन्ने पर्वतले मेरो बाल्यकाललाई जोगाउनको लागी मात्र ठडिएका हुन कि जस्तो लाग्छ ।

८.

रातभरी करायो, दक्षिणा हरायो

˘....क्या राम्रो मालचरा,

उड्यो भरर ...

बैमानी छौ भन्ने

कल्ले जान्यो र ....?’

मिना दिदि र सेती दिदीले कम्मर मर्काई मर्काई नाचे । अरु केटाकेटीहरुले ताली बजाए ।

˘ मिज्जु .. मिज्जु..’ गीत गाउदा गाउदै डुकुरे दाईले भने । गित रोकियो. डुकुरे दाईले मुखैले ˘धुच्चुक..धुच्चुक’ आवाज निकाले- मादल मात्र बजे जस्तो । नाचिरहेका दिदीहरुले नाचको चाल बदले । गित, मिज्जु र नाच बदलीइरहे । धेरैबेर नाचेपछी सुन्तली दिदीको आमाले धर्याक्क ढोका खोलिन् । सिल्बरको

थालमा अलिकता चामल, सेलरोटी , एक सुका र छेवैमा एउटा धिपधिपे दियो राखेर नाचिरहेकाको अगाडि राखिदीइन् ।

मकला र मिना दिदीले केहि आशिष भट्टाए । सेती दिदि हातमा थाल लिएर फनन घुमिन् ।

।।।थालैमा अक्षता पाती

बिदाबादी भएर जाम साथी..

सबैले ठुलो स्वरमा गाए । चामल झोलामा राखियो । पैसा मकला दिदीले राखिन् सेलरोटी भाले लुछाचुडी गरेर खायौं. टुकी समातेर ज्योति नगर कुलोको डिलैडिल श्याम कुमारी दिदि अघि लागिन् । अनि निस्पट अध्यारोमा नाङ्गा पैतालाले बाटो पहिल्याउदै बाँकी भैलेरिहरु उनैको पछी लाग्यौं ।

ए.. रातो माटो

ए.. चिप्लो बाटो

ए.. लड्दै र पड्दै

ए.. आएका हामी.

अचेल पनि भैलो खेल्दा अधिकांश मानिसले भट्टाउछन् नि हो त्यस्तै गरि भैलो खेल्न हिड्थ्यौँ हामी । निष्पट अँध्यारोमा शितले लपक्क भिजेको कुलो डिल, भर्खरै ओभाउँदै गरेका गडाहा भएको बाटोमा को कतिबेला लड्थ्यो, कता ददारिन्थ्यो भन्ने हिसाब गरिसाथ्ये हुन्थेन । तैपनि भैलो खेल्न हिडिन्थ्यो ।

उत्तरतिर घना जंगललाई राखेर बनेको मेरो गाउँ शान्तिनगर र छिमेकी ज्योतिनगर थियो (वन त अहिलेपनि छ तर नाम मात्रको) । मेरो गाउँ मिर्गौली कुलोको किनारै किनार विस्तारित थियो भने ज्योतिनगर गाउँ ज्योतिनगर कुलोको वारिपारी थियो । २०३९ सालतिर ४० घरजति मेरो गाउँमा थिए भने २५ घर जति ज्योतिनगरमा थिए । जुद्दविर रानाको घरमा मेरो गाउँ सकिन्थ्यो भने सुन्तली दिदीको घर (खासमा बन्द्रेको घर भन्थे) बाट ज्योतिनगर शुरु भएर पुछारेको घरमा पुगेर सकिन्थ्यो । पुछारेको घर पुर्व सानो कुलोबाट दिपनगर शुरु हुन्थ्यो । हाम्रो ठुलो बा, सटुकेली र कुलाबोटे खनालको घर जंगलतर्फ थिए भने त्यसपछि दिपनगरको मुख्य गाउँ शुरु

हुन्थ्यो । अरु गाउँको तुलनामा दिपनगर निकै घना थियो । हामीले भैलो खेल्ने यिनै तीन गाउँ थिए ।

अहिलेजस्तो दशैँ तिहारको लामो बिदा हुदैनथ्यो हाम्रो पालामा । काग तिहारदेखी ५ दिन स्कूल बिदा हुन्थे । तर त्यहि समयमै खेतमा धान पाकेको हुन्थ्यो त्यसैले तिहार बिदामा धेरैलाई कामकै चटारो हुन्थ्यो । तैपनि १० वर्ष भन्दा साना केटाकेटिहरुलाई भने त्यति धेरै कामको तनाव हुदैनथ्यो । दशैमा जस्तो घर लिपपोत गर्ने काम हुदैनथ्यो । औंशिको दिनमा गोठमा गाई पुजा र गोबर्धन पुजा गरिन्थ्यो । ज्योतिनगरतिर भने गोबर्धन पुजाको दिनमा मात्र गाई पुजा गर्थे । हाम्रो गाउँका अधिकांश परिवार र ज्योतिनगरका बाह्र नम्बरेको परिवारले भने औंशीमा गाई पुजा गथ्र्यौ । हरियो बाबियोको तोरण बाट्नुपर्ने हुनाले चरंगे र मुढाबास माथिको चुरे पहाडमा पुगेर बाबियो काटेर ल्याउथ्यौँ । पछि हामीले आफ्नै खेतको पुछारको कुलोको डिलमा बाबियो रोपेपछि बाबियो काट्न पहाड उक्लनु परेन । गाईपुजा गरेपछि सबै परिवारले बाटोको वारपार हुनेगरी तोरण तान्ने गरिन्थ्यो । तोरणको विचमा कुचो र सेलरोटी झुन्डाउने गरिन्थ्यो । मेरो

बाले राम्रो कुचो बाट्नुहुन्छ , त्यसैले हाम्रो तोरण अरुको भन्दा राम्रो देखिन्थ्यो । गाई पालन छोडियो तर गोबर्धन पुजा गर्न र तोरण टाँग्न छोडिएको छैन ।

साँझ माटोको पालामा घर आगनमा बत्ति बालेर लक्ष्मी पुजा गरेपछि भैलो खेल्न पाईन्थ्यो । अहिलेजस्तो बाटोमा बत्तिको उज्यालो उतिबेलामा कहाँ पाउनुरु घरमा धिपधिपे टुकी बत्ति हुन्थ्यो । लक्ष्मीपूजा गरेपछि प्रायजसो परिवारमा मान्छेहरु सुत्ने भएकोले घरको वरिपरी उज्यालो हुने कुरै थिएन । भैलो खेल्नेहरुसंग पनि उज्यालोको कुनै साधन हुदैनथ्यो । कताकतै पाईने टायर, पुराना चप्पल र टुकी बालेर भैलो खेल्न निस्किन्थ्यौ । म १०/१२ वर्षको हुँदा भने लालटिन बालेर भैलो खेल्न गएको याद छ । नत्र भने अध्यारोमै हिडिन्थ्यो, अँध्यारोमै बसेर भैलो खेलिन्थ्यो ।

भैलो खेल्न धेरै केटाकेटी जम्मा हुन्थ्यौँ । कुरुन्चेलीको घरबाट मिना दिदि, लक्ष्मी र देवी, बलामेको घरबाट श्याम कुमारी दिदि, मेरो घरबाट दिदि र म (कहिलेकाही बहिनीहरु पनि पछी लाग्थे), जुद्दबिरको घरबाट सेती दिदि, डुकुरे दाई, घर्ति माईलाको घरबाट अम्बिका दिदि र डिले भैलो टोलीका स्थायी

सदस्य थियौ । अरु ५/७ घरका केटाकेटीहरु पनि हाम्रो टोलीमा जोडिन आउँथे । अनि बन्थ्यो हाम्रो जम्बो टोली ।

साझ खाना खाएर हाम्रो भैलो शुरु हुन्थ्यो । अहिलेजस्तो म्युजिक सिस्टम हुने कुरै भएन । अझ भन्ने हो भने हामीमध्ये धेरैले रेडियोमा गित बजेको समेत सुनेका थिएनौं । गाउँका दाईदिदीहरुले गएका गीतहरु टिपेर हामीले गाउने र भट्याउने कोशिस गथ्र्या ।. धेरैजसो घरमा येनकेन ५/१० पैसा दिन्थे । केहि घरमा त ढोका नै खोल्दैनथे । केहि घरमा भने केटाकेटी आएर हल्ला गरे भनेर लखेट्दथे । चामल र रोटी त राम्रै दिन्थे तर पैसा दिने कुरामा भने सबै कन्जुस थिए । कुनै घरले पनि एक रुपियाँ भन्दा बढी दिएको याद छैन, शायद केटाकेटी भनेर हेपेर होला ।

अँ.. मैले कुरा गर्दैथिएँ भैलो खेलेको । सुन्तली दिदीको घरबाट निस्केर राम बहादुर, १२ नम्बरे, पहेले भट्टराईको घरमा भैलो खेल्ने ट्राई गर्यौं, तर कोहि उठेन, खराल कान्छा र कोल्डाडेको घरमा खेलियो र केहि दक्षिणा पाईयो । जिम्मालको घरमा कुन्नि किन हो खेल्न गएनौ । सटुकेली, कुलाबोटेको घरमा पनि खेलियो । लंकाधरको घरमा अलि पैसा दिन्छन् भन्ने

सुनेका थियौं । त्यसैले त्यहाँ गएर सकेसम्म मिलाएर भट्टायौं । गित गएर नाच्यौं । धेरै बेरपछि घर भित्रबाट कोहि निस्कियो र आफ्नो घरमा जुठो परेर तिहार नमान्ने बतायो । हामी मुखामुख गर्यौं । निकै नराम्रो लाग्यो । उज्यालो भएको भए तोरण टाँगेको, गाई पुजा गरेको देखिन्थ्यो होला तर बत्ति नभएकोले देख्न सकिएन । रात छिप्पिएकोले थप घरमा भैलो खेलिएन । जंगल किनारको बाटो फर्कन डर लाग्यो । ज्योतिनगर कुलोको डिल हुँदै घरमा फर्कियौ ।

कति पैसा भएछ भन्ने जिज्ञासा सबैलाई थियो । कति पैसा भएछ भनेर हामीले पैसा राखेकी मकला दिदीलाई सोध्यौं ।

मकला दिदीले फ्रकको खल्ती छामछुम गरिन, झोला खोतलेजस्तो गरिन् । अनि आत्तिए जस्तो गरेर भनिन्- ला पैसा त खसेछ !'

अब आत्तिने पालो हाम्रो थियो । १०/१२ रुपियाँ जम्मा भएको थियो होला । त्यत्रो रकम हराउँदा पिर नपर्ने कुरै थिएन । दिदीहरुले मकला दिदीको जिउको खानतलासी लिए. पैसा कतै थिएन । ज्योतिनगर कुलोमा लोट्दा पैसा झर्यो होला भनेर मकलाले भनेपछि टुकी लिएर उनले भनेको ठाउँमा गयौं । तर

त्यहाँ पनि पैसा थिएन । कालो अँध्यारो रातमा अघि आएको बाटो दिप नगरसम्म पुग्यौँ, तर कहाँबाट भेटिनुरु सबै मिलेर मकलालाई गाली गर्यौं । भोलिपल्ट बिहानै गएर सम्भाव्य ठाउँमा खोज्यौँ, तर पैसा भेटिएन ।

'मकला चोर्नी छे, आफैले कतै लुकाएकी हो ।' सबैले अनुमान लगाए । उनको आनिबानीले पनि त्यो अनुमान लगाउनु स्वाभाविक थियो ।

त्यो सालको भैलो त्यत्तिकै भयो । अझ भन्ने हो भने त्यसपछि केटाकेटी भएर भैलो नै खेलिएन । बाल्यकालको अन्तिम भैलो त्यहि हुन पुग्यो ।

भैलो खेलेर बनभोज खाने चलन थियो । पैसा त मकलाले हराईसकेकी थिइन्, त्यसैले बनभोजको लागि सामान किन्ने अवस्था थिएन । सबैको घरबाट तरकारी, मसला, नूनतेल जुटायौ । चामल भैलो खेलेर ल्याएकै थियौँ । घरबाट पकाउने र खाने भाडा लिएर वनभोज खानको लागि गणेश नगर नजिकैको वनमा गयौ । तरकारी पाकिसकेको थियो, भात लगभग पाकिसकेको थियो । त्यहि बेलामा गणेश नगर तर्फबाट २ वटा केटाहरु आए । हामीहरु भन्दा केहि ठुला थिए

। उनीहरुले हामीलाई केहि त भनेका थिएनन तर हामीहरु डरायौ । पाक्दै गरेको देक्ची र कराईका साथै अरु सामान बोकेर आफ्नो गाउँको नजिक मद्रहानी कुलोको डिलमा आएर फेरी चुलो बाल्यौ । कचपचिएको भात खाएर नाचगान गरेर रमायौ । बाल्यकालमा जानेको त्यहि सदाबहार गित गायौँ ।

'..... क्या राम्रो मालचरा, उड्यो भरर

बैमानी छौ भन्ने कल्ले जान्यो र ?'

अचेल मेरो आकाशमा मालचराका बथान देखिदैनन् । भैलो खेल्ने केटाकेटीका हुल देखिदैनन् । ४/५ जना केटाकेटीहरु कहिलेकाँही भैलो खेल्न आउछन् । उनीहरुलाई भट्याउन आउदैन । म्युजिक सिस्टम /बुफर बोकेरै आएका हुन्छन् । घर अगाडी पुग्ने बित्तिकै गित बजाउन थाल्छन् -

'मलाई अरेली काँडाले च्वास्स च्वास...'

अचेल गित गाउनु पर्दैन, गीतको विचमा मिज्जु भन्नु पर्दैन ।

मैले धेरै पछी मिज्जुको अर्थ थाहा पाएको थिएँ । तपाईलाई थाहा छ- मिज्जु भनेको के हो ?

९.

जन्ती जाँदा बिहेको प्रस्ताव आयो

म रुदै पछी लागें ।

धुले बाटोमा धुलो उडाउदै जन्तीहरु अघि बढिरहेका थिए । बलामे बा, कुरुन्चेली बा, नेपाने ठुलो बा र कान्छो बा, जुद्धबिर, ढाले दाई , जिम्माल रिखे दाई, मेरो बा र मामा लगायतका ५०/६० जना सयपत्री फूलको माला लगाएर बलामे काईलाको बिहेमा गोर्कट्टा तर्फ जादै थिए । छिमेकी काकाको बिहेमा जन्ती जाने रहर मलाई थियो । जन्ती जान आमासँग कुँईकँुइ गरें, तर आमाले राती दुख हुन्छ, जानु पर्दैन भन्नु भयो । बालाई भन्दा कर्के नजरले पर्दैन भन्नु भयो । जन्ती निस्केपछि म पनि आकाशे रंगको सर्ट र निलो जाँघे लगाएर जन्तीको पछी लागें । पिपलबोटेको घरसम्म पुग्दा रोएको थिइन- किनभने बाले बोलाउनुहुन्छ भन्ने आशा थियो । तर आईज भनेर बाले नबोलाएपछी मलाई रुन आयो । जन्तीको लस्करको पछी उनीहरुले सुन्ने गरि रुँदै धुलोमा लडिबुडी गर्दै

सिपाहिनिको घरसम्म पुगेँ , तर कसैले पनि आइज भनेनन् । केहीबेर उभिएर चिच्याई चिच्याई रोएँ । जन्तीहरु मौलेको घर काटेर ४ नम्बरतिर लागे । मेरो मन आफै परिवर्तन भयो । राती जाडो भएर दुख पाइन्छ भनेर आमाले भनेको सम्झें । जन्ती जानुपर्ने मेरो खासै उद्देस्य र कारण नभएकोले मेरो मनले मलाई जन्ती नजाँदा फरक पर्दैन भन्यो । धुलो टक्टकाउने जाँगर पनि चलेन । लुरुलुरु घर फर्कें । बलामे आमाले कसार र चिउरा दिनुभयो । त्यतिमै मख्ख परें, जन्ती जान नपाएको पिडा भुलियो । एक कक्षामा पढ्दाको घटना हो यो ।

गाउँमा हुने पुजाआजा, बिहे ब्रतबन्ध मेरो जमानाका केटाकेटीका उत्साहका दिनहरु हुन्थे । बाआमा लगायत छिमेकीहरु छिमेकीका काममा व्यस्त हुने भएकोले केटाकेटीहरु फुक्काफाल भएर हिड्ने अवसर पाउँथ्यौं । त्यस्ता साँस्कृतिक गतिबिधिका भोज भतेरमा केटाकेटीहरु निकै रमाउथ्यौं । पुजा, श्राद्ध ब्रतबन्धहरु भैरहेपनि छिमेकमा केटाको बिहे भएर जन्ती गएको ७ वर्षको उमेरसम्ममा मलाई खासै थाहा थिएन । बलामे काईंलाको बिहे भएको ४ वर्षसम्म छिमेकमा कुनै

केटाको बिहे भएन, त्यसैले जन्ती जाने अवसर नै जुटेन । पाँच कक्षामा पढ्दा चपरहट्टी ठुलो मामाको बिहे भयो । जन्ती जाने हक नै प्राप्त भयो । मामाघरदेखि हिड्दै ड्राईभरटोल पुगेर सार्वजनिक बसमा देवदह खैरेनी पुगेर उत्तरतिरको वस्तीमा जन्ती पुग्यो । भर्खरै बसेको सुकुम्बासी बस्ति थियो त्यो ठाउँ । सिमसिम पानी परेकोले एउटा स्याउले टहरोमा जन्तीलाई राखियो. मान मनितो राम्रै भयो । अलिअलि भिजेको लुगामा घरका काठ किराले खाएर झरेको धुलो टाँसिदा ध्वाँसे भईयो । जन्तीलाई खान बसालियो । सेलरोटी र पुरीसंगै कटौरामा मासु समेत आयो । केटीको माईतिमा बिहेमा मासु पकाउनु भनेको अलच्छिन हुनु हो भन्ने कुरा पाका मान्छेहरुले भने र उनीहरुले मासु खाएनन् । हामी केटाकेटीलाई भने के मतलबरु मज्जाले खसीको मासुका चोक्टा तान्न थालियो । त्यहि बेलामा पानी पर्यो । स्याउले छानो चुहियो र मासुको कचौरामा झोल थपियो । बिहे सकिएपछी मामाका ससुराले टिका लगाउन शुरु गरे । धेरै रक्सि खाने भएकोले उनको हात काँप्दा रहेछन् । 'मङ्गलम् भगवान विष्णु ...' भन्ने स्तोत्र भन्दै निधारमा अक्षता लगाईदिन खोज्दा उनको हात हल्लेर सबैको नाक र आँखामा टिका पुग्थ्यो, जसले गर्दा केटाकेटीहरुको हाँसो थाम्न

मुस्किल भएको थियो । ज्वाईको भान्जा भएकोले ५ रुपिया दक्षिणा पाएको थिएँ, खैरेनी चोकमा आएर त्यो रुपियाँ मध्येबाट २ रुपिया खर्चेर ४ वटा ठुला नासपाती किनेर खाएको थिएँ ।

उमेर बढ्दै गयो, साथै जन्ती जाने रुची पनि । कोल्डाडे रवि मामाको बिहेको निम्तो आएको थियो र पहिलोपटक गाउँबाट बस चढेर जन्ती जाने अवसर आएको थियो । बाले जन्ती जाने रुची देखाउनु भएन र मैले जाने अवसर पाएँ । राती ९ बजेतिर बेहुलीको घरमा पुगियो । बिहे घरमा लाउड स्पिकरमा भोजपुरी वा हिन्दि कुनै गित चर्को आवाजमा बजाईएको थियो । बिहेमा माईक बजेको पहिलोपटक सुनेको थिएँ । घर अगाडी पराल ओछ्याईएको थियो जन्तिहरुलाई आराम गर्नको लागि । परालमा पल्टिदा झप्पझप्प निन्द्रा लागेको थियो । त्यहि बेलामा लाउड स्पिकरमा आवाज आयो

“ जन्तीहरु पुलाउ खान आउनुस् ।”

बिहेमा रोटि, खिर खुवाउने चलन थियो । लौ यो पुलाउ भन्ने जिनिस कस्तो हुँदो रहेछरु भोकसंगै जिज्ञासा उत्पन्न भयो । कान्छो बासंगै म पनि पुलाउ खाने लाईनमा पुगेँ । फिलामेन्ट

बत्तिको मधुरो उज्यालोमा थालमा पुलाउ पस्किदिए , साथमा तरकारी र अचार पनि । बसेर खान शुरु गर्ने बित्तिकै मलाइ त्यो भुटेको भात जस्तो लाग्यो । कतै डढेको, कतै काँचो भात जस्तो त्यो पुलाउ मलाई पटक्कै मन परेन ।

पुलाउ खाएर पराल भित्र घुस्यौं र भुसुक्क निदायौं । बिहान आँखा खुल्दा उज्यालो भैसकेको थियो । उठेर मुख धुन चापकलमा गएको थिएँ, त्यहि बेलामा एउटी केटी बाल्टिन लिएर साथीसंग त्यहाँ आई । मलाई बोलाएर उसका साथीहरुले सुन्ने गरि मलाई सोधी-

'भाई, मसंग बिहे गर्छौरु'

म लजाएर त्यहाबाट भागेँ ।

केटाकेटीमा जन्ती जानुको मुख्य उद्देस्य जन्तीलाई माईतिलाई दिने दक्षिणा पनि एक हुन्थ्यो । त्यहाँ पनि जन्तीलाई टिका लगाएर खाममा दक्षिणा दिइयो । अलि पर गएर खाम हेर्न नभ्याउदै माईती पक्षको कोहि आएर मेरो खाम माग्यो र त्यहाँको रकम निकालेर हेर्यो अनि खाम फरक परेछ भन्दै मलाई अर्को खाम थमाएर पहिलेको खाम लिएर गयो ।

पहिलोपटक दिएको खाममा भन्दा दोश्रो खाममा ५० गुणा कम रकम थियो । ठुलो रकम फुस्केकोमा कम्ति त पिर परेन !

मलाई घुमफिरमा सानैदेखि रुची थियो । त्यसैले टाढा जन्ती जाने अवसर पाउने वित्तिकै म जन्ती जान तम्सिन्थो । कक्षा ६ मा बिहानी कक्षा पढेर घर फर्कदा पँुजाली घनश्याम दाईको जन्ती पाल्पा जाने तयारी भैरहेको थाहा पाएँ । घर आएर स्कूलको झोला फालेर हतारहतार भात खाएर स्कूले ड्रेसमै जन्ती जाने बस चढें । म त्यसबेलासम्म केराबारी उत्तर गएकै थिईन । झ्यालमा बसेर वरपर हेर्दै ३ बजेतिर तानसेन बजार पुगियो । त्यहाँबाट पैदल यात्रा शुरु भयो । भुसालडाँडा, गोर्खेकोट, चापपानी, गेझाको ठाँटी हुदै हिडिरह्यौ । म लगायत धेरै केटाकेटी कहिल्यै पहाडमा हिडेका थिएनौं । निकै थाकियो । भोकप्यासले ब्याकुल हुँदै राति ८ बजेतिर गुँगा भन्ने गाउँमा पुगियो । पानीको निक्कै दुख रहेछ त्यो गाउँमा । जन्तीको लागि भनेर सर्बत बनाएर ठुला ठुला गाग्रामा पानी राखिएको रहेछ । हामीले चाख्दै नचाखी हात खुट्टा धोयौँ । पछी मुख धुँदा पो गुलियो भयो । सर्बतले किन हात खुट्टा धोएको रु भनेर माईति पक्षको एउटाले जन्तीलाई गाली गर्यो । ३ दिन

पहिले हुनुपर्ने बिहे स्थगित भएर त्यो दिन हुँदै रहेछ । ३ दिन पहिले बनाएका रोटि हुन् भनेर जन्तीहरुले खासखुस गर्दै थिए । तिनै चिसा र कडा सेलरोटी खाएर जग्गेको नजिकै बसेको म त्यहीं भुसुक्क निदाएछु । बिहान ब्युझिंदा त बिहे करिब करिब सकिएको थियो । अघिल्लो दिन त्यहाँ पुग्दा रात परेकोले त्यहाँको भूगोल र प्रकृति राम्रोसंग हेर्न पाईएको थिएन । बिहानपख मज्जाले पहाड हेर्न पाइयो । हिंडेर तानसेन फर्कदासम्म पहाडको सौन्दर्यको आनन्द लिन, भूगोल चिन्न पाईयो । जन्तीलाई बाटोमा कतै पकाएर खाना ख्वाउने भन्ने वरपक्षको योजना थियो, तर जन्ती गएका केहि पाका मान्छेहरुसंगको विवादको कारण बाटोमा कतै खाना ख्वाईएन । भोकै घर आइयो, तरपनि नयाँ ठाउँ देख्न पाउदा म निकै खुशी थिएँ ।

मैले माथि नै भनिसकेको छु- केटाकेटी जन्ती जानुमा माईति पक्षले बिदाईमा जन्तीलाई दिने दक्षिणा पनि एक हुन्थ्यो । ९ कक्षामा पढ्दा महुवारी जीवन दाईको विवाहमा मणिग्राम जन्ती जाने निमन्त्रणा आयो । बाका दाजुभाईहरु र केटाहरु बस चढेर जन्ती गयौ । मणिग्राम नजिकै भएकोले राती धेरैजसो

जन्तीहरु आफ्नो आफ्नो घर फर्किए । म, नारन दाई , रोशन र अन्य केटाहरु भने बिहान दिने दक्षिणा छुट्ला भन्ने पिरले त्यहीं बस्यौ । राती १२ बजेसम्म आगो ताप्दै निद्रा खटाएँ ।. त्यसपछि भने जाडो र निन्द्रा खप्न सकिएन । यताउति खोज्यौँ, पराल भेटिएन । बसमा बस्दा न्यानो हुन्छ कि भनेर बसमा गयाँै, त्यहाँपनि जाडोले छोडेन । केहि सिप नलागेपछि बसका सिट कभरहरु निकालेर खुट्टा र टाउको तर्फबाट तिनै सिट कभर घुसाएर जाडो छल्ने प्रयास गरियो । यताउति गरेर रात कटाईयो । बिहान झिसमिसे उज्यालोमा जन्तीको बिदाई कार्यक्रम शुरु भयो । राम्रै दक्षिणा हात लाग्ला भनेर हामी केटाकेटीहरु खुशी भएका थियौँ । तर दुर्भाग्य ! त्यहि बेलामा कम्युनिस्ट नेता रहेका हाम्रा कविराम दाईले घोषणा गरिदिए- दानदक्षिणा जस्तो रुढिबादी चलन रोकिनुपर्छ, त्यसको शुरुवात यहींबाट गरिन्छ । साच्चिकै दाईले भने जस्तै जन्तीलाई दक्षिणा दिने कार्यक्रम त्यहाँ भएन । केटाकेटीहरु स्तब्ध भयौं, रुन मात्र सकेनौँ । रातभर नसुतिकन, हिउँदको जाडो सहेर दक्षिणाको लागी गरेको प्रतीक्षा खेर गयो । त्यहाँ बस्न मन लागेन । जन्ती बिदाई पनि नपर्खी जन्ती भन्दा अघि घर

फर्कियौं । बिहे भोज खान पनि गएनौँ । साँच्चै भन्ने हो भने त्यसपछि जन्ती जाने रहर नै मरेर गयो ।

१० कक्षा पढ्दासम्म टाढा जन्ती जाने अवसर धेरै आएनन् । घुम्न पाईने र पैसा पाईने अवसर प्रायजसो मैले छोडिन । जन्ती जाँदा घुमघाम राम्रै हुन्थ्यो. म सानो छँदा रातिमै बिहे हुने चलन भएकोले जन्ती जाँदा रात विताउन निकै सकस हुन्थ्यो । कतिपय माईतिघरमा त धेरै जन्तीहरु जाँदा खाना सकियो भनेर भोकै बस्नु समेत परेको थियो । जन्तीहरु सुतेको ठाउँबाट चप्पल हराउदा खाली खुट्टा समेत फर्कनु पर्दथ्यो । यिनै कारणले होला पाका मान्छेहरुले ˘ जन्त जानु भन्दा अन्त जानु राम्रो' भन्थे ।

एसएलसी दिएपछि जन्ती जान त्यति रहर लागेन । नयाँ ठाउँ, नयाँ संस्कार भएको ठाउमा जन्ती जाने अवसर पाएमा जान खोज्छु, त्यहाँ पुगेर भूगोल, समाज र सभ्यता बुझ्न खोज्छु । हरेक पटक जन्त जाँदा डढेको पुलाउ, केटिको बिहे प्रस्ताव, हाड जस्ता कडा सेलरोटी र रातिको अनिन्द्रा अहिलेपनि याद आउछ ।

१०.

खिरको रुख र पञ्चायतमा लाल सलाम

शान्ति स्कूल पढ्दा कक्षा छोडेर वा कक्षा खालि भएको समयमा म र साथीहरु जाने निश्चित स्थानहरु थिए । ति स्थानहरु मणि घर नजिकको रामेश्वर शिवालय, आनन्दवन पञ्चायत कार्यालय, मणिग्राम चोक, गिद्दे पोखरी, मणिको घर पछाडिको थारु टोल अनि कहिलेकाँही गोरकट्टा हुँदै तिनाउ खोलासम्म पनि पुग्थ्यौँ । खासमा प्रेममणिको घरदेखि पञ्चायत कार्यालयसम्म मात्र हाम्रो संसार थियो । कृष्ण गौतम, जलेश्वर, मनोज गौतम, पंकज गौतम, होमराज (होमे), प्रमोद, पशुपति, चक्रपाणी, अन्जन धिताल, कपिल, शंकर पराजुली, बाबुराम, ध्रुब बश्याल, देवेन्द्र बस्यालहरु मेरा चकचक, घुमफिर र खेलकुदका साथि थिए । हप्तामा एक दुई पटक रामेश्वर शिवालयमा पुगेकै हुन्थ्याँै हामी । मन्दिरको चक्कर लगाउथ्यौ । भक्तिभाव भन्दा पनि मन्दिरमा चढाईएका सुका मोहर भेटिने आशामा मन्दिरको परिक्रमा गरिन्थ्यो । तर त्यो

दुर्लभ अवसर विरलै प्राप्त हुन्थ्यो । एकपटक ५/६ जना केटाहरु भएर शिवालय गएका थियौ । कसैले शिवालयको ढोकामा पुजा सामग्री र फलफुल सहितको टोकरी छोडेर कतै गएको (शायद कुनै सामान छुटेर लिनको लागि बाहिर गएको हुनुपर्छ) रहेछ । बगालेले त्यो देखेछ. उसले टोकरीबाट २/४ वटा सिक्का र फलफुल निकाल्यो र हामीलाई भाग्ने संकेत गर्यो । खिरको रुख नजिकैबाट पर्खाल नाघेर हामी भाग्यौ । बगालेले टोकरिबाट निकालेको स्याउ, केरा र पाकेका निमका दानाभन्दा केहि ठुला दानाहरु भएको झुप्पाबाट केहि दाना निकालेर मलाई दियो । निमको दाना जस्तो लागेर मैले खान मानिन । बगालेले त्यो दाना अङ्गुर भएको र साह्रै मिठो हुने बताएपछि मैले पनि २/४ दाना मुखमा हालें । आहा... गुलियो गुलियो पो हुँदो रैछ ! मैले पहिलोपटक अङ्गुर नामक फल त्यहीं चाख्न पाएँ ।

शिवालयको दक्षिणमा अमलाको रुख थियो । तर रुखको नजिकै मन्दिरको कुरुवा वा पुजारी बस्ने भएकोले त्यहाँको अमला चोर्ने अवसर मुस्किलले मिल्थ्यो । तर, उत्तरको कुनामा रहेको ठुलो खिरको रुख भने हामी केटाहरुको सहज पहुँचमा

थियो । छतिवनको जस्तै पात भएको ठुलो खिरको रुख थियो । शुरुमा खिरको रुख भनि केटाहरुले सुनाउदा म हाँसेको थिएँ- खिरको पनि रुख हुन्छ भनेर । यो रुखमा निमका जस्तै आकारका पोटिला दाना लाग्थे । अलिअलि चोप आउने ति दानाहरु काँचो छँदा पनि मिठो लाग्थ्यो । सक्ने केटाहरु रुखको टुप्पासम्म पुग्थे र पाकेको खिर खान्थे, मजस्ता नसक्ने केटाहरु भने रुखका सजिला हाँगामा बसेर काँचो खिर खाएर चित्त बुझाउथ्यौँ । एकपटक कक्षा छोडेर खिरको रुखमा आएर बसेको बेलामा जगदीश गुरुले देख्नुभयो । हामीले रुखमा चढेर खिर खोजिरहेको बेलामा भुइँबाट गुरुले' यता हेर त यता धेरै फलेको रहेछ ' भनेर भन्नुभयो । आवाज चिनेजस्तो लागेर भुईमा हेरेको त जगदीश गुरु उभिनुभएको रहेछ ! साटो गयो । रुखबाट हाम फालेर मन्दिर पछाडी लुक्न गयौं । गुरु त्यहाँबाट गएपछि मात्र चप्पल लिन गयौ र डराईडराई स्कूल गयौँ । धन्न गुरुले कक्षा छोडेकोमा गाली गर्नुभएन । तर त्यसपछि भने खिरको रुखमा चढ्न छोड्यौँ । रुख नचढेपनि त्यो रुखलाई खिरको रुख किन भनियो होलारु त्यसको खास नाम के होलारु भन्ने खुल्दुली लागिरहन्थ्यो । अहिले पनि शिवालयतिर गएको बेलामा त्यता हेर्ने बानि छुटेको छैन । तर

अहिले त्यो रुख छैन, ९० वर्ष पुरानो त्यो शिवालय परिसरमा नयाँ संरचनाहरु बनेका छन् । चकचके साथिहरुसंग नभएपनि १/२ वर्षमा रामेश्वर शिवालय पुगेर विगतको सम्झनालाई ताजा बनाएर फर्कने गरेको छु ।

शिवालयको दक्षिण पूर्वमा थारुहरु र केहि मधेशीहरु बसोबास गर्ने सानो टोल थियो । त्यहाँका धेरै मानिसहरु मणि परिवारको सेवामा, खेतबारीमा काम गर्ने मानिसहरु छन् भनेर मणिग्रामका साथीहरुले भन्थे । त्यहाँ एकजनाको आगनको डिलमा ठुलो इमिलिको रुख थियो । हिउँदको समयमा हो क्यारे, त्यहा इमिली निकै फल्थ्यो । कुनै साथीसंग १/२ सुका भएको बेलामा इमिली किन्ने बहानामा ४/५ जना केटाहरु जान्थ्यौ । किन्ने बहानामा मालिकलाई अलमल्याएर केटाहरु रुखमा झटारो हान्न वा रुखमा चड्न भ्याईहाल्थे । घरका मान्छेले देखेपछी ५ जना ५ तर्फ भागेर उनीहरुलाई अलमल्याउथ्यौ र छुट्टाछुट्टै सुर्यमणिसरको घर नजिक आएर भेला भएर इमिली बाडेर खान्थ्यौँ । शिवालयको नजिक बाटो उत्तरमा सानो झोपडीमा भगतका लोग्ने स्वास्नी बस्थे । उसले पनि मणि परिवारकै सेवा गथ्र्याे । ऊ सधै रिसाहा र सतर्क

अवस्थामा हुन्थ्यो । भगताईनले मुसलपट्टि, इमिली, अमला, बदाम बेच्न स्कूल अगाडी जान्थिन । भगत पनि कुनै काममा व्यस्त रहेको समयमा हामी केटाहरुले उसलाई छक्काएर उसको संरक्षणमा रहेका आँप, अम्बा र सरिफा चोर्दथ्यौँ । एकपटक आँप चोर्न लागेको बेलामा उसले थाहा पाएछ, लट्ठी र ईट्टाले हान्दै केटाहरुलाई लखेट्न थाल्यो । भाग्दै स्कूलतिर दगुरेका केटाहरुको पिछा गर्दै उ स्कूलसम्म नै पुगेछ, मनोज, पंकज, कृष्ण र म भने दिलिप सरको घरभित्र पसेर जोगियौँ । त्यसपछि भगतको फलफुल चोर्न गइएन ।

बेलाबेलामा बासँग अन्चालाधिस कार्यालय, जिल्ला पञ्चायत, सिडियो कार्यालयमा गएको भएपनि ढुक्कसङ्ग बाल्यकालमा जान सकेको एकमात्र सरकारी कार्यालय आनन्दवन गाउँ पञ्चायत थियो । स्कूल छेवैको पञ्चायतको अगाडी ठुलो कुसुमको रुख थियो । सेवाग्राहीहरू प्रायजसो कुसुमको रुखमुनी बसेका हुन्थे । कहिलेकाही त्यहि रुखमुनी ठुलो कचहरी लागेको हुन्थ्यो । झगडियाहरु बाझाबाझ गर्थे, पञ्च भलाद्मीहरु उनीहरुलाई मिलाउने कोशिस गर्थे । त्यो दृश्य रमाइलो

लाग्थ्यो । पञ्चायत कार्यालयको पहिलो तलामै प्रशासन लगायतका कामहरु हुन्थे । पंकज, कृष्ण, जलेश्वर, अन्जन लगायतका साथीहरुसंग कम्तिमा पनि हरेक हप्ता म पञ्चायत पुग्थें । प्रधानपञ्च प्रेमनिधि नेपालले विद्यार्थीहरुलाई निकै माया गर्नुहुन्थ्यो, पत्रपत्रीका पढ्नुपर्छ भनेर प्रेरित गर्नुहुन्थ्यो । त्यतिबेला पञ्चायतमा गोरखापत्र, मातृभूमि साप्ताहिक, साप्ताहिक नेपाली आवाज, सत्य संदेश, देउराली लगायतका पत्रीका आउँथे । पञ्चायतमा गएको बेलामा मैले पत्रीकामा छापिएका विज्ञापन समेत नछुटाई पढ्थेँ ।

त्यसताका हुलाकबाट पत्रीका आउने भएकोले पत्रीकामा टिकट टाँसिएका हुन्थे, मैले सुटुक्क ति टिकट उक्काएर लिन्थेँ । पञ्चायतको नजिकै पछि हुलाक कार्यालय आएको थियो । बासँग चिनजान भएका हुलाक कर्मचारीले मलाई हुलाकबाट वितरण गर्न ठिक्क पारिएका चिठीपत्र र पत्रपत्रिकाका टिकट उक्काएर दिन्थे । यसैगरी एसएलसी दिने बेलासम्म मैले थुप्रै हुलाक टिकटहरु जम्मा गरेको थिएँ । ति हुलाक टिकटहरु अहिलेसम्म पनि मेरो संकलनमा रहेका छन् ।

दश कक्षामा पढ्दा एउटा नेवारी पत्रिकाको ठेगाना भेटें । मैले आफु नेवार भएको र रुपन्देहीमा नेवारी पत्रपत्रीका नपाईने भएकोले नेवारी पत्रीका पढ्न पाऊँ भनेर सम्पादकलाई पत्र लेखें । लौ १५ दिनपछि त हुलाकीले कुमार प्रधान, करहिया गाबिस वार्ड नम्बर ८ , शान्तिनगर लेखेको छ, यो को होला बाबु भन्दै हुलाकी बाले मेरै घरमा आएर सोध्नुभयो ! मैले त्यो व्यक्ति म नै भएको कुरा बताएँ । उहाँले कहिले दिनहुँ र कहिले २/४ दिन बिराएर पत्रीका घरमै ल्याई दिनुहुन्थ्यो । नेवारी बुझ्ने कुरै भएन, तैपनि हुलाकबाट घरमै पत्रीका आउने पहिलो व्यक्ति बन्न पाउदा म मख्ख थिएँ । करिब ८/९ महिनापछि पत्रिका आएन र मैले सोधखोज पनि गरिन ।

कक्षा ९ भर्खरै शुरु भएको समयमा २०४६ सालको आन्दोलन शुरु भयो । आन्दोलन शुरु हुनुभन्दा केहि अघि नेपाल प्रगतिशील विद्यार्थी युनियनका केटाहरु आएर कक्षामा जोशिला भाषण गरेका थिए भने आन्दोलन शुरु भएको एक सातापछि नेबिसंघका केटाहरु आएर उस्तै भाषण गरेका थिए । त्यहीबाट हामीहरुले लालसलाम र जय नेपाल भन्न सिकेका

थियौं । आन्दोलन चर्किदै जाँदा पञ्चायत भवनमा प्रहरी पनि आएर बसेको रहेछ । पत्रिका पढ्न पञ्चायत गएको बेलामा हामी केटाहरुले जोशिलो पारामा सचिवलाई लालसलाम भन्यौ । उनि त एक्कासि आत्तिए र हामीहरुलाई पञ्चायतबाट लखेटे । हामीले के गल्ति गरेछौँ भन्ने बुझ्ने सकेनौँ । भरे पञ्चायतमा पियन रहेका कान्छोबा आएर 'आज भाग्य रहेछ र बँचिस, नत्र पुलिसले लान्थ्यो' भनेपछि बल्ल सचिव रिसाउनुको कारण थाहा भयो । पञ्चायतलाई किन फाल्नुपर्ने हो भन्ने थाहा पाईएन तर कक्षामा बसेर पढ्नु भन्दा आन्दोलनमा जाँदा रमाईलो लाग्ने भएकोले मणिग्राम सेरोफेरोमा हुने आन्दोलन र जुलुसमा सहभागी हुन थालेँ । अनि अरुसंगै नारा लगाउथे- हु इज पम्फा ठकुरी, कम आउट' । एकदिन मणिग्राममा जुलुसमा सहभागी हुँदा प्रहरीले लखेट्यो । १० कक्षामा पढ्ने २ जनालाई पक्रेर लग्यो । प्रहरीले लगेपछि मार्छ रे भन्ने सुनाएका थिए मान्छेहरुले । तर उनीहरु २ दिनमै छुटेर आए । उनीहरु मरेनन तर त्यो पक्राउ पछी सातो हराएको जस्तो भएका थिए । उनीहरुलाई देखेपछी जुलुसमा सहभागी हुन पनि डर लाग्यो ।

एकदिन कक्षा छोडेर हिड्ने बेलामा कसैले मेरो कलमबाट अघिल्लो बेन्चमा बस्ने साथी बाबुरामको सर्टमा रातो मसि छरिदिएछ ।. कसैले बाबुरामलाई सर्टमा मसि छरिएको कुरा सुनायो र मैले नै त्यो काम गरेको हुनुपर्छ भन्ने पनि सुनायो । मसङ्ग कलम भएको र म पछिल्लो बेञ्चमा समेत बस्ने भएकोले बाबुरामलाई मैले नै त्यो कार्य गरेको भन्ने लागेछ । सानैदेखि मिल्ने र छिमेकी गाउँको साथी थियो ऊ । बाबुराम मसंग रिसायो, बोल्नै छोड्यो । म पनि बिना गल्ति मलाई दोष लगायो भनेर रिसाएँ र बोल्ने छोडिदिएँ । बाबुरामसँग मिल्ने शंकर पनि बोल्न छोड्यो, म पनि बोलिन । शंकरसंग त ५/६ वर्ष पछि बोलचाल हुन थालेको थियो, तर बाबुरामसँग भने स्कूल छोडेको २० वर्ष सम्म बोलाचान नै भएन । त्यसपछि पनि हायहेल्लो बाहेक अरु कुरै भएका छैनन् । यहि वर्ष ३ महिना अघि भने उसंग एकजनाको मलामी गएको बेलामा एकघण्टा बोलचाल भएको थियो ।

अंग्रेजीको डर शान्ति स्कूलमा प्रवेश गर्दाको दिनदेखि नै थियो । अंग्रेजी विषयमा येनकेन पास भएपनि छेउटुप्पो केहि मेसो

नपाई ९ कक्षामा पुगेको थिएँ । ९ कक्षामा अंग्रेजी शिक्षक सुनकुमारी गुरुङ हुनुहुन्थ्यो । कक्षामा निकै कडा । भटट अंग्रेजी भट्याउनुहुन्थ्यो । मैले अंग्रेजी जान्दिन भन्ने लागेपछि कक्षामा बुझ्ने प्रयास पनि गरिन । अंग्रेजी पढाई भएको समयमा कृष्ण गौतम र म बसेर कापिमा चित्रहरु कोर्दथ्यौं, केहि शायरी पनि लेख्थ्यौँ । मणिग्राममा हलुवाईको पसलको छेउमा बुटवल र भैरहवाका हलमा चलेका फिल्मको पोस्टर टाँस्ने गरिन्थ्यो । कृष्णले ति पोस्टर हेरेर कापीमा ति फिल्मका नयाँ पोस्टर कोर्दथ्यो । भविस्यमा जनभावना पार्टी, नेपाल टाईगर पार्टी (यो चाँहि श्रीलंकाको तमिल टाईगरबाट प्रभावित थियो) खोल्ने भन्दै त्यसको झन्डा र पोस्टर समेत बनाउथ्यौँ ।

एकदिन सुनकुमारी दिदिले क्लासवर्क दिएको समयमा पनि त्यस्तै उट्पट्याङ्ग गरेर बसेका थियौँ । उहाँले हाम्रो कापी खोसेर लैजानुभयो र कापीमा हामीले लेखेका कुराहरु पढेर सुनाउनुभयो । हामीलाई लाजको मर्नु भयो । तर लागेको बानी कहाँ जान्थ्यो र रु २/४ दिनमा फेरी उस्तै गर्न थालियो । दश

कक्षाका अन्तिम दिनहरुसम्म पनि कापी कोर्ने काम चलिरहेकै थियो । एसएलसी दिएपछि कृष्ण पढ्नको लागि काठमाण्डौं गयो । बेलाबेलामा मलाई चिट्ठी लेख्थ्यो । त्यो चिठीमा पनि शायरी लेखेकै हुन्थ्यो उसले । अचेल त बिजनेशम्यान भएको छ, शायरी लेख्ने त फुर्सद पनि छैन होला ।

दश कक्षामा पढ्दा साहित्य, इतिहास र विदेशको बारेमा अध्ययन गर्न थालें । शान्ति स्कूलका प्रधानाध्यापक जगदीश गुरुको प्रभाव र सहयोगले हिन्दि पत्रपत्रीका समेत पढ्न थालें । राजिव गान्धीको हत्या, तमिल टाईगर, इराक युद्द, गोर्खाल्याण्ड आन्दोलन जस्ता कुराले ध्यान ताने । जगदिश गुरुको संग्रहमा भएका रजनिशका पुस्तकहरु पनि पढ्ने मौका मिल्यो । मद्रासबाट मामाहरुको आउने जाने क्रम चलेको थियो, उहाँहरुले पनि हिन्दि उपन्यास, कमिक्स र फिल्मको बारेमा लेख्ने म्यागेजिन ल्याईदिनुहुन्थ्यो । रिडर्स डाईजेस्ट भन्ने म्यागेजिन पनि एउटा लाहुरेको छोराले ल्याउँथ्यो, कनिकुथी त्यो पनि पढिन्थ्यो ।

स्कूल छोडेको पनि ३२ वर्ष भयो । अर्थात मैले बाल्यकाल छोडेको पनि त्यति नै भयो । मलाई पत्रीका पढ्ने अवसर दिएको त्यो पञ्चायत भवन छैन, पत्रीका ल्याईदिने र हुलाक टिकट दिने हुलाकी बा पनि छैनन्, शिवालयको खिरको रुख पनि छैन । भगत र भगताईन, त्यो इमिलिको रुख, आँपको अजंगको रुख पनि छैनन् । छन् त केवन मिठा सम्झनाहरु, कहिलेकाही भेट हुने स्कूले साथीहरु, जगदीश गुरुले दिएका केहि थान पुस्तकहरु । यिनै कुराले बाँच्न सघाईरहेका छन् ।

११.

शान्ति स्कूलको प्रयोगशालामा

“कृषि पढ़नेजति प्रयोगशालामा जाने रे !” चक्रपाणिले पहिले आफुले झोला बोकेर बाहिर दगुर्दै भन्यो । हामीहरु आआफ्नो झोला टिपेर भूकम्प आउदा भागे झैँ आँधिबेगमा प्रयोगशालातर्फ दगुर्यौ ।

प्रयोगशाला....

शान्ति स्कूलको मुख्य भवन र पश्चिम तर्फको जगदीश गुरुको पुरानो क्वाटर विचका सानोसानो हल भन्न सुहाउने एउटा भवन थियो । त्यस हलको ढोकामा टिनको प्लेटमा प्रयोगशाला लेखिएको थियो । त्यो प्रयोगशालाको भित्र एउटा सानो कोठा थियो (लामो समय सम्म त्यो कोठामा के राखिएको थियो भन्न थाहा पाईएन) ।

पहिलोपल्ट प्रयोगशाला पस्न पाउदा सबै जना खुशी थियौ । प्रयोगशाला भनिएको कोठामा ठुलाठुला टेबल, टेबलको वरिपरी विद्यार्थी बस्नको लागि कुर्सीहरू थिए । भित्तामा विज्ञानका विभिन्न चार्टहरु झुन्ड्याइएको थियो । छेवैको दराजमा विज्ञानका किताबमा देखेका थुप्रै वस्तुहरु थिए, अनि एउटा कुनामा काँडाकाँडा भएको खुट्टाले घुमाउने मेशिन थियो (जुन धान झार्ने थ्रेसर रहेछ) ।

यदुनन्दन सर कक्षामा पस्ने बेलासम्ममा प्रयोगशाला कुनाकाप्चा चाहारियो, घुम्ने मेशिन घुमाइयो, सानो कोठाको ढोकाको चेपबाट भित्र चिहाईयो ।

यदुनन्दन सर आएर कृषि शिक्षा पढाउन शुरु गर्नु भयो, हामी विद्यार्थीहरु मन्त्रमुग्ध भएर उहाँको प्रवचन सुन्यौ, शान्तिमा पढेर कृषिमा सफलता पाएका विद्यार्थीहरुका कथा सुन्यौ । बाहिर निस्कदा मैले आफु जेटिए बनेको सपना देखिसकेको थिएँ । यदुनन्दन सरको पढाउने तरिका जीवन्त थियो । (विद्यार्थीलाई विषयवस्तुमा चुर्लुम्म डुबाउन सक्ने सरको रिस पनि कम्ति त् थिएन है ।) ३ वर्ष प्रयोगशालामा कुनै

प्रयोगात्मक कार्य त गर्न पाइएन तर त्यो कोठामा यदुनन्दन सरले पढाएको कृषि शिक्षा भने जीवनभरी काम लागिरहेको छ ।

त्यतिबेला ऐच्छिक गणित र विज्ञान पढ्नुलाई अप्सनल पढ्ने भन्ने चलन थियो । उमा दिदि(विज्ञान शिक्षिका)ले दोश्रो तलाको दक्षिण तर्फको कोठामा विज्ञान प्रयोगशाला बनाउनु भएको थियो । उहाँको प्रयोगशालामा पढ्ने रहरले सकीनसकी म पनि अप्सनल पढ्ने समुहमा मिसिए । हाम्रो ब्याचमा २४ जनाले अप्सनल पढ्न पाउने भयौ, त्यो पनि उमा दिदीको विज्ञान प्रयोगशालामा बसेर । हेमा पुन बाहेक अरु सबै केटाहरु । हेमा भाग्यमानी थिईन् , उनि पहिलो टेबलमा एक्लै राज गर्न पाउथिन् भने केटाहरुले २/२ जनाले एउटा टेबल पाएका थियौ । टेस्टट्युब, बिकर, ग्यासजार, फ्लास्क, कम्पास, शेल, चुम्बक, थर्र्मो्मिटर जस्ता विज्ञानका सामाग्रीहरुसंग त्यहि परिचित हुन् पायौ । उमा दिदीले निकै प्रयोगात्मक र रोचक ढंगले विज्ञान पढाउदा पछि क्याम्पसमा साईन्स पढेर ठुलो मान्छे बन्ने सपना बुनियो । उमा दिदिसंग अप्सनल साईन्स पढ्नुको अर्को

फाइदा पनि भयो । त्यो बेलामा मणिग्राममा झ्यालमा झुन्डिएर समेत टिभी हेर्न नपाइने बेलामा हामी साईन्स पढ्ने विद्यार्थीहरु भने उहाँको बैठक कोठामै बसेर रंगिन टिभीमा महाभारत हेर्न समेत पाइन्थ्यो ।

जगदीश गुरुले एउटा सेक्सनमा मात्र पढाउनु हुन्थ्यो । हाम्रो भाग्य भन्नु पर्छ हामी कक्षा १० सेक्सन ए का विद्यार्थीहरु जगदीश गुरुसँग पढ्न पाउने भयौ । गुरुसँग पढ्दा बल्ल थाहा भो- हामीले त अंग्रेजी विषयमा केहि सिकेकै रहेनछौ । तल्लो कक्षामा हेमराज सर, होमनाथ सर, छबिलाल सर, सुनकुमारी दिदिसंग अग्रेजी पढेको भएपनि सिक्न भन्दा पनि घोकेर अंग्रेजीमा येनकेन पास हुने ध्याउन्नले अंग्रेजी विषय हाउगुजी बनिरहेको थियो । जगदीश गुरुले कक्षाका भएका विद्यार्थिसंग आलोपालो संगै बसेर ईगलिश ग्रामर, एस्से, कम्पोजिसन जस्ता कुराहरु छोटो समयमै पास हुन पुग्ने गरि सिकाउनु भयो । उहाँको संगतले गर्दा एसएलसीमा धेरै विद्यार्थी फेल हुने ईग्लिश पनि पास गरियो र त्यहि जगमा अहिले पनि कनिकुथी अंग्रेजीको काम चलाइरहेको छु ।

मेरो लागि शान्ति स्कूल सिकाईको विशाल प्रयोगशाला बन्यो । अर्जुन उपाध्याय सरले मेजरिंग सिलिन्डर देखाएको भरमा घरमा औषधिका बोतलहरु काटियो, मिना दिदीले पुर्वब्यवसायिक पढाउदा थुप्रै माटोका मुर्तिहरु बनाइयो, गोपी दिदीले इतिहास पढाउदा राणा शासनको बारेमा बुझ्न बुढापाका मान्छेहरु खोज्दै हिडियो, अर्जुन ज्ञवाली सरले नेपाली पढाउदाको स्वादमा कविता, निवन्ध र दैनिकी लेख्न थालियो । दिलिप सर, लोकनाथ सर र केशव सरले ज्यामिती पढाउदा रुखको उचाई र कुलोको चौडाई नाप्दै हिडियो । प्रयोगशालारुपी शान्ति स्कूलमा सिक्न नपाएको भए, भोग्न र देख्न नपाएको भए मैले अहिले लेखन, पत्रकारिता, वकालत र प्राध्यापन गर्न कदापि सक्ने थिइन् ।

शान्ति स्कूल छोडेको २६ वर्ष वितिसकेको छ । स्कूलसंगका धेरै सामिप्यताहरु धमिला भैसकेका छन् तैपनि शान्ति स्कूलको सिकाइ अझै ताजै छ र त्यसैले जिन्दगीलाई डोऱ्याइरहेको छ ।

....कहिलेकाही सोच्छु - शान्ति स्कूलको प्रयोगशालातर्फ दौडन नपाएको भए जीवन कति कठिन हुन्थ्यो होला रु जीवन कति निरस हुन्थ्यो होला ?

१२.

दशैमा हराएको दक्षिणा

सधै दशैमा बा खलकमा टिका लगाएपछि मावली खलकमा टिका लगाउन जान्थ्यौ । त्यो वर्ष टाढाको आफन्त मरेर जुठो परेकोले बा आमाले टिका लगाउनु भएन । केटाकेटीले टिका लगाउन छुट भएकोले दिदि बहिनीहरुसंग मामाघर गएँ । हजुरबा हजुरआमा कतै टिका लगाउन जानुभएकोले घरमा हुनुहुन्थेन । एकजना मामा मात्र हुनुहुन्थ्यो । मामाले राडीमा लहरै राखेर हामी ५ जना केटाकेटीलाई टिका लगाईदिनुभयो । भर्खर एसएलसी पास गरेर क्याम्पस पढ्न थाल्नुभएको मामाले सकेसम्म मिलाएर आशिर्वाद दिनुभयो । तर हामीलाई आशिर्वाद भन्दा पनि दक्षिणाको चिन्ता थियो । मामाले सबैको टाउकामा जमरा घुरारेपछी दक्षिणा पाइने पक्का थियो । मामाले टिका लगाएको हात पुछपाछ गर्नुभयो । अब कति दक्षिणा पाइन्छ भनेर मामाको हातमा हेर्यौं ।. तर मामाले

दक्षिणा दिनुको साटो हातमा एक एकवटा पहेला केरा राखिदिएर भन्नु भयो, “पोहोर पराल बोक्न गएको साढे सात रुपिया मैले भिनाजुसँग लिन बाकि छ, त्यहि पैसा मागेर ५ जना भान्जाभान्जिले बाँडेर लिनु ।”

हजुरबा घरमा नभएकोले दक्षिणा कम पाइन्छ भनेर मन खिन्न भैरहेको थियो, त्यसमाथि मामाको उधारो दक्षिणाले मन अमिलो भयो. रुन मात्र सकिएन. दशैमा २/४ रुपियाँ कमाउने सपना तुहिएकोले पिलपिल गर्दै घर आयौ ।

बाल्यकालमा दशैले केटाकेटीलाई उत्साहित बनाउनुमा मिठो खाना, राम्रो नाना र दक्षिणाको मुख्य भूमिका रहन्थ्यो । मालभोग केरा,च्युरा, मासु, सेलरोटी र अचार दशैका मुख्य परिकार हुन्थे । हरेक वर्ष दोहोरिने यस्ता परिकारले केटाकेटीलाई खासै फरक पार्थेन । नयाँ नानाको रुपमा आकाशे रंगको सर्ट र निलो पाइन्ट पाइन्थ्यो । जसले दशैको नयाँ कपडा र स्कूलको ड्रेस दुबैको काम गथ्र्याे । खास महत्व त दक्षिणाको हुन्थ्यो । घरमा दुई रुपिया सम्म पाइन्थ्यो । आफ्नै मामा नभएकोले मामाघरको आम्दानि प्राप्त हुन्थेंन ।

आमाको साँइलो बाको घर नै हाम्रो मावल थियो । त्यहाँ टिका लगाउदा १/२ रुपिया आउने सम्भावना रहन्थ्यो । टिका लगाउन त गाउँका प्रायजसोको घर गईन्थ्यो, तर त्यहाँ केटीहरुलाई एक सुका मोहरसम्म दिएपनि केटाहरुलाई दक्षिणा दिन हुदैन भन्थे । टिका लगाइदिने कुनै दयालु परेछन भने केटाहरुले पनि १० पैसासम्म पाउने सौभाग्य पाउथे । त्यसैले मावल नभएका केटाहरुले जति घर चाहरेपनि ५ रुपिया पुऱ्याउन मुस्किल हुन्थ्यो ।

दशैमा जम्मा गरेको दक्षिणाले स्कूल खुलेपछि फुर्मास गर्न पाइने भएकोले दशैमा सकेसम्म धेरै दक्षिणा जम्मा गर्ने ध्याउन्नमा हामी केटाकेटीहरु हुन्थ्यौ । धेरै घरमा टिका लगाउदा धेरै दक्षिणा पाइने सम्भावना हुने भएकोले बा आमासँग बोलचाल हुने सबैको घरमा, गाउका गण्यमान्यको घरमा, आफन्तको पनि आफन्तको घरमा टिका लगाउन पुगिन्थ्यो ।

कान्छोबाको ससुराली नाता पर्नेको घर नजिकै थियो । उनीहरुमध्ये एकजनासँग ठुलोबाको मितेरी नाता समेत थियो ।

कान्छी आमालाई बहिनि भन्ने भएकोले उनका छोराछोरीलाई भान्जा भान्जी भन्थे । त्यो नाताले हामिहरुपनि भान्जा भान्जी नै भैयो । एकसाल कान्छो बाका छोराछोरी पार्वती दिदी, नारन दाई, मैया र किष्णसंग मेरा बहिनीहरु र म पनि उनीहरुको मामा पर्नेको घरमा टिका थाप्न गयौ । टिका लगाईदिएर बहिनीहरुलाई १०/१० पैसा दिएपछि घरमुलिले भने" यिनीहरु त कन्या भएकोले दक्षिणा दिएँ, तिमीहरु त छोरा हौ क्यारे, छोरालाई पैसा दिन भएन ।"

फेरी मन अमिलो भयो । ५/१० पैसा दक्षिणा पाउने सपना तुहियो । कन्सिरी तात्यो । मैले त दक्षिणा पाइन् नै , उनले भान्जा भन्ने नारन दाइले समेत छोरा भएकोले दक्षिणा पाएनन्न् । त्यसपछिका वर्षहरुमा दशैंमा उनका घरतिर फर्केर पनि हेरिएन.

केहि आफन्त पर्ने र केहि गाउले पण्डित र पाका मान्छेहरु भएको घरमा बा आमा टिका थाप्न जानुहुन्थ्यो- आशिर्वाद लिन भनेर । हामी केटाकेटीहरुपनि पछी लागेर जान्थ्यौ । बा आमासँग जादा बहिनीहरुसंगै मैलेपनि एक सुकासम्म हात पार्थें । दिपनगरदेखि शान्तिनगरसम्म कसले केटाहरुलाई दक्षिणा

दिन्छन, कसले ५/ १० पैसा वा सुका मोहर दिन्छन, कसले दक्षिणा दिन्नन भन्ने हामीलाई पत्तो हुन्थ्यो । मनमा बनाएको त्यहि सुची अनुसार अर्को वर्षको दशैमा टिका लगाउन जान्थ्यौं । दिपनगरमा खनाल र घिमिरे खलक, ज्योतिनगरमा लोकनाथ पण्डित, छिमेकी कुरुन्चेली साइलोबा/ आमा, नेपानेबाहरु, बलामेबा नाता नपरेपनि केटाहरुलाई टिका लगाएर दक्षिणा दिनेमा पर्थे । ठुली आमाको नाता पर्ने ढकालमामा, पुड्के भण्डारी, कटहरे पण्डितले पनि केटाहरुलाई दक्षिणा दिन्थे । त्यसैले उनीहरु हामी केटाकेटीलाई निकै मन पर्थे ।

कहिलेकाही हातमा आउने लागेको दक्षिणा पनि फुस्कंथ्यो र पुरै दशैँ खल्लो बन्थ्यो । एकपटक दशैमा एकजना टाढाको आफन्त पर्नेको घरमा टिका लगाउन गएँ । उनको छोराले बम्बैमा राम्रै काम पाएकोले उनले अघिल्लो वर्षदेखि दक्षिणामा उदारता देखाउन थालेका थिए । उनले केटाकेटीलाई पनि एक दुई रुपियाको कट्कटिया नयाँ नोठ दिन्थे । टिका लगाउन पुग्दा टिका थाप्नेको लाइन थियो । उनले टिका लगाईदिदै नया नोठ दिइरहेका थिए । नाति पर्ने भएकोले मैले पनि नया नोठ पाउने निश्चित थियो । मेरो पालो आउनै लाग्दा एकजना

मान्छे हस्यांगफस्यांग गर्दै आएर हजुरबाको कानमा फुस्फुसायो । उनले आत्तिदै धारामा गएर निधारको टिका पखाले । हामी केटाकेटीले केहि बुझ्न सकेका थिएनौ । परिवारमा आपसमा खासखुस चल्यो अनि सुक्क सुक्क रुन पनि थाले । पछी थाहा भयो- हिजै उनका आफन्त मरेका रहेछन, मान्छेले खबर लिएर आउदा दशैको दिनमा बल्ल आइपुगे । त्यहाँ टिका लगाउने कार्यक्रम अन्त्य भयो । मुखैमा आएको आहारा फुस्किए झैँ भयो ।

माइली आमाका सोल्टी थिए एकजना । हामि सानो बा भन्थ्यौ । उनि वर्षमा आधा भन्दा बढी समय कतै हराउथे र आधा समय मात्र घरमा झुल्किन्थे । दशैको दिन कताबाट हाम्रो घरमा टुप्लुक्क आए । बा आमाको हातबाट टिको थापे । मेरा बहिनीलाई पनि टिका लगाएर एकएक रुपियाको डबल दिए. मलाई पनि टिका लगाईदिएर् गोजी छामछुम गरे । पैसा रहेनछ । त्यसपछि उनले भने " मसंग पैसा सकिएछ, मसंग घर हिड, उतै दिउला"

एक रुपियाको सवाल थियो । म पछी लागें. घर पुग्दा सानिमा पनि रहिछन । उनले पनि टिका लगाईदीइन् । सानोबाले एक रुपियाको ढ्याक हातमा राखिदिए । सानिमाले " छोरालाई पनि कसैले दक्षिणा दिन्छरु" भन्दै त्यो ढ्याक मेरो हातबाट च्यात्त खोसेर लगिन. सानोबाले जति भनेपनि उनले फिर्ता दीईनन्, बरु केटाकेटीको बानी बिगार्ने भन्दै सानोबालाई गाली गरिन् । म रुन्चे अनुहार बनाएर अँध्यारोमा घर फर्कें ।

जति कोशिस गरेपनि दशैमा १० रुपिया दक्षिणा पुऱ्याउनै सकिएन ।

एकसाल भने सोचेजस्तो भयो । त्यो साल दशैमा टिका लगाउन भारतबाट सानिमा र सानोबा पनि मामाघर आएका रहेछन । हजुरबाले टिका लगाईदिएपछि उनीहरुले पनि टिका लगाइदिए. सानोबाले आइसी ५ रुपिया र सानिमाले आइसी २ रुपिया दिए । त्यतिबेला भारतीय एक रुपियाको १६५ वा १६८ पैसा यस्तै कति हुन्थ्यो । घरमा पाएको दुई रुपिया, मावलमा पाएको २ रुपिया सहित थप करिब १२ रुपिया पाएको थिएँ । पहिलोपटक दशैमा टिका लगाएर १५ रुपिया भन्दा बढी रकम जम्मा गर्न पाउदा गजक्क फुलेको थिएँ म ।

फुरुंग हुदै घर आएँ । सदाको दशैँ जस्तै आगनमा लिंगेपिंग बनाएका थियौं । घर आउने बित्तिकै मच्चिमच्ची पिङ खेलें ।

दिदीबहिनीहरु जम्मा भएपछी दक्षिणाको कुरो उठ्यो. म पनि गजक्क पर्दै पैसा देखाउन खल्तीमा हात हालें ।

ला.... पैसा त छैन !

म असिनपसिन भएँ । यताउति खस्यो कि भनेर खोजें, मावलबाट आउँदा खस्यो कि भनेर दगुर्दैदगुर्दै मावलसम्म पुगेर फर्कें. पिङको वरिपरी, आगन, भान्साकोठा, सुत्नेठाउँ जतातत खोजें. अहँ, कति भेटिएन ।

बसेर रुनु सिवाय मैले गर्न सक्ने अर्को उपाय थिएन. म रोएपनि पैसा आउने कुरै थिएन् ।. जिन्दगीमा पाएको सबैभन्दा धेरै दक्षिणा र मैले मेरो भन्न पाउने सबैभन्दा ठुलो रकम हराएको थियो ।

त्यसपछि बाल्यकालमा दशैमा टिका पछि कहिल्यै दक्षिणाको आश लागेन । हजुरबाको निधन पछि मावलमा टिका लगाउन जाने क्रम टुट्यो । बा खलक र छिमेकी बाहेक अन्यत्र दशैमा टिका लगाइन । यसको सिधा अर्थ हो बाल्यकालभरि मैले दशैमा दक्षिणा पाइन् ।

१३.

दशैका च्युरा र शिलांगेको हावाजहाज

यताउता हेरें ।

सबै आफ्नै काममा ब्यस्त थिए । बिरालो चालमा म सिँढी चढेर हावाजहाज नजिक पुगे । भित्र पन्जाबी पाइलट थियो र उसको छेउको एक सिट र पछाडिका दुई सिटहरु खालि थिए । कसैले मलाई देखेको छैनन् भन्ने यकिन भएपछि म खुसुक्क जहाज भित्र पसे ।

म पहिलोपटक जहाज चढें ।

मैले मणिग्राममा जाँदा पहिलोपटक जुन जहाज देखेको थिएँ, त्यहि जहाज चढें ।

जहाजबाट पश्चिम तर्फ हेरें - बिशाल शान्ति स्कूल देखियो । मणिहरुको घर , भान्जा बाबुको घर, शिवालय मन्दिर, सुर्यमणि सरको घर, रोमणिको घर, पंचायत भवन, साझाको गोदाम पनि देखिए । शान्ति स्कूल पल्तिर कोइराला, र दक्षिणा दिदीको घर

पनि अनुमान लगाएँ । पहँेलपुर खेत अनि त्यो भन्दा परको १२ नम्बर र १० नम्बर पनि देखियो । रमाइलो लाग्यो ।

मणिग्राम चोक तर्फ हेरे- लामो बस रोकिएको थियो । कुन्जलापुर कुलोको नजिक रहेको बुढो चौपारी, हलुवाईको दोकान, पानवालाको दोकान, सुवेदीको कपडा पसल, सन्तोषी फोटो स्टुडियो, उमा दिदीको घर अनि तुलसीपुर कुलोको नजिक रहेको काठैकाठले बनेको पुरानो वन अफिस पनि देखिए । घर देखिन्छ कि भनेर जहाजको पछाडिको झ्यालबाट पुर्व हेरें ।

प्रेमनगर भन्दा पुर्व उत्तर ठम्याउन सकिन. दक्षिण पूर्वमा बसाने सिरको घर, गोपी दिदीको घर, गिर्वाण स्कूल, टिका भवन र धौदिखोलेको घर पनि देखियो । घनश्याम भुसालको घर अगाडिको कदमको बुटो अनि चार नम्बरदेखि धुलो उडाउदै मणिग्रामतर्फ आइरहेको ट्रयाक्टर पनि देखियो । जहाजका प्रत्येक झ्यालबाट मैले आखाले भ्याउन्जेलका ठाउँहरु हेरेर चिनेका घर र अन्य संरचना ठम्याउने प्रयत्न गरेँ ।.

“ ला च्युरा कुटाउने पालो आयो होला !” झल्यास्स सम्झे ।

जहाजबाट ओर्लेर सिँढीको मुखमा आएर तल हेरे । मलाई रिंगटा लाग्लाजस्तो भयो. बार नभएको सीँढीबाट तल ओर्लने हिम्मत भएन । बसेर क्वाँ क्वाँ रुन पो थालेछु ।

“ के मर्न चढेको होलारु ” म रोएको सुनेर शिलाँगेकी कान्छी बुढी भुत्भुताउदै माथि आएर मलाई समातेर ओरालिन् । तल आएर पिटुला झैँ गरिन , तर पिटिनन ।

चिउरा कुटाउने पालो आएको रहेछ. चिउरा कुटाएँ । नयाँ चिउराको मिठो गन्ध नाकभित्र पस्यो । भुस ननिख्रेको च्युरा हातमा राखेर फुकफाक गरेर फाँको हालेँ. । मिना दिदि, लक्ष्मी, पार्वती दिदि, सेती दिदि नारन दाईसंग चिउराको बोरा बोकेर मणिग्राम चोक हुदै खुर्मा दोकान नजिक आएर उत्तरतर्फ फर्केर हेरें, २ तलामाथिको शिलांगेको हावाजहाज सानो देखिएको थियो ।

“ मैले आज हावाजाज चढँे ” मैले चिउरे टोलीलाई सुनाएँ ।

उनीहरुले पत्याएनन । मैले बेलीबिस्तार लगाएपछि उनीहरुले पत्याए । आफु मात्र चढेकोले कोहि रिसाए भने त्यति माथि चढ्दा लोटेको भए के हुन्थ्यो भनेर दिदीले गालि गरि । तर

मलाई त्यसले फरक पारेन, किनकि मणिग्राम पहिलो पटक पुग्दा देखेको शिलांगेको हावाजहाज चढेर किर्तिमान बनाएको थिएँ ।

भदौको दोश्रो सातादेखि हामी केटाकेटीको दशैँ शुरु हुन्थ्यो । स्कूलमा समयमा पुग्नु त पथ्र्यो तर फर्कन समय चाहिदैनथ्यो । स्कूल टाढा त थिएन तर स्कूल पुग्न युद्ध जिते झैँ गर्नुपथ्र्याे । शान्तिनगरदेखि ४ नम्बरसम्म बाटोमा ठुलाठुला गडाहा थिए, त्यसलाई छल्नको लागि कुलोको डिल र आलीबाट हिड्नु पथ्र्याे । मानिसहरु हिड्दा हिड्दै आली र डिल पनि भत्किएर गडाहा बनिसक्थे । सातकुलेमा भएका कुलोहरुमा पुल थिएनन, त्यसैले पानी तार्ने ढाँडलाई नै पुल बनाएर ज्योति स्कूल आउजाउ गरिन्थ्यो । भदौको दोश्रो सातामा भने कुलोमा पानी घट्ने, बाटोका गडाहा सानो हुने भएकोले स्कूल जान सजिलो हुन्थ्यो । खोल्सा, कुलो, नाला र आहाल अनि खालाखेतमा पानी घटेपछि माछा मार्न हिड्न पाउदा दशैँ आएजस्तो हुन्थ्यो । माछा नखाने भएपनि पानी फालेर माछा छोप्ने, आफैले बल्छी बनाएर वा गच्का बनाएर माछा मार्नु केटाकेटीको लागि रमाइलो क्षण बन्थ्यो । सोह्र सराद्धे लागेपछि अरुले देखिनेगरी माछा मार्दा गालि खाने

भएकोले अरुले नदेख्ने ठाउमा माछा मार्न/ छोप्न जान्थ्यौ । एकसाल लुकेर भोटिमाछा छोप्न भनेर काठको डँुड भित्र पसेको बेलामा भित्र अड्किएर धन्न मरिन । त्यसपछि माछा मार्न छोडेँ ।

दशैँ आएको संकेत आगन र बाटोमा सुक्दै गरेको हिलो अनि पहँेलिदै गरेका खेतले दिन्थे । स्कूल नजान घटस्थापना नै कुर्नु पर्थेन । २/४ दिन अघिदेखि नै स्कूल जाने काम बन्द भैसक्थ्यो । त्यसपछि हामी फुकेको साँढेजस्ता हुन्थ्यौ । मद्रहानी कुलोको छेउछाउ पहेलो माटो लिन जानेहरुको लस्कर हुन्थ्यो । माटो निकाल्न खनिएका खाल्टाहरु सुरुंगजस्ता बनेका हुन्थे । अचेल माटो लिन जादा पुरिएर मान्छे मरेका खबरहरु धेरै सुनिन्छन । तर मेरो गाउँ र वल्लोपल्लो गाउँमा कहिल्यै त्यस्ता दुखद घटना सुन्न देख्न परेन । घर लिप्नु अघि खेतको माटो ल्याएर त्यसमा गहँुको भुस मिसाएर मुछ्थ्यौं र भत्किएका भित्ताहरु मर्मत गथ्यौ । भिता सुकेपछि बल्ल पहेलो माटोले लिपपोत हुन्थ्यो । भित्तामा आधा पहेलो माटो र आधा रातो माटो लगाइन्थ्यो । रातो माटो ४ नम्बर धनपतिको दोकानबाट किनेर ल्याइन्थ्यो । एकसाल बाबियो काट्न जाँदा चरंगे गाउँ माथि कमरे खोलामा कसैले

कमेरो भएको पत्ता लगायो । त्यसपछि खोला तर्न सक्ने बलियो केटाको नेतृत्वमा चरंगे गाउँ माथि पुगेर कमेरो ल्याएर लिप्न थालियो । कमेरो ल्याउन नसक्दा धनपतिको दोकानमा गएर चुना ल्याएर लगाउन थालियो । त्यसपछि हो गाउँका भित्ताहरुले सेतो र रातो रंगले रंगिने अवसर पाएको ।

सालको पात टिप्न मेरो घर अगाडिको बाटो हुदै नजिकैको वनमा पुग्ने हुलले दशैँ नजिकै आएको संकेत गथ्र्यो । दशैको लागि दुना टपरी खुटने काम सबै घरमा हुन्थ्यो । टपरीमा सेलरोटी, नयाँ चिउरा र पाकेको केरा अनि दुनामा काँक्राको अचार, तरकारी खाने चलन भएकोले नयाँ दुना र टपरी सबैका घरमा खुटिन्थ्यो । २०५० को छेउछाउसम्म दशैमा सालका दुना टपरी नै प्रयोगमा आउथे । त्यसपछि बल्ल स्टिलका प्लेट चलेका हुन् हाम्रो गाँउतिर ।

दशैमा टिका लगाउन आउनेलाई नयाँ च्युरा अनिवार्य दिइन्थ्यो । चिउरा बनाउनको लागि धान छुट्टै रोपिन्थ्यो । च्युरा कुटाउन जाने उत्साह छुट्टै हुन्थ्यो । ठुला ताउला, हौदी र गाईलाई दाना खुवाउने ठुला काठका डुडी सफा गरेर त्यसमा धान भिजाइन्थ्यो ।

टोलभरिका सबैले एकै दिन धान भिजाउथ्यौ । एक दिन धान भिजाएर पानी तारेर बोरामा राखेर बोकेर च्युरा मिलमा गईन्थ्यो । पानी तपतप चुहाउदै मिलमा पुग्दासम्म कपडा पुरै भिजेको हुन्थ्यो । तैपनि च्युरा कुटाउन जान हामि केटाकेटी निकै उत्साहित हुन्थ्यौ । उत्साहको पछाडी तिन कारण थिए(नयाँ च्युरा शुरुमै खान पाइने, मोटर गाडी हेर्न पाइने र चिउरा कुटाउदा फर्केको पैसाले मिठाई किन्न पाइने ।

तिनताका नयाँमिलमा गुरुङको चिउरा मिल (हालको भगवती च्युरा), फर्सुरामको पछाडिको चिउरा मिल, अनि मणिग्रामको शिलांगेको चिउरा मिल धेरैका रोजाइमा पर्थे । हामीहरु प्रायजसो नयामिलमै जाने भएपनि मेरै जिद्दीले त्यो साल मणिग्राममा रहेको शिलाँगेको चिउरा मिलमा गएका थिया हामि गाउँले केटाकेटीहरु । सकेसम्म जहाज चढ्ने र त्यो अवसर नपाए जहाजलाई नजिकबाट हेर्ने, मिल परिसरमा रहेका सुन्दर मुर्तिहरु हेर्ने रहरले मलाई मणिग्राम डोऱ्याएको थियो ।

आखिर मैले मणिग्राममा पुगेर हावाजहाज चढेरै छोडे ।

धेरैलाई अचम्म लाग्ला कस्तो जहाज थियो त्यो ?

माथि यतिका कुरा लेखिसकेपछि मैले शिलांँगेको बारेमा लेखिन भने अन्याय नै हुन्छ ।

बुटवलदेखि ६ किमी दक्षिण ड्राइभरटोल भन्ने ठाउँ छ । त्यहि ठाउँमा शिलाङबाट आएर बसेका थिए शिलांगे । निकै गफाडी र मेहनती थिए । कलाका पारखी उनले आफ्नो घर परिसरमा अनेकौ मुर्ति र शालिकहरु बनाएका थिए । शिवालय बनाएर त्यसको अगाडी शिवको आराधना गरिरहेका राजाको शालिक बनाएका थिए । सडक क्षेत्रमा उनको मन्दिर परेकोले मन्दिरलाई सडक विभागल भत्काउन नसकोस भनेर अगाडी राजाको शालिक बनाएका थिए रे ! हाल ड्राईभरटोलको खानेपानी टंकी भएको स्थानदेखि पुर्व ठुलो पोखरी बनाएर त्यसमा विष्णु भगवान र अन्य देवी देउताको मुर्ति बनाएका थिए । यो क्षेत्रमै पहिलो आधुनिक र व्यवसायिक ढंगले पशुपालनको शुरुवात उनैले गरेका थिए । शिलाँगेले ड्राइभरटोलमा सिँढिबाट तल ओर्लन मिल्ने इनार बनाएर त्यसबाट पानी तानेर टंकीमा जम्मा गरि नजिकै खानेपानी वितरण गरेका थिए । उनै शिलाँगेले मणिग्राममा दुईतले घर बनाएर त्यो घरको छतमा कंक्रिटको हवाईजहाज पनि बनाएका थिए । नौकट्टिबासीले देखेको पहिलो जहाज त्यहि थियो र म त्यहि जहाजमा चढ्न पाएर मख्ख परेको थिएँ ।

अहिले शिलाँगेको जहाज छैन, उनले बनाएका दर्जनौ मुर्तिहरु छैनन्, पोखरी , इनार, गाई र भैसी फार्म र पानी टंकी पनि छैनन् । शिलाँगे अचेल रजहरतिर कतै गुमनाम जीवन विताईरहेका छन् रे ! उनि सम्झनाबाट विस्तारै धमिलिदैछन । तर नौकट्टि (हालको तिलोत्तमा नगरपालिका) मा हुर्केका म जस्तै धेरै जना र ड्राइभरटोलहुदै भैरहवा बुटवल ओहोर दोहोर गरेका मान्छेहरुको स्मृतिमा मणिग्राममा छतमाथि रहेको हवाईजहाज, ड्राइभर टोलको पानीटंकी अनि अंग्रेजसंग युद्ध गरिरहेका गोर्खाली सिपाहीको शालिक भएको मुर्तिवाला घर रहिरहेको छ ।

दशैँ आउदा हरिया टपरीमा पाइने नयाँ च्युराको बास्ना अनि शिलाँगेको जहाजसंगै बाल्यकाल झलझली आँखा अगाडी घुमिरहन्छ ।

१४.

शान्ति स्कूलसंगका सम्झनाहरु

“ म भित्र आउन सक्छु मिस ?“ मैले दाहिने हात अघि सार्दै डराईडराइ कक्षाको ढोकामा उभिएर भने ।

मेरो सम्बोधन सुनेर सबै बिद्यार्थिहरु हाँसे (कारण थियो- मे आई कम इन भन्ने वाक्यलाई मैले नेपालीमा भनेको थिए । साथीहरु हाँसेको सुनेर म लाजले पानीपानी भएँ ।

राधिका मिसले मलाई भित्र बोलाउनु भयो र सबैलाई भन्नु भयो ”मे आइ कम ईन भन्नु र म भित्र आउन सक्छु भन्नु एउटै हो ।” चार कक्षामा शान्ति स्कूल टेक्न पुगेको म बबुरोलाई के थाहा कक्षामा कसरी प्रवेश गरिन्छ भन्ने ? म पढेको ज्योति निमाविमा त कक्षामा पस्दा सोध्ने पर्थेन, ढोका, झ्याल जहाँबाट पनि नसोधी कक्षामा गईन्थ्यो, कसैले केहि भन्थेन । ३ कक्षाको अम्तिम दिनतिर माया मिसले भन्नु भएको थियो-अब तिमीहरु ठुलो स्कूलमा जानेछौ, त्यो स्कूलमा

कक्षामा पस्दा मे आइ कम ईन सर भनेर सोधेर मात्र जानु पर्छ ।

अंग्रेजीको ए बि सी डि... पनि नजानेको हामीहरुले एकै स्वरमा सोधेका थियौ -के भन्ने अरे मिस ?

माया मिसले बढो मायालु पाराले सम्झाउदै भन्नु भएको थियो- म भित्र आउन सक्छु रु भनेर भन्ने ।

म ४ नम्बरको ज्योति प्रावि (हाल निमावि)मा कक्षा ३ सम्म पढेर आज भन्दा ३२ वर्ष अघि ४ कक्षा पढ्न शान्ति स्कूल पुगेको थिएँ । आकाशे रंगको सर्ट, निलो जाँघे र ढाकाटोपी लगाएको म शान्ति स्कूलमा पढिरहेका अन्य पुराना विद्यार्थीको लागि पाखे थिएँ । शान्तिमा पढिरहेका पुराना विद्यार्थीहरुले मलाई जिस्काएर हैरानै पार्थे । त्यो दिन उनीहरु हासेपछि त म निकै लज्जित भए । मैले प्रण गरे -अब म बाहिर निस्कन ।. हुन पनि म ४ कक्षामा पढुन्जेलं मे आइ कम ईन भन्ने गरि कहिल्यै बाहिर गईन् ।.

शान्तिमा २ कक्षा देखि नै अंग्रेजी पढाइ हुने तर मैले तल्लो कक्षामा अंग्रेजी नपढेको हुनाले ४ कक्षामा निकै दुख पाउनुपयो

। हामीलाई अंग्रेजी पढाउने प्रकाश ढकाल सर कक्षामा प्रवेश गर्ना साथ मेरो सातो जान्थ्यो । धन्न बोर्डिंग पढेर ४ कक्षा त्यो स्कूलमा पढ्न पुगेको महेन्द्र नेपालको सहयोगले गर्दा मैले ४ कक्षाको अन्त सम्ममा ए,बि,सी,डि,..... र केहि अंग्रेजी शब्दहरु सिक्न सकें । साथीबाट शुरु भएको अंग्रेजी सिकाईलाई कक्षा ६ मा आईपुग्दा छबिलाल सर, कक्षा ९ मा सुनकुमारी दिदि र कक्षा १० मा आदरणीय जगदिश गुरुको शिक्षणले सुधार्दै लग्यो ।

कमल ज्ञवाली सरले कक्षा ५ मा बनाइदिएको गणितको जगमा केशब न्यौपाने सर, ॥सर, र दिलिप सरले मलजल गरिदिनु भयो । उहाँहरुको साथ पाएर नै हो मैले गणित बुझेको र त्यहि साथले गर्द अहिले पनि मलाई गणित सजिलो लाग्ने विषय बनेको छ । त्यतिखेर मिस, म्याडमलाई दिदि भनेर सम्बोधन गरिथ्यो । दक्षिणा दिदि, राधिका दिदि, लक्ष्मी दिदि, मिना दिदि, बिन्दुरेखा दिदि, सुनकुमारी दिदि, शारदा दिदि, गोपी दिदि, गायत्री दिदिहरु वास्तवमै एकाघरका दिदि जस्तै हुनुहुन्थ्यो । उहाँहरुको मायालु पाराको शिक्षण अझै पनि झलझली सम्झनामा छ ।

अग्निराज उपाध्याय गुरु निकै कडा हुनुहुन्थ्यो । सस्क्रुतका विभक्ति र श्लोकहरु कण्ठस्थ पारेर सुनाउनु पर्ने । विद्यार्थीले गल्ति गरेको पटक्कै नसहने । उहाँको छोरा मेरो कक्षा १ देखिको साथि भएकोले कहिलेकाही उहाको घर जान्थें, त्यो बेला निकै माया गर्नुहुन्थ्यो ।

कक्षा ६ मा पुग्दा अर्जुनराज उपाध्याय सर जानुभयो(विज्ञान पढाउन । भर्खर आइएस्सी पास गरेर जानु भएको अर्जुन सरले प्रयोगात्मक ढंगले विज्ञान पढाउनुहुन्थ्यो, उहाँले नै हो मलाइ विज्ञानको रस चखाएको र विज्ञान पढ्ने मेरो ईच्छालाई बलियो बनाईदिनुभएको हो उमा राइले ।

अर्जुन सरले पढाउने काम मात्र नगरी हामीहरुलाई रेडक्रससंग परिचित गराउनु भयो र विभिन्न कार्यक्रममा जाने अवसर प्रदा गर्नुभयो. । उहाँकै उत्प्रेरणाले मैले कक्षा ६ मा पढ्दा जीवनमै पहिलोपल्ट कविता लेखेर प्रतियोगितामा भाग लिएको थिएँ । त्यो कविता अझैपनि सम्झना मै छ

"॥एशियाको उत्तर तर एउटा सानो देश छ

त्यो देशका राजा रानी जनता सबै वेश छ..."

अहिले सम्म विभिन्न पत्रपत्रिका ,म्यागेजिन , पुस्तक र बुलेटिनहरुमा हजारौ लेखरचनाहरु लेखियो होला , यी सबैको शुरुवात थियो त्यहि कविता अनि मलाई अहिले सम्म निरन्तर लेखिरहन प्रेरणा दिइरहने कुरा बनेको छ त्यो कविता वाचन गरेपछि अर्जुन सर, अग्निराज गुरु, जगदीश गुरु, गोपी दिदीले भन्नु भएको "स्याब्बास" शब्द ।

कक्षा ८ मा पुगेपछि कृषि शिक्षा विषय पढ्ने अवसर पाइयो । यदुनन्दन सरले कृषि पढाउनु हुन्थ्यो । कृषिको महत्व, कृषि कर्म , कृषि शिक्षामा भविस्य बारेमा उहाँको कुरा सुन्दा मलाई एसएलसी पास गरेर जसरि भएपनि कृषि पढ्नुपर्छ भन्ने हुटहुटी जागेको थियो । म पुग्नु भन्दा केहि वर्ष अघि सम्म शान्ति स्कूल व्यवसायिक स्कूल भएकोले त्यहाँ प्रसस्त कृषि उपकरण भएकोले गर्दा कृषि प्राविधिक बनेर त्यस्ता उपकरण चलाउने, बनाउने सल्लाह गर्दथ्यौं हामीहरु । तर, पछि त्यो बाटो नै हिडिएन ।

कक्षा ९ मा पुग्ना साथ पंचायत विरुद्धको आन्दोलन शुरु भयो, १० कक्षामा लाग्ने दाजुहरुको लहैलहैमा लागेर विद्यार्थी जुलुसमा हिडियो । पंचायतको विरुद्ध संघर्ष गर्नुपर्छ भन्ने

राजनैतिक चेतना भरिदिने काम अर्जुन ज्ञवाली सरले गर्नु भएको थियो । त्यसबेला नै एउटा विद्यार्थी संगठनको सदस्यता लिएको थिएँ । त्यसबेलाको राजनैतिक निष्ठा अहिलेपनि कायमै छ, सक्रिय रुपमा नदेखिएपनि ।

कक्षा १० मा पुग्दा विज्ञान पढाउने उमा राई, अंग्रेजी पढाउने जगदीश गुरु, गणितका दिलिप सर, ऐच्छिक गणितका केशव सरले गरेको मेहनतले गर्दा नै मेरो शिक्षाको राजमार्ग बनेको हो, नत्र त त्यसबेला पढने पर्छ भन्ने संस्कार पो कहाँ बसिसकेको थियो र?

चालीसको दशकमा शान्ति स्कूल रुपन्देहीको अग्रणी शैक्षिक सस्था बनेको थियो । शान्ति स्कूलमा पढ्नु गर्वको विषय हुन्थ्यो । यसो हुनुको मुख्य कारण जिल्ला स्तरीय परिक्षा र एसएलसीमा विद्यार्थीले ल्याउने नतिजा थियो । शान्तिमा भर्ना पाउनु पनि गर्वको कुरा हुन्थ्यो । पूर्वमा मोहनाजोत, उत्तरमा बुटवल, दक्षिण टिकुलिगढ़, चिल्हिया र पश्चिम तिनाउ किनारा सम्मका विद्यार्थीहरु शान्तिमा भेटिन्थे । अहिलेजस्तो बाटोघाटो र सवारी साधनको सुबिधा नभएकोले अधिकांश विद्यार्थीहरु डेढ घण्टासम्म पैदल यात्रा गरेरै स्कूल सम्म

आउथे । बोर्डिंग स्कूलको प्रचलन नभएकोले हालको तिलोत्तमा नगरपालिकाका उच्च वर्गीय परिवारको रोजाइमा पनि शान्ति स्कूल नै पर्दथ्यो ।.कक्षा ६ देखि १० सम्म न्युनतम २ सेक्सन थिए। म पढ्दा कक्स्षा ९ मा ४ र १० मा ३ सेक्सन थिए ।. धेरै सेक्सनहरु भएकोले कक्षामा पढ्ने सबै साथीहरुको नाम अहिले याद छैन तर एउटै सेक्सनमा पढ्ने मनोज कुमार गौतम, पंकज गौतम, कपिल पाठक, चक्रपाणि पाठक, कृष्ण गौतम, जलेश्वर उपाध्याय, हेमा पुन, खगेन्द्र ढकाल, विनोद प्रसाद पाठक, सुर्य प्रसाद अर्याल,रुद्र प्रसाद पाण्डे, गिरधारी रिजाल, हुमनाथ पौडेल, निरन्जन पौडेल, अन्जन धिताल, राम प्रसाद नेपाल,मुरारी पराजुली, पारस घिमिरे, पशुपति पाण्डे, भवानी खाँड,सुरेश भट्टराइ, तनुजा भट्टराई संग संगै पढेको, स्कूलका गतिविधिहरुमा भाग लिएको, शिक्षक नहुदा रामेश्वर मन्दिरमा खेल्न गएको सम्झनाहरु ताजै छन् । यी साथीहरु मध्ये धेरैसँग एसएलसी पछि भेट भएको छैनं तर उनीहरुसंग विताएका दिनहरुले अहिलेपनि प्रफुल्लित बनाउछ ।.

३०को दशकमा व्यवसायिक धारको स्कूल भएकोले शान्तिलाई शान्ति व्यवसायिक नमुना मावि भनिन्थ्यो । शान्ति माविबाट

कृषि अध्ययन गरेका विद्यार्थीहरु कृषि मन्त्रालयका विभिन्न तहमा जागिरे भएको र उनीहरुले पाएको सफलताका कथाहरु यदुनन्दन सरले सुनाउदा हामि साथीहरु कृषि विषय पढ्ने योजना बनाउथ्यौं । अझ विद्यालयको वार्षिकोत्सवमा शान्तिमा कृषि क्याम्पस बनाउने कुरा गर्दा हाम्रा सपनाहरु पुरा हुन्छन झैँ लाग्थ्यो । एनेक्स कार्यक्रम अन्तर्गत मेकानिकल ईन्जीनियरिंग विषय पढाई हुने भएपनि शान्ति स्कूलमा कृषि प्रविधिको पढाई शुरु हुन् सकेको छैन.। ५० को दशकमा विद्यालयको शैक्षिक अवस्था केहि खस्किएको भएपनि घनश्याम ज्ञवाली सरको प्रधानाध्यापकत्व कालमा विद्यालयले गति लिन सक्यो । अहिले कुल प्रसाद लामिछानेको नेतृत्वमा शान्ति स्कूलले भौतिक र शैक्षिक क्षेत्रमा ठुलो फड्को मारिरहेको छ । एसएलसी परिक्षा र अन्य गतिविधिमा विद्यालय अब्बल बनेको छ । यति हुदाहुदैपनि प्राविधिक महाविद्यालय बन्न सकिरहेको छैन । शान्तिले गुणात्मक फड्को मारिरको बेलामा अहिलेकै नेतृत्वमा कृषि, मेकानिकल, कम्प्युटर जस्ता विषयमा शान्तिले प्राविधिक धार तर्फको पढाइ शुरु गर्न असम्भव देखिदैन ।

शान्तिले वर्तमान संम्म हासिल गरिरहेको उपलब्धि हेर्दा आफु त्यो स्कूलको विद्यार्थी भएकोमा गर्व महसुस हुन्छ. विभिन्न कलेज र विद्यालयमा २० वर्ष शिक्षण गरिसक्दा पनि अहिलेपनि कसैले तपाँईको स्कूल भन्दा शान्ति स्कूलकै चित्र अगाडी आउछ । शान्तिका आदरणीय गुरु गुरुमाको शिक्षण शैलीले मलाई शिक्षक बनायो, उहाँहरुका हौसलाले लेखन र पत्रकरितामा उभ्यायो अनि यहाँबाट प्राप्त शिक्षाको जगले मलाई कानूनकर्मी समेत बनायो । एसएलसी पछिका २६ वर्षहरु वितिसकेका छन्. तरपनि सम्झनामा ताजै छन््-

यदुनन्दन सरको कृषि शिक्षा

गोपिदिदिको ईतिहास

जगदीश गुरुको ईंग्लिस ग्रामर

रामेश्वर शिवालयको इमिलिको बोट

पंचायत कार्यालयको पत्रिका चोरी

केशब सरको माया, पशुपतिको परेलामा पलाएको मासु, प्रेममणिका लौकाट.....आदिआदि ।

अनि हिडिरहेछु शान्ति स्कूलले कोरिदिएको बाटोमा ।

१५.

मेरो साईकल यात्रा

पहिलोपटक साईकल कहा देखें भन्ने ठ्याकै याद छैन। गाउँका बाटोहरु असोजसम्म गडाहा हुन्थे अनि हिउद र गर्मीमा कुहिरिमंडल धुलो उड्ने खालका हुन्थे. गोरुगाडाले बनाएका गहिरा खाडलले गर्दा बाटोमा हिड्नु भन्दा कुलोका डिल र खेतका आलीबाट हिड्न आनन्द लाग्थ्यो. सम्भवत २०३८ सालतिर मेरो गाउको बाटोमा कार्तिक पछी साईकल देखिन्थे।

त्यो बेलामा साईकल हेर्न र छुन पाउनु केटाकेटीको लागि ठुलो खुशी हुन्थ्यो. ड्राईभरटोलतिरबाट कोहि साइकल लिएर आएमा चपरहत्तिका केटाकेटीहरु साइकलको पछी दगुर्दै मेरो गाउको सीमासम्म आउथे, त्यसपछि साईकल छुने र पछी दगुर्ने पालो हाम्रो हुन्थ्यो. हामीपनि पल्लो गाउ सम्म दगुर्न पाउथ्यौ. साईकल छुने ठुलै बन्थ्यो।

४० सालतिर मणिग्रामतिर अलि साइकल देखिन थाले. बाका साथीभाई र स्कूलका सरहरु कहिलेकाही बालाई भेट्न घरमा आउथे. त्यो बेलामा बल्ल साईकललाई राम्रै छुन र डोर्याउन समेत पाइन्थ्यो।

४१ सालको माघतिर शान्ति स्कूलमा गएको बेलामा कमल सर र केपी सरले साईकलमा चढाएर फिल्म हेर्न बुटवल लगेपछि हो मज्जाले साइकल चढेको।

४२ सालतिर शान्ति स्कूलले बालाई साईकल दियो- स्कूलको खेतीपाती, ठेक्कापट्टा हेर्न सजिलो हुन्छ भनेर. त्येसताका अहिलेजस्तो बाटोघाटो, पुल कल्भर्ट कहा थिए र? असोजसम्म बाले घरभन्दा करिब एक किमी परै घरमा साईकल राखेर स्कूल आउजाउ गर्नुहुन्थ्यो।

अनुकूल हुदा म पनि बासंगै स्कूल जादा साइकल चढ्न पाएँ. बासँग देवदहका पुरातात्विक ठाउहरु, जंगलभित्र लुकेका भलुही र चरंगे गाउहरु त्यसबेला त त्उ हो मैले देखेको हिउदमा साइकल घरमा आउदा साइकल डोर्याउन र कैची चलाउन

सिकियो. साइकल चलाउन सिक्दा कतिपटक कुलोमा उत्तानो परियो, कति चोट लाग्यो भन्ने वर्णन गरिसाध्य छैन।

जे होस् साइकल सिकियो. ४३ सालतिर स्कूलको कामले बा एकहप्ता गोरखपुर गएको मौका पारेर साईकल बहुत चलाईयो. स्कूल छुटेर सिधा ३ किमीमा घर जानुपर्ने मान्छे डन्डी र क्यारियरमा साथीलाई राखेर शान्ति स्कूलदेखि १२ नम्बर, १० नम्बर, नयामिल, ड्राईभरटोल हुदै १० किमी भन्दा बढी यात्रा गरेर घर पुगिन्थ्यो।

त्यो बेलामा साइकल चलाउनुको मज्जा शब्दमा वर्णन गर्ने सकिन्न. ४५ सालको नाकाबन्दीमा पहिलोपटक साइकल चलाएर बुटवल आउजाउ गरियो- अन्चलाधिशले बनाईदिएको कुपनबाट चिनी र मट्टीतेल ल्याउनको लागि।

साइकल चलाउन जानेपछि १० कक्षामा पुग्दा बाले सेकेन्डहयाण्ड साइकल किनिदिनुभयो। स्कूल बंक गरेर त्यहि साइकलमा चढेर सौदागर फिल्म हेर्न गएर फर्केको त्यसबेलाका साथीहरु कृष्ण गौतम र प्रकश गौतमलाई पनि याद छ होला।

त्यो साइकल चलाएर एसएलसी दिइयो, बुटवल बहुमुखी क्याम्पसमा आईएस्सी पढियो. भुमहिदेखी सालझंडी अनि झुम्सादेखी नौतनवासम्म घुमियो। बीएस्सी पढ्दा मामाले निकै

हलुका र बलियो हुने तथा त्यो बेलाको महँगो मध्येमा पर्ने बीएसए साईकल किनिदिनुभयो। त्यसले एकाबिहानै बुबक्या पुगेर पढेर कालिकामा आएर जागिर खान निकै सघायो. क्याम्पस पढाउन थाल्दा (२०६०) सम्म त्यहि साइकलले साथ् दियो।

६० सालयता त्यो साइकल थन्किएको छ. दुखमा साथ् दिएको साथि हो. माग्ने र किन्न खोज्नेहरु धेरै भएपनि दिएको छैन. प्रेसपासले पनि काम नगर्ने "खतरा" नेपालबन्द वा हुलदंगा हुदा त्यहि साइकलले साथ दिन्छ, कहिलेकाही वल्लोपल्लो गाउँमा घुम्न निस्कदा पनि साइकलले सास फेर्छ।

साइकल चढ्दा जस्तो भेटघाट, बोलचाल र आत्मियता अचेल कहा पाइन्छ र ?

प्रायजसो सोच्छु- साइकल नहुदो हो भने मेरो पढाई १० कक्षा भन्दा अगाडी कसरि बढ्थ्यो होला? बाले साइकलको अगाडी राखेर मलाई गाउबस्ती नघुमाएको भए मलाई संसार हेर्ने बुझ्ने रहर कसरि पो लाग्थ्यो होला? ***समयचक्र प्रकाशित: जेठ २१, २०७९***

१६.

शिक्षाका ज्योति अर्थात जगदिश गुरु

“ हेर बाबु म त् जोगी मान्छे, जस्तो आएको थिए, उस्तै जादैछु तर यो मणिग्राम अर्कै भयो. जुग सुहाउदो भयो होला, जोगी सुहाउदो रहेन“ मणिग्राम चोकमा अन्तिम पटक जगदीश गुरुसंग भेट हुदा उहाँले बोलेका शब्दहरु हरेक पटक मणिग्राम पुग्दा कानमा गुन्जिरहन्छन् ।

जगदीश गुरु अर्थात् मणिग्राम क्षेत्रका शिक्षाका ज्योति जगदिश प्रसाद उपाध्याय । हालको तिलोत्तमा नगरपालिकाको मणिग्रामको सेरोफेरोमा अघिल्लो पुस्ताले निकै श्रद्धासंग सम्झने नाम हो -जगदीश गुरु । वि.सं. २००३ सालमा मणिग्राममा स्थापना भएको शान्ति स्कूल वि.स. २०२२मा हाइस्कूल तहको बनेको थियो । वि. सं. २०२४ सालमा शान्ति स्कूलका विद्यार्थीहरुले पहिलो पटक एसएलसी परिक्षामा सम्मिलित भएको भएपनि विद्यालयको शैक्षिक र भौतिक अवस्था राम्रो भएन । वि.सं.२०२६ सालमा विद्यालयको

वातावरण खल्बलिन पुगेको पुराना विद्यार्थीहरु बताउछन । यस्तो अवस्थामा जगदीश गुरुलाई शान्ति स्कूलको प्रधानाध्यापकको जिम्मेवारी प्राप्त भयो ।

विद्यालयको प्रधानाध्यापक बनेपछि जगदीश गुरु अथक रुपमा विद्यालयको भौतिक र शैक्षिक उन्नयनमा लागीरहनुभयो-२०५५ सालमा अनिवार्य अवकास नहुदा सम्म । झन्डै ३० वर्ष विद्यालयलाई नै आफ्नो घर बनाएर शैक्षिक उन्नतिको लागि मरिमेट्ने जगदीश गुरुको विद्यालय र विद्यार्थी प्रतिको लगाव अतुलनीय थियो । समयनिष्ट , सदाचार र प्रेमलाइ गुरुले कहिल्यै छोड्नु भएको देखिएन । जगदीश गुरुकै पालामा शान्ति स्कूलले जिल्लाको अब्बल विद्यालय बन्ने अवसर पायो अनि विद्यालयले उहाँको कार्यकालमा थुप्रै अब्बल विद्यार्थीहरु उत्पादन गर्न सक्यो, जुन उत्पादनहरु अहिले नेपालको केन्द्रिय राजनीति, प्रशासन, शिक्षा र सामाजिक क्षेत्र लगायत अन्तर्राष्ट्रिय क्षेत्रमा समेत विशिष्ट पहिचान बनाउन सफल भएका छन् ।

चालीसको दशकमा मणिग्राम क्षेत्रमा कुन्जलापुर, मणिग्राम र नयाँमिल क्षेत्रका विद्यार्थीहरुको अघोषित द्वन्द चल्थ्यो र

कतिपय अवस्थामा झडप समेत हुने गथ्र्या । त्यस्ता विद्यार्थीहरु भएपनि जगदीश गुरु छउन्जेल विद्यालय भित्र अनुशासनहिन कार्यहरु कहिल्यै भएनन् । हरेक विवादलाई शान्तिपूर्ण तरिकाले समाधान गर्ने र विद्यार्थीहरुको शिक्षा प्राप्तिमा हरेक तरिकाले सहयोग गर्ने जगदीश गुरुको शैली कुनै आदर्श महात्माको भन्दा कम थिएन । जगदीश गुरुकै सामिप्यता, प्रेरणा र सहयोगले धेरै गरिव परिवारका विद्यार्थीहरु, कन्याहरुले शिक्षाको उज्यालो देख्न पाएका थिए, यो कोनाबत जगदीश गुरुको योगदानलाई तिलोत्तमा नगरबासीले कहिल्यै भुल्न सक्नेछैनन ।

विद्यालय सुधार र शैक्षिक उन्नतिमा जगदीश गुरुको जति योगदान थियो , उतिकै योगदान शिक्षक आन्दोलनमा पनि रहेको थियो । भारतमा लामो समय बसेर अध्ययन र अध्यापन गरेकोले गुरुमा राजनैतिक चेतना धेरै थियो । जिल्लाका बिभिन्न ठाउका शिक्षकहरु शिक्षक र विद्यार्थीका समस्याहरु लिएर छलफल गर्नको लागि जगदीश गुरुलाई भेट्न आएको यो पंक्तिकारले धेरै पटक देखेको थियो । पंक्तिकारको बुवा जगदिश गुरुको विस्वासिलो कर्मचारी भएकोले उहाँको घर, कार्यालयमा पक्तिकारलाई जाने, बस्ने छुट थियो त्यसैले पनि सानोछँदा जगदिश गुरुका राजनैतिक गफ र शिक्षकसंगका सल्लाहहरु सुन्ने

मौका पाएको थियो । शिक्षक आन्दोलान उत्कर्षमा पुगेको समयमा पत्रकार तथा शिक्षक अर्जुन ज्ञवाली, चन्द्रमुर्ती कोइरालासंगै जगदीश गुरु समेत पाल्पा जेलमा थुनिनु भएको थियो । अग्रज पत्रकार अर्जुन ज्ञवालीका अनुसार थुनिएका धेरै शिक्षकहरु "अब आन्दोलनमा लाग्दिन" भन्दै कागज गरेर जेलमुक्त भएका थिए । तर जगदिश गुरुलाई भने प्रशासनले धम्क्याउदा र कागज गरेर छुट्न दवाव दिदा समेत शालीन ढंगले गुरुले सिडियोको कुरालाई तिरस्कार गरेर जेल जीवन नै स्वीकार गर्ने हाँक दिनु भएको थियो । शिक्षक आन्दोलनलाई उचाईमा पुऱ्याउन उहाँले प्रशासनलाई दिएको चुनौतीले उर्जा दिएको थियो ।

पंचायत विरुद्धको आन्दोलनमा जिल्लामै मणिग्राम क्षेत्रका विद्यार्थीहरुको योगदान उल्लेखनीय मानिन्छ । त्यतिबेला शान्ति स्कूल आन्दोलनको मोर्चा बनेको थियो र त्यो मोर्चालाई उत्प्रेरित गर्ने काम जगदिश गुरु, अर्जुन ज्ञवाली सरले गर्नु भएको थियो । शिक्षक संगठन प्रति आस्थावान भएको कारणले पंचायतको अन्त्य पछि केहि व्यक्तिहरुले उहाँलाई कम्निष्टे भनेर विभिन्न किसिमले दुख दिने, बदख्वाई गर्ने काम गरेको भएपनि शिक्षक संगठनको कवचमा सुरक्षित रहने र विद्यालयलाई राजनैतिक आस्थाको क्रिडास्थल बन्न भने उहाले कहिल्यै दिनुभएन ।

सामान्य शिक्षा हासिल गरेको मानिसले निजामति क्षेत्रमा ठुलो अवसर पाउन सक्ने बेलामा गोल्ड मेडल सहित डबल एमए गरेको व्यक्तिले त्यतिबेला बिरलै मान्छेहरुले नाम सुनेको मणिग्राममा आएर शिक्षा क्षेत्रमा आफुलाई समर्पित गर्नु सानो त्याग थिएन । उहाँको त्याग र समर्पणले शान्ति स्कूल मात्र नभएर मणिग्राम क्षेत्र नै शिक्षाको उर्वर भुमि बन्न सकेको छ, हजारौ व्यक्तिहरुले शिक्षा हासिल गरेर भिभिन्न क्षेत्रमा आफुलाई स्थापित गर्न सकेका छन् । वि.स. १९९५ फाल्गुन २० गते जन्मिनुभएका सन्त स्वभावका जगदीश गुरुले वि.स. २०६५ मङ्सिर १० गतेका दिन यो धर्तीलाई छोडेर गैसक्नुभएको छ । गुरुले धर्ति छोडे पनि अझै सम्म विद्यालय, शिक्षक र विद्यार्थीहरुको हितको लागि गुरुले गरेको योगदान सधै सम्झनामा अमर रहिरहेका छन् ।

(गुरुवाणी अंक २)

१७.

तिन पुस्ताकी गुरु 'गोपी दिदि'

हिन्दुहरुको आस्थाको केन्द्र तथा पूर्वीय ज्ञानको केन्द्र बनारसको झिलिमिलीमा हुर्किएकी अनि भारतकै प्रसिद्ध विस्वविद्यालय मध्येको एक वनारस हिन्दु विस्वविद्यालयमा आईए अध्ययन गरेपछी आफन्त भेट्न नेपाल आएकी १९ वर्षे युवतीलाई नेपालमा शिक्षक बनेर ४ दशक बिताईएला र नेपालमै बसिएला भन्ने कल्पना सम्म पनि थिएन । पुर्खाको माटो टेक्न र आफन्त भेट्न आएकी ति गोपी खत्री .६ दशकदेखि गोपि दिदि बनेर समुदायको मनमा बसिरहेकि छन् ।

१९ वर्षको उमेरमा नेपाल आएको केहि समयपछि नै एकजना आफन्तको सल्लाहमा खत्रीले वि.स. २०१३ सालमा बुटवल माविमा पढाउन शुरु गरेकी थिइन् । स्नातक तहको परीक्षा दिनको लागि २०१५ सालमा उनि वनारस गएपछि बुटवल माविमा फर्किनन् । २०१६ सालमा मणिग्राम ४ नम्बर मामाघरमा पुगेको बेलामा राममणि आदिले मणिग्राममा शुरु गरेको शान्ति स्कूलमा पढाउनको लागि मणि परिवारले आग्रह

गरेकोले उनले प्रधानाध्यापकको रुपमा पढाउन थालिन् । राममणिको घर नजिक रहेको फुसको छाना भएको कटेरोमा विद्यालय संचालन गरिएको थियो । अनि मणिकै घर नजिक खत्रीलाई बस्ने व्यवस्था मिलाईएको थियो ।

बनारसको सुविधामा हुर्किएकी खत्रीलाई घना जंगल फाँडेर भर्खर बसालिएको वस्ती मणिग्राममा विद्यालय संचालन गर्नु निकै चुनौतिपूर्ण कार्य थियो । 'बाटोघाटो, विजुली, पानी र बजारको अभाव, भर्खरै बस्न शुरु गरेका वस्ती भएको मणिग्राम त्यो बेलामा निकै दुर्गम जस्तो लाग्थ्यो । समाजमा पढ्नुपर्छ भन्ने भावना कम भएको अवस्थामा विद्यार्थी खोज्न र नियमित कक्षा संचालन गर्न निकै दुख थियो । तर पनि स्थानिय समाजसेविहरुको सहयोग अनि बुटवल माविमा अध्यापन गर्दाको अनुभवले गर्दा विद्यालयलाई अघि बढाउन सकियो' खत्री स्मरण गर्छिन् ।

केटीहरुलाई पढाउने चलन नभएको अवस्थामा आफु विद्यालयको शिक्षिका र प्रधानाध्यापक भएपछी समुदायमा केटिले पनि पढेर केहि गर्न सक्छन भन्ने धारणाको विकास भएकोले २०२० सम्म आइपुग्दा शान्ति स्कूलमा छात्राहरुको

संख्या छात्रको हाराहारीमा पुगेको उनि बताउछिन् । प्रधानाध्यापक भएपनि सबैले माया गरेर खत्रीलाई गोपी दिदि भन्ने गर्दथे । यसैको सिको गर्दै मणिग्राम क्षेत्रका सबै सामुदायिक विद्यालयका शिक्षिकाहरुलाई विद्यार्थीहरुले दिदि भनेर सम्बोधन गर्ने चलन शुरु भएको थियो ।

'म हजुरबादेखि नातीसम्मका मान्छेकी दिदि थिएँ' गोपी दिदीले हास्दै सुनाउछिन् ।

भाषासेवी राममणि आदिले विद्यालय स्थापना गरिदिएर जग्गा समेत दान दिएपनि विद्यालयलाई दिगो बनाउनु गोपी खत्रीको मुख्य जिम्मेवारी थियो । खत्रिकै पालामा शान्ति स्कूलले २०२३ सालमा माद्यमिक तहको स्वीकृति पायो र २०२४ सालमा पहिलो पटक शान्ति स्कूलका विद्यार्थीहरु एसएलसी परिक्षामा सहभागी हुने अवसर पाए ।

आफुले नेतृत्व लिएको शान्ति शूल शान्ति माध्यमिक विद्यालय बनेपछि खत्रीले केहि समय बि.एड. अध्ययनको लागि विश्राम लिएकी थिइन् । बि. एड. अध्ययन गरेर फर्केपछि वि.स. २०३१ सालमा पुनः शान्ति नमूना माध्यमिक

विद्यालयमा पढाउन आएपछि उनले अनवरत रुपमा २०५४ सम्म पढाएर शिक्षणबाट अवकास लिएकी थिइन् ।

' अहिले शान्ति नमुना माबी नेपालकै उत्कृष्ट विद्यालय मध्येमा पर्छ, यसको जग तयार गर्ने काम गोपी दिदीले गर्नुभएको हो । उहा कुशल हेडमास्टर र शिक्षक, अविभावक तथा विद्यार्थीकी प्रिय दिदि हुनुहुन्थ्यो । उहाँले आफ्नो निजि जीवनलाई विद्यालयको लागि समर्पित गर्नुभयो.' गोपी दिदीका विद्यार्थी रहेका शान्ति नमूना माविका प्रधानाध्यापक कुल प्रसाद लामिछाने भन्छन् ।

लामिछानेको जस्तै धारणा छ तिलोत्तमा -८ निवासी बामपन्थी विश्लेषक तथा लेखक देवेन्द्र घिमिरेको । करिब ४ वर्ष गोपी दिदीका विद्यार्थी रहेका घिमिरेले रुपन्देहीको मध्य भागमा शिक्षाको पहुँच बढाउँन निकै मेहनत गरेको र विद्यालय छोडेर अन्यत्र पुगेका विद्यार्थीहरुलाई निरन्तर समाजसेवामा लाग्न प्रेरणा दिइरहने गरेको स्मरण गर्छन ।

१९ वर्षको उमेरमा शिक्षक बनेकी गोपी दिदीले व्यक्तिगत गृहस्थ जीवनमा भने प्रवेश गरिनन् । 'बिहे किन नगरेको रु'

भन्ने प्रश्न खत्रीलाई सबैले सोध्छन् । खत्रीले सबैलाई हासेर जवाफ दिन्छिन- ' लेखान्त त्यस्तै भएर होला ।'

सानैमा बाबु गुमाएकी खत्रीले किशोरावस्थादेखी नै परिवारको जिम्मेवारी बहन गर्नु पऱ्यो । विरामी आमाको स्याहार, बहिनीको रेखदेख र बहिनीको गृहस्थी बसाउने चक्करमा आफ्नो बिहे र घरजमको वास्ता नै नभएको खत्री बताउछिन । आमाको मृत्यु र बहिनीको बिवाह पछी गोपी दिदि बहिनीसँग बस्न थालेकी थिइन् । संगै बसेर बहिनीका छोरीहरुलाई हुर्काईन् । २०७७ सालमा बहिनिको निधन भैसकेको छ र सबै छोरीहरुको विहे भएर आफ्नो संसारमा रमाएका छन् । गोपी दिदीले बिरामी ज्वाईको रेखदेख गरेर बसेकी छन् । आँखामा जलबिन्दु भएर ४ पटक अपरेशन गरेको बाहेक अरु कुनै स्वास्थ्य समस्या उनमा छैन । ८६ वर्षको उमेरमा पनि घरधन्दा र दैनिकी आफैले गरिरहेकी छन् ।

बिहान उठेर पुजापाठ गर्नु, घरधन्दा गर्नु अनि खाना खाएपछि केहीबेर करेसाबारीमा काम गर्नु गोपिदिदिको दैनिकी हो । फुर्सदको समयमा उनि मोबाइलमा सामाजिक संजालमा उपस्थित् हुन्छिन् । फेसबुकमा जोडिएकाहरु मध्ये अधिकांश

मानिसहरु कुनै समयका गोपी दिदीका विद्यार्थीहरु नै छन् । सामाजिक संजालबाट आफ्ना विद्यार्थीहरुको प्रगति हेर्छिन, उनीहरुलाई सल्लाह सुझाव दिन्छिन् । पुराना विद्यार्थीहरुले सामाजिक संजालबाटै दिदीसंग भालकुसारी गर्छन र कहिलेकाही परिवार नै लिएर भेट्न आउछन ।

“ मैले निस्वार्थ रुपमा शिक्षण गरें, शायद यहि कारण ६५ वर्ष पहिले पढाएका विद्यार्थी र उनका सन्तान पनि खोज्दै आउछन । शायद मैले कमाएको सबैभन्दा ठुलो सम्पत्ति यहि हुनुपर्छ“ गोपी दिदि भावुक हुदै भन्छिन् ।

गोपिदिदीले उठाएको शान्ति स्कूलले अहिले शान्ति नमूना माविको रुपमा देशमा विशिष्ट स्थान बनाएको छ । विद्यालयको वार्षिकोत्सवको अवसरमा विद्यालयले उनलाई निमन्त्रणा गर्छ । त्यसैले वर्षमा एकपटक उनि शान्ति स्कूलमा पुग्छिन् । पुराना विद्यार्थीहरु तथा उनका सन्तानहरु ’गोपी दिदि’ भन्दै झुम्मिन आउछन् । मणिग्राम छेउछाउका आफ्ना पुराना विद्यार्थी र अभिभावकहरुको परिवारमा मर्दापर्दा गोपिदिदी हिडेर पुग्छिन । दुई वर्ष पढाएको बुटवल माविमा गोपी दिदि नपुगेको धेरै भयो । आफुले देखेको तथा शिक्षण

गरेको नेपालको पहिलो विद्यालय भएकोले बुटवल माविको माया लाग्ने भएपनि लामो समय भएकोले स्कूलमा विताएका दिनहरु र विद्यार्थीहरु सम्झनाबाट हराएको उनि बताउछिन ।

लामो समय शिक्षणमा बिताएकोले अहिलेपनि गोपिदिदी शैक्षिक मुद्धाहरुलाई राम्रोसंग नियालिरहेकी हुन्छन् ि। अहिले शिक्षा क्षेत्रमा देखिएका बेथितिले उनलाई निकै पिरोल्छ । उनलाई भेट्न पुग्ने सबैलाई उनले भन्छिन " शिक्षामा सुविधा बढेपनि सस्कार, सदाचार र मेहनत गर्ने बानि बढ्न सकेन । शिक्षकहरु पार्टीका झोले भएकोले विद्यालयहरु असल नागरिक बनाउने ठाउँ भन्दापनि जागिर खाने र राजनीति गर्ने ठाउँ भए ।"

(बुटवल टुडे)

बदलिँदो शान्तिवन : कुमारी जङ्गलदेखी चार नम्बर बजारसम्म

कुमारी गाउँदेखि लड़िया गुडाउन मिल्ने बाटो शिबपुरबाट पश्चिमतर्फ तन्किएर मणिग्राम जान्थ्यो । हिउँदमा धुलो उडाउदै गोरु गाडाहरु दगुर्थे, अनि गोरुगाडाको पछिपछि केटाकेटीहरु दगुर्दा धुलो उड्दा हावामा बनेको धर्को सुदुर पश्चिमसम्म उडेको देखिन्थ्यो । बर्खा लागेपछि भने गोरु गाडाहरु सुस्ताउँथे । धुले बाटो हिलोमा बदलिन्थ्यो । कुमारीदेखी दर्जन जति कुला र घोलाहरु तर्दै नौकट्टि पुग्नुपर्थ्यो । यहि कुमारी मौजा र भर्खरै आवाद हुदै गरेको रामवनको ठिक विचमा उदाउँदै गरेको थियो गोठवा । यो आजभन्दा ६५ वर्ष अघिको कुरा हो ।

रोहिणी नदिको पश्चिमि भूभागमा बि.स. १८७० तिर अंग्रेजले लखेटेर भारतमा पुऱ्याएका थारुहरुले वि.स.१९०० तिर फर्केर मद्रहानी, मिर्गौली, तुकतुकिया, मैनहिया, सग्ररहवा, ठठेरिया, कानापारा जस्ता व्यवस्थित वस्तीहरु बसाल्न थालिसकेका थिए

। वि.स. १९५० सम्ममा राज्यको निगाह पाएका केहि बिर्तावालाहरुले तिनै गाउँका छेउछाउमा जग्गा आवाद गर्न थालेका थिए । हालको मगलापुर, भलबारी पूर्वका स्थानहरुमा थारु र भारतीय मुलका मानिसहरु बसोबास गर्न थालेका थिए । तर, हालको चार नम्बरदेखि तिनाउसम्म करिब १६०० बिगाहा भन्दा धेरै क्षेत्रमा घना जंगल रहेको थियो । श्री ५ शाहज्यादी (जनरल कृष्ण समशेरकी पत्नी) को रखौना बिर्ताको रुपमा रहेको यो क्षेत्रले बुटवललाई दक्षिणतर्फ फैलिनबाट रोकेको थियो । त्यहि जंगल आवाद गर्नका लागि वि.सं १९८४ तिर चन्द्र समशेरले राममणि आदिलाई सुम्पिएका थिए । रखौना बिर्ताको जंगललाई काटेर काठ बिक्रि गरि शाहज्यादीलाई रुपियाँ दिनुपर्ने र राममणिले त्यहाँको जग्गा पाउने लालमोहर दिइएको थियो । बिभिन्न कारणले १० वर्ष राममणिले त्यो जग्गा आवाद गर्न सकेनन् । वि.स. १९९४ मा राममणिले भारत बलरामपुर स्टेटबाट रेन्जर ल्याएर बिर्ता जंगलको लागत तयार गराए । जंगल कटान गर्ने उद्देस्यले जंगललाई १२ वटा प्लटमा विभाजन गरिएको थियो । ति प्लटहरु मध्ये ४ र ५ नम्बर प्लटलाई शान्तिवन नाम दिइएको थियो । कुमारी बिर्ता जंगलको त्यहि ४ नम्बर प्लट अहिले तिलोत्तमा नगरपालिकाको

प्रमुख बजार केन्द्रको रुपमा विकसित भैरहेको छ र शान्तिवन त्यहि बजारको एक हिस्सामा सिमित भएको छ ।

पाकपुस्ताका कुरा र तत्कालिन केहि दस्तावेजहरुलाई हेर्दा वि.स.१९९८ देखि २००७ सम्ममा यस क्षेत्रको अधिकांश रुखहरु कटान भैसकेका थिए । रुख काट्न भारतीय ठेकेदारले ल्याएका केहि मानिसहरु यहि क्षेत्रमा बसोबास गर्दा २०१० तिर शान्तिवनमा केहि घरहरु ठडिएका थिए । राममणिबाट केहि धनिमानिहरुले शान्तिवन, नन्दन वनको जग्गा किनेर जमिन्दारी खडा गरेका थिए र उनीहरुले आफ्नो जग्गा टुक्रा बनाएर बेच्न समेत थालेका थिए । ति मध्येका एक अनकमान नाम भएका जमिन्दार थिए रे ! कुमारी, मद्रहानी, सखुई, बर्गदवा, सूर्यपुरा, मद्रहानी गाउ पहिले नै आवाद भएकाले शान्तिवन आवाद गर्न सहज हुदै गएको थियो । बर्गदवा , सूर्यपुरा, महुवारीतिरका वासिन्दाहरुले गाईवस्तु चराउनको लागि उत्तरतिरको वनमा लैजाने गर्दथे । विहान वनमा गाईवस्तु पठाएर दिनभरी बस्दा पानी पर्दा ओतिनको लागि गोठालाहरुले लामो टहरो बनाएका थिए । यहि टहरो वा गोठ भएको ठाउँलाई थारुहरुले गोठवा भन्दथे । मेरो बाउबाजेले देखेको

गाईवस्तु खर्कने र गोठालाहरु बसेर गफ चुट्ने यहि गोठवा नै आधुनिक चार नम्बर र शान्तिवनको प्रस्थानबिन्दु हो ।

२०१७ सालपछि शान्तिवनको उत्तरको जंगल फँडानी गरेर पहाडबाट झरेका मानिसहरु बस्न थालेका थिए, यी मध्ये मेरो बाउबाजे पनि थिए । उहाँहरुबाट नै मैले विगतको गोठवा चिहाउन पाएको हो । शान्तिवनको उत्तरमा शान्तिनगर वस्ती बनेपछि गोठवामा बसेर उत्तरतर्फको जंगलमा गाईवस्तु पठाउन नसकिने भयो । गाईवस्तु लिएर शान्तिनगर नै पुग्नुपर्ने भएकोले गोठको प्रयोजन रहेन । भर्खरै विकसित हुदै गएको गाउँका मानिसलाई बालबच्चा पढाउने चिन्ता थियो । त्यहि चिन्ताले गर्दा स्थानियहरुले खाली रहेको गोठाला ओतिने गोठलाई स्कूलको नाम दिए र गोठको स्कूलको नाममा प्राइमरी स्कूल ठडियो । भारतको कैम्पियरगञ्जबाट शान्तिवन आवादीकै क्रममा आएका रामदेव राजभरका काकाको पछी लागेर ४/५ परिवार आएपछि शान्तिवन गुल्जार हुन थालेको थियो । वि.स. २०१६ देखि २०२५ सम्म रामदेव राजभरले शान्ति स्कूलमा पढाउनुभयो । लामो समय शान्तिवनमै विताएका रामदेवको खित्रिमित्री पसल शान्तिवन चोकमा छ र

उहाँलाई टंकी मास्टर भनेर चिन्छन् । राम्रो खेतीपाती हुने र वन नजिकै रहेकोले शान्तिवन वरिपरी मानिसहरु आउन थाले । चन्द्रबली, आसामी बाजे, वाग्ले बा, खाँड, मौले, जोगराजसर लगायतका व्यक्तिहरु आए । गोठवा नजिकको साधुकुटिले साधुसन्तहरुलाई सत्संगको अवसर प्रदान गरेको थियो भने गोठमा बनेको स्कूल ज्योति स्कूलको रुपमा शिक्षाको ज्योति छर्दै थियो ।

स्कूलको अगाडी बाटो किनारको बरको रुख अजंगको भयो, चौपारी बन्यो । त्यहि बरको रुखबाट गोठवाको नाम बरारुख समेत बन्यो । विगतमा बर्गदवा, सुस्पुरा हुदै सिद्धार्थ राजमार्ग भेट्न जाने वा सुखौरा किनार हुदै बटौली जानेहरु समेत त्यहि बररुख हुदै जान थाले । छब्बा आएर धानको ब्यापार थाले, धनपति र खनालहरु आएर किराना ब्यापार शुरु गरे । हरिभक्त आएपछि चार नम्बर चोकको स्वरुपमा अलि परिवर्तन आयो । राजनीतिमा चासो राख्ने हरिभक्तको घरमा ससानो डिस्पेन्सरी समेत थियो । यस अर्थमा चार नम्बरमा पहिलो स्वास्थ्य सेवा दिने हरिभक्त नै भए । वि.स २०२२ तिर शान्तिवन र उत्तर-पूर्वको भूभागका मानिसलाई हटाएर बर्माबाट

धपाईएका नेपालीमूलका मानिसहरुलाई राख्ने षडयन्त्र अञ्चलाधिशले गरेको र स्थलगत अवलोकन समेत गरेको अवस्थामा हरिभक्तले काठमाण्डौमा डेलिगेसन गएर त्यसो गर्न रोकेको पाका पुस्ताका मानिसहरुले अहिलेपनि स्मरण गर्छन् । साधुकुटीको पश्चिमतिर मिल खुल्यो । भिमलाल मास्टरको मिलमा पहिलोपटक डायनामोबाट विजुली बत्ति बल्यो । मैले पहिलो पटक विजुली बत्ति बलेको देखेको त्यहीं नै हो ।

२०४० सम्म आईपुग्दा पुरानो गोठ्वा ससानो बजारमा परिणत भैसकेको थियो । किनमेल, राजनीति, शिक्षाको सानो केन्द्र बनिसकेको थियो । तिजको दिन चार नम्बरमा थामी नसक्नु भिड हुन्थ्यो । ज्योति स्कूलको चौंरमा नाचगान गर्नेहरुले ढाकेको हुन्थ्यो अनि बाटोभरी मेला लागेको झैँ पसलहरु फैलाईएको हुन्थ्यो । अहिलेका पुस्तालाई त्यो कुरा सुनाउने हो भने दन्त्यकथा जस्तो लाग्न सक्छ । शान्ति वनतिर भने बस्ति फैलिएपनि बजार विस्तार हुन सकेन । चार नम्बर साधुकुटिदेखी शान्ति वनको शिवालय (अहिले छैन) पुग्दा त टाढा पुगेजस्तो लाग्थ्यो ।

अनि आफ्ना कुरा,

साढे ६ वर्ष पुगेपछि मलाई ज्योति स्कूलमा भर्ना गरिदिनुभयो । चोकैमा रहेको चौरको पश्चिममा लामो काठे टहरो थियो भने उत्तरमा भर्खरै ३ कोठे भवन बनेको थियो । कोठामा ढोका भएपनि झ्यालमा पल्ला, ग्रिल केहि थिएन । माटोको भुइँ थियो । स्कूल जाने रहरले शुरुको दिन झ्यालबाट कक्षामा पसेर परालको चकटी ओछ्याएर कक्षामा बसेको थिएँ । ३ कक्षामा पढ्दासम्म प्रायजसो झ्यालबाट नै कक्षामा पसियो र चकटीमै बसेर पढियो ।

घर र ज्योति स्कूलको दुरी ७०० मिटर छ. अहिले पक्कि सडक छ, हिडेरै जाँदा पनि १० मिनेटमा पुगिन्छ । हामी स्कूल पढ्ता त यस्तो बाटो कहाँ पाउनु नि !

बर्खायाममा ४ नम्बरदेखि शान्तिनगरसम्मको बाटो गड़ाहा बन्थे । महुवारी र सुर्यपुराका गाई गोरु हिड्दा बाटो पुरै दलदल बनेको हुन्थ्यो, हिड्न सकिदैनथ्यो । बाटोको समानान्तर नै एउटा कुलो थियो । प्रायजसो त्यहि कुलोको डिलमा हिड्ने गरिन्थ्यो । मान्छे हिड्दा हिड्दा डिलपनि चिप्लो र हिले भएका हुन्थे । कहिलेकाही लड़िन्थ्यो । हिलोमाटो भएर घर आउदा गाली खाइन्छ भनेर हिलो र चिसो कपडासंगै स्कूल

गईन्थ्यो । डरलाग्दो गरि उर्लिएको तपाहा माथिको काठे डँुड हुँदै आवतजावत गर्नुपर्थ्यो । कम्ति त डर लाग्थेन । तपाहा र अन्य सातकुला तरेर स्कूल आवतजावत गर्नु ठुलै लडाई जिते सरह हुन्थ्यो ।

क्लासमा शिक्षकको नियमितता कमै हुन्थ्यो । प्रायजसो कक्षाको अलिक पढन्ते विद्यार्थीले सस्वर वाचन गराउथ्यो, हामी ४ नम्बर बजार थर्कने गरि चिच्याउदै पाठ पढ्थ्यौ । जे जति पढिन्थ्यो-स्कूलमै पढिन्थ्यो । ३ कक्षासम्म स्लेटमा खरिले लेख्ने गरिन्थ्यो । लेख्ने होमवर्कको त टन्टै हुन्थेन । शिक्षकको आँखा छलेर झुलानिपुर र गोठका साधुका कुटीमा गएर फलफुल चोर्ने, पिशाब गर्न भनेर सातकुलातिर गएर स्कूल अवधिभर हराएर छुट्टी हुने बेलामा बल्ल स्कूल पुग्नु हामी केटाहरुको नियमित दिनचर्या हुन्थ्यो । खनाल र धनपतिको पसलमा गएर ढिके नून चोरेर स्कूल अगाडिको कदमको रुखबाट झरेका कदम फल कर्यामकर्याम खाईन्थ्यो । हातमा १०/२० पैसा भएको बेलामा बदाम र मुसलपट्टि खाईन्थ्यो । तर पैसा हुने दिनहरु विरलै हुन्थे । एक मोहरसम्म हुँदा त

स्कूल छोडेर सोमबारे सेमरा बजार गएर बतासा खान्थेँ । त्यो बतासाको गुलियो स्वाद अहिलेपनि जिब्रामा झुन्डिएको छ ।

जोगराज सर, शिबुसर, माया मिस, सरिता मिस र मिश्रसरको अनुहार अहिलेपनि याद छ । ' झ्यालसे बाहर कर देंगे ' भन्ने मिश्रसरको थेगो थियो । कक्षा छोडेर छब्बाको पसल, धनपतिको पसल, कदमको रुख, जोगीका कुटीतिर बरालिएको देखेपछी मिश्रसर हातमा लठ्ठी घुमाउदै ' झ्याल से बाहर करदेंगे' भन्दै कराउनुहुन्थ्यो । मिश्रसरलाई देखेपछी दौडदै झ्यालबाट कक्षामा पसिन्थ्यो । कक्षामा आएर मिश्रसरले कुटेको याद छैन । जोगराज सर र शिबुसरको भने रिसै कडा !

सरस्वति पुजाको दिन स्कूलमा हलुवा पाक्थ्यो । सरहरुले हलुवा पकाउदा हामीहरु केराको पात थापेर बस्दथ्यौ । एकपटक सरले केराको पातमा हलुवा राखिदिँदा पात च्यातिएर तातो हलुवा खुट्टामा खस्यो । हलुवा पोखिएको पिर र तातो हलुवाको पोलाईले भएको दुखाईले म कम्ति त रोईन । अचेल पनि सरस्वती पुजाको दिनमा म त्यहि घटना सम्झिरहन्छु ।

गोठवाले ४ नम्बर बजारको आकार लिन लागेको थियो अनि गोठ स्कूलले ज्योति प्राथमिक स्कूलको पहिचान बनाईरहेको

थियो । ३/४ वटा पसल भएको ४ नम्बर बजार हाम्रोलागी ठूलो शहर लाग्थ्यो । तिजको दिनमा ४ नम्बरमा लाग्ने भिड अनि स्कूलको चौरमा हुने नाचगानले सबैलाई तान्थ्यो । हाम्रो संसार त्यहि चार नम्बरको चोक, स्कूल अनि घरमा मात्र सिमित थियो । टाउकोमा चकटी र झोला बोकेर स्कूल जाने, स्कूलमा बरालिने अनि छुट्टीको दिनमा गाउँ नजिकको वनमा घुम्नु हामी केटाकेटीको दिनचर्या थियो । जे पढिन्थ्यो, स्कूलमै पढिन्थ्यो । घरमा पढाईको तनाव हुदैनथ्यो । ज्योति स्कूलमा ३ वर्ष खेलेरै बित्यो । स्कूलमा ४ कक्षा त शुरु भएको थियो, तर बाले आफु कार्यरत शान्ति स्कूलमा पढाउने भनेर ४ कक्षा पढाउँन मणिग्राम लैजानुभयो । त्यसपछि ज्योति स्कूलसंगको साथ् छुट्यो अनि चार नम्बरसंगको दुरी समेत बढ्यो. पढाई र जागिरले बुटवलमा सम्पर्क बढी हुने भएपछी ४ नम्बरमा किनमेल गर्न जाने क्रम पनि छुट्यो. पछिल्ला वर्षहरुमा ४ नम्बरमा साथि दिपेन्द्र अधिकारीले आफ्नो जग्गामा हाटबजार लगाउन थालेपछि अचेल ४ नम्बरमा आवतजावत बाक्लिएको छ, धेरैजनासँग सम्पर्क भएको छ , विगतलाई स्मरण गर्न पाईएको छ ।

चुकेको चार नम्बर

शान्तिवनले ८० वर्षे कालखण्ड पार गरेको छ । शाहज्यादीको कुमारी विर्ता जंगलको ४ र ५ नम्बर प्लटलाई प्रतिनिधित्व गर्ने शान्तिवन अहिले आफै खुम्चिएर चार नम्बरको एक हिस्सामा आफुलाई सिमित गरेको छ । चार नम्बर फैलिदैछ । खेतबारीमा विशाल भवनहरु खडा भैरहेका छन् । बाटोघाटोको जालो फैलिरहेको छ र कालोपत्रे समेत भैरहेका छन् । चारनम्बर अहिले अव्यवस्थित बजारीकरणको चपेटामा परेको छ । जथाभावी प्लटिंग गरेर बनाईएका वस्तीहरुलाई साघुँरा र हरियालिबिहिन सडक, जतातत्तै झुन्डिएका विजुलीका तार र इन्टरनेट केवलहरुले वस्तीलाई कुरूप र असुरक्षित बनाईरहेको छ । शान्तिवन, ४ नम्बरका कुलोहरुलाई ८० प्रतिशत खुम्चाईएको छ, यसले वर्खायाममा डुवानको जोखिम बढाईरहेको छ । चार नम्बर क्षेत्रमा खुला चौर, पार्कको आवस्यकता छ तर त्यस्ता संरचानाको लागि सार्वजनिक स्थान नै छैन । ४ नम्बर र झुलेनिपुरको साधुकुटी अतिक्रमणमा परेर हराएको छ । यो क्षेत्रमा अहिलेसम्म कुनैपनि सरकारी कार्यालयहरु आएका छैनन्, अस्थायी रुपमा आएको वार्ड कार्यालय पनि अन्यत्र

सरिसकेको छ । हजारौलाई आधारभूत शिक्षा दिएको ज्योति स्कूलमा धरै विद्यार्थीहरु छैनन् । यो स्कूललाई माध्यमिक तहसम्म पुऱ्याउन र राम्रो स्कूल बनाएर संचालन गर्न सकिने भएपनि त्यसतर्फ कसैको चासो छैन । छाडा गाईवस्तुको कारण शान्तिवन सेरोफेरोमा खेतीपाती जोगाउन गाह्रो छ । बढ्दो शहरीकरणले एउटा स्वास्थ्य केन्द्र र प्रहरी चौकीको आवस्यकताबोध गरिसकेको छ, यसतर्फ पनि पहल पुगेको छैन ।

मैले सुनेको चार नम्बर, शान्तिवन, देखेको शान्तिवनमा धेरै परिवर्तन आईसकेको छ । विगतको इतिहास हाम्रो विरासत हो । चार नम्बर, शान्तिवनमा धेरै नयाँ अनुहार थपिएका छन्, उनीहरुलाई विगतको बारेका कमै जानकारी छ । शान्तिवन टोल विकास सस्थाले स्मारिका प्रकाशन गरेर विगतको इतिहासको स्मरण गर्ने र आपसी भाईचारा प्रवद्र्धन गर्ने काम शुरु गरेको छ. यो आफैमा उदाहरणीय कार्य हो । यस कार्यको लागि म सम्पूर्ण शान्तिवन टोलवासीलाई मनैदेखि धन्यवाद दिन चाहन्छु ।

(शान्तिवन टोल विकास समितिको शान्ति दर्पण २०८२)

टिपनटापन

१.

एक दुई कक्षामा पढ्दा सिद्धार्थ राजमार्ग छेउछाउका बस्ति छोडेर पूर्वतिर बिजुली पुगेको थिएन. मणिग्राम- नयामिल देखि ३.५ किमी पूर्वको गाउमा बस्ने मैले त्यतिन्जेल राति बिजुली बत्ति बलेको झिलिमिले देखेको थिइन (दिउसो बाको पछि लागेर विभिन्न कार्यालयमा जादा भने बत्ति र पंखा देखेको थिएँ). राति विजुलिबत्ति बल्दा वस्ती कस्तो देखिन्छ भन्ने कुरा मेरो दिमागले सोच्ने कुरै थिएँन . राति गाउ छोडेर अन्यत्र नगईने भएकोले रातिको झिलिमिली देख्ने अवसर मिलेको थिएन. संयोगले एकपटक राती प्रेम नगर पुगेको बेलामा मणिग्राम- नयामिलतिर लहरै बत्ति बलेको झिलिमिली दृश्य देख्न पाउदा रोमान्चित भएको थिएँ. त्यसको ५/६ महिनामा गाउमा बिजुलीको तार तानियो र घरमा पिलपिले बिजुली पनि जोडियो. पछिल्ला साढे ३ दशकमा विजुलिले बनाएको धेरै झिलिमिलिसंग भेट हुन पाईएको छ. तर पनि मलाई पहिलोपटक देखेको बिजुली बत्तिको झिलिमिली समझदा रमाइलो लाग्छ. वर्खायाम्मा छतमा उभिएर भ्यागुताको ट्यार्रट्यार्र अनि झ्याऊकिरिको किरिरिरी सुन्दै टाढासम्म देखिने

बत्तीहरु हेर्दा आनन्द लाग्छ. मन स्मृतिमा बयलीखेल्दै बाल्यकालमा पुग्छ.

आखिर मन खुशी बनाउने माया र सम्झना त् रहेछ.

२.

मंसिरदेखि फागुन मध्यसम्म मेरो गाउको धुले बाटोमा मान्छेको चहलपहल निकै हुन्थ्यो । मेरो गाउँसङ्ग जोडिएको जङ्गलमा दाउरा काट्न तत्कालीन करहिया, आनन्दवन, मधवलिया, पडषरी, चिल्हिया, टिकुलिगढ र मक्रहर गाउँ पन्चायतको पश्चिम भेगबाट मानिसहरु आउथे । वर्षभरी बाल्ने दाउरा, घरगोठ बनाउने काठपात काट्न आउने मान्छेको लस्करले गाउँ रमाईलो हुन्थ्यो । साइकलको चलन थिएन, कतिपयले लडिया लिएरै जङ्गलमा गएर दाउरा काट्थे । झण्डै एक महिना स्कुल जानू नपर्ने भएकोले त्यो समय दाउरा काट्ने निहुँमा रमाईलो गर्नको लागी जङ्गल गईन्थ्यो । कस्ले धेरै भारी दाउरा ल्याउनसक्छ भन्ने होडबाजी चल्थ्यो र दिनमा ५ भारिसम्म दाउरा ल्याइन्थ्यो । गाउँदेखि एक किमि भित्रैको जङ्गलमा भनेजस्तो दाउरा पाईने भएपनी खेल्नको लागि सुखौरा खोला, राजमार्ग , गेवराद्वार, चरङ्गे खोला, कमेरे खोला र कहिलेकाही अहिलेको मुढाबास माथिको चुरे पहाडमा पनि दाउरा खोज्ने

बहानामा पुगिन्थ्यो । अहिलेको चरङ्गे गाउको पुर्वी भाग जङ्गल नै थियो । वन तरुल खोज्न, पाकेको भलायो खान, अमला खान त्यता गैन्थ्यो । २०४५/ ४६ पछी दाउरा खोज्न जान छोडियो । सामुदायिक वन बनेपछि र घरघरमा ग्यास सिलिन्डर पुगेपछि अरु मानिसहरू पनि वन प्रवेश गर्ने क्रम घट्यो । पक्की घर बन्न थालेपछि डाडाभाटा, खाबो, बलो, खर, स्याउला लिन जङ्गल जानुपर्ने बाध्यता हट्यो । पशुपालन घटेको र वनमा चरिचरन रोकिएकोले टाढाका थारु वस्तिबाट पशु चराउन आउनेक्रम बन्द भयो । अचेल जङ्गल जानेको लहर भेटिदैन । टाउको र भारमा लामालामा दाउराको भारी बोकेर दौडिरहेका थारु थरुनिको लस्कर हुदैन । लडियाको डोब र गोरुको घण्टीको आवाज पनि सुनिन्न । बाटोको किनारमा आलु पोलेर खानेहरु, चिसोमा पनि मुला, मेवा र नुनचुक खानेहरु पनि हुँदैनन । कहिलेदेखि टाढाका थारु वस्तिबाट साईकल लिएर आउछन् , गाउँ किनारामा साईकल बिसाएर जङ्गल जान्छन र दाउरा लिएर साईकलमा राखेर बेतोडले आफ्नो गाउँतिर हानिन्छन । उनिहरुलाई देख्दा उनै दाउरे, तिनै लडियाका लहर, बाटोमा पोखिएका भुजाका दाना, आगो ताप्दाताप्दा ध्वासे भएका अनुहार याद आउँछ अनि ताजा बन्छ आफ्नो बाल्यकालको सम्झना ।

३.

बे यार !

....

"सुनिस बे ! आज जोगिहरु भण्डारामा गएका छन् , कागती चोर्न जाम ।" प्रेमले महत्वपूर्ण जानकारी दियो । गोपाल र म झ्यालबाट फुत्त निस्केर महुवारी कुलोको डिलैडिल स्कूलबाट ओझेलमा परेर झुलनिपुर जोगिकुटी गयौं । पान खान गएका शिबप्रसाद सर कक्षामा नफर्कदै कागती चोर्ने महान अभियान सफल पारेर झ्यालबाटै कक्षामा प्रवेश गऱ्यौं । यो ३७ वर्ष पहिलेको कुरा हो ।

४० वर्ष पहिले टाउकोमा चकटी र झोला बोकेर **ज्योति आधारभूत बिद्यालय** को कक्षा १ मा झ्यालबाट पसेका थियौ । प्रेम चापागाईं र गोपाल एसि नजिकका साथि बने । " जाम बे ! भागम बे ! खाम बे ! पिटम बे !... " र यस्तै यस्तैमा ३ वर्ष बिते । म ४ कक्षामा शान्ति स्कुल गएपछि २ वर्ष साथ छुट्यो । ५ कक्षापछी भने भेटघाट भैरह्यो । " बे.." छुटेर " यार.." बनिसकेको थियो । " के छ यार? कता यार? ... हुनै यारी औपचारिक बन्दै गयो । ७०० मिटर दुरिमा घर भएपनी भेटघाट पातलो हुन्छ । प्रेम र गोपाल त नजिकै छ्न,दिनहुँ भेट्छन होला । भेट हुदा पुराना दिन सम्झेर

रमाउछौ । प्रेमले "बे.." छोडिसकेका छैनन् । तर .. यार धेरै चल्छ ।

हिजो नमस्ते एकेडेमीमा दुई जना भेटियौ, गफियौँ । रिटायर्ड भएपछि साझ बिहान सङ्गै हिड्नु पर्छ बे !

४.

यो झुलनिपुर हो ।

तिलोत्तमा नगरपालिका वार्ड नम्बर ८ को ४ नम्बर बजार चोक हरिभक्तको घर अनि खनालहरुकोघर, थकालिको जमिन्दारी हेर्ने मान्छेहरुका साना घर अनि २०० मिटर पुर्व झुलनिपुर गाउँ । गाउँ भन्नु ४ घर मात्र । प्रेम चापागाईं , गोपाल एसि, जलेश्वरको मामाघर, उमादिदिको घर मिलेर बनेको गाउँ । गाउको विचमा साधुकुटी र बगैंचा । बगैंचामा बेलौती, अाँप, सरिफा, कागती , ईमली र अमलाका रुखहरु थिए । कुटिमा रामजानकी भक्त साधुहरुको जमघट भैहरन्थ्यो , बेलाबेलामा भण्डारा हुन्थ्यो । साधुहरुको आँखा छलेर बगैचामा फलफुल चोर्न ठुलै मेहनत गर्नुपर्थ्यो । कुटिको नजिक गोपाल र प्रेमको घर भएकोले उनिहरुप्रती साधुहरु केही नरम हुन्थे । त्यसैको फाइदा उठाएर

ज्योति आधारभूत बिद्यालय स्कूलमा २/३ कक्षा पढ्दा बगैचामा फलफुल चोर्न गईन्थ्यो । करिब ४ दशक पहिलेका कुरा हुन ।
विभिन्न खेलखण्डले साधुकुटी मासियो । साधु विस्थापित भए, केटाकेटीलाई मनपर्ने बगैंचा मासियो अनि एउटा ईतिहास मासियो ।

साधुकुटिमा खानेपानी टङ्कि र त्यसकै संरचना बनेका छन ।
झुलनिपुरको नामोनिसान छैन । अहिलेको पुस्ताले झुलनिपुर गाउँ चिन्दैनन । ४ नम्बर बजार फैलिएर झुलनिपुर गाउँ खायो । मान्छेहरू आफुलाई ४ नम्बरवासी भन्दा मख्ख पर्छन ।
कागती चोर्दा जोगिले लखेटेको अनि स्कूलमा पुग्दा जोगराज सरले कक्षामा उभ्याएको याद छ नि **Gopal Ac** , **Prem Prasad Chapagai** ?? **Jaleshwar Paudel** र **Uma Chapagain** को सम्झनामा पनि ताजै होला झुलनिपुर ।

५.

महुवारिका थारुहरुले गाई चराउन आउँदा ओत लाग्ने गोठ बनाएकोले पुराना थारुले गोठवा भन्थे यो ठाउलाई अनि चोकमा बरको रुखको चौपारी भएकोले कसैले बरारुख पनि भन्थे । यहीँको

ज्योति आधारभूत बिद्यालयबाट मेरो शिक्षारम्भ भएको थियो । बरको चौपारिको छेउछाउमा थिए धनपति र खनालको दोकान, छब्बाको बदाम र मुसलपट्टिको पसन, जिवकलाको बाको चुकौनी दोकान, कानपुरेनिको सानो रक्सी पसल, हरिभक्तको पसल र भित्रको सानो डिस्पेन्सरी । यिनैले ४ नम्बर बजार बनाईदिएका थिए । स्कुल अगाडि कदमको रुख अनि स्कुल पश्चिमको जोगि कुटि हाम्रो लागि बगैँचा थिए । धनपतिको दोकानबाट चोरेका नूनका ढिकासङ्ग काँचा कदम, अम्बा र आँप कच्यामकच्याम खाइन्थ्यो । तिजमा ४ नम्बर चोकमा हुने भिडभाड र नाचगान हाम्रोलागी अचेलका ठुला मेला महोत्सव भन्दा कम हुन्थेनन । साथमा पैसा नभएपनी हुल बाधेर रमाइलो हेर्न गैन्थ्यो । हेरेरै सन्तुष्ट भैन्थ्यो ।

अहिले त्यो गोठवा ४ नम्बर बजार बनेको छ । गाई चराउन ल्याउने थारुहरु र गाईका हुल आउन्नन । बरको रुख र चौपारी छैन । छब्बा छन तर उनको खित्रीमित्री पसल छैन । धनपति र खनालको पसल आधुनिक बनेको छ । केटाकेटीले चोर्न मिल्ने भेली र ढिके नून त्यहा पाइन्न । स्कुल अगाडिको कदमको रुख, जोगिको बगैँचा , फलफुल चोर्न जादा लखेट्ने जोगि, स्कुल छोडेर चोर्न हिडदा हप्काउने जोगराज सर, टिटानसको सुई लगाईदिने हरिभक्त , ढुंग्रो बेच्ने नेवार बाजे,पिउनिको चिया पसल,

जिवकलाको चुकौनी पसल छैनन त्यहाँ । तैपनी ४ नम्बर पुग्दा रमाईलो लाग्छ । **Gopal Ac** , **Prem Prasad Chapagai** , **Dipendra Adhikari** , सिप्रसाद, राजु, माया मिस, मिश्रसर, फणीन्द्र सर, .. त्यतै भेटिन्छन् जस्तो लाग्छ ।**#सम्झना**

६.

महुबारिको चौपारी र पोखरी :

थारुवस्तिको पुछारमा रहेको यो पोखरी कहिले र कसले बनायो भन्ने मलाई थाहा छैन । ३५ वर्ष पहिले आमाको पछि लागेर सेमरा बजार जादा यहि चौपारिमा सुस्ताएका थियौं ।यहासम्म नाम मात्रको बाटो भएपनी यहादेखी सेमरा बजारसम्म खेतको आलि र कुलोको डिलैडिल जानुपर्थ्यो । वर्खायाममा हिड्न मुस्किल हुन्थ्यो । यो चौपारिमा पुगेपछी सेमरा बजार नजिक आएजस्तै लाग्थ्यो । "हर हर .. धडधड .. चुहा मारने कि दवा, खटमल मारने कि दवा....." सेमरा बजारमा ढ्वाङ्गमा फलाकेको महुवारी सम्म सुनिन्थ्यो । पोखरी नजिक पुगेपछी " अब बजार

आइयो " भनेर मन रोमान्चित हुन्थ्यो । धानका शीला टिपेर त्यसलाई सेमरा बजार लगेर बेचेर बतासा, खुर्मा, बदाम किनेर ल्याएर फर्कदा यहि चौपारिमा बसेर खाएर घरमा खालिहात आइन्थ्यो । अचेल पनि पोखरी छ, सेमराको सोमबारे हाट छ ।तर अचेल बजारको हडहड ... धडधड .. सुनिदैन, पोखरिमा सेता कमल र टिलिक्क टल्किदै पौडने सिद्रा माछाहरु भेटिदैनन । तर चौपारिले दिने सितलता उस्तै छ ।त्यहा पुग्दा बाल्यकालको सम्झना ताजा हुन्छ, मनलाई आनन्दीत बनाउछ । कानमा गुन्जिन्छ उहीँ हडहड.. धडधड ... अनि आखामा नाच्छन तिनै बतासा, खुर्मा, गुच्चा, भुरुङ अनि एउटा हातले जाङ्गे ,कट्टु तान्दै दगुरेका साथिहरु ।

७.

गङ्गा बैदारले जग्गा दिएर वि.स. २००० को दशकमा सोमबारे सेमरा हाटको शुरूवात भएको थियो रे । भैरहवा र बुटवलमा मात्र बजार भएको समयमा सेमरा बजार ग्रामीण बजारको रुपमा निकै लोकप्रिय बन्यो । नौतनवा, भैरहवादेखि ब्यापारीहरु गोरुगाडा र घोडामा सामान लिएर एकदिन अघि नै सेमरा पुग्थे । स्थानिय

आवस्यकताका सबै वस्तुहरु सेमरा बजारमा पाइन्थे । रुपन्देही र नवलपरासीका साथै पाल्पाका रहवास,झडेवा, माथा, कसेनीसम्मका हटारुहरु बजारमा भेटिन्थे । बजार आउदा जादा कतिका मायाप्रीति गासिए, यतै घरजम गरे । सेमरा बजारको छेउछाउमा हाट भर्न आउदा भुलेका मान्छेहरुको वस्ती बनेको छ ।

सेमरा खुम्चिएको छ, थुन्से र डोकोमा सामान बोकेर गित गाउदै हाट भर्न आउने माथालिहरु अचेल भेटिन्नन, घोडा र गाडामा सामान ल्याउने ब्यापारीहरु पनि हुदैनन, आइतबारदेखि नै मिठाई बनाउने हलुवाई पनि छैनन । न त भार र ढकियामा कनिका बोकेर ल्याउने थारुहरु नै देखिन्छन । तर पनि हरेक सोमबार सेमरा चलायमान हुन्छ । रङ्गिचङ्गी सामान र अनुहारहरु बजारमा भेटिन्छन । कहिलेकाहीँ पुग्छु , रमाइलो लाग्छ । बाल्यकाल आँखा वरिपरि घुम्छ । सेता बतासा, ठूलो वर्णमाला, मधुमालतिको कथा, नर्कको पोस्टर,टायरको चप्पल, माछाको गन्ध, सेमरा कपडा उद्योग ... कहाँ भुल्न सकिन्छ र?

८.

नेपालमा २०४०को दशकसम्म अक्षर चिन्ने, लेखपढ गर्ने, र सामान्य लेखापढी गर्न सिकाउने काममा " ठुलो वर्णमाला"

जत्तिको योगदान कुनै पुस्तक वा शैक्षिक कार्यक्रमले शायदै गरेका होलान्. सरल ढंगले नेपाली पढ्न र लेख्न सिकाउने, अंग्रेजी भाषाको सामान्य ज्ञान दिने, गन्ति, दुनोट, नापतौलको ज्ञान, वाक्य र निबांध रचना, नैतिक शिक्षा, देशको जानकारी सबै समेटिएका थिए यसमा. सामान्य तमसुक, भरपाई, निवेदन लेख्न सिकायो यसले अनि थुप्रै लेखनदास तयार पार्न पनि सघायो.

सानो छंदा सेमरा बजारमा अब्दुल सरको घरको छेउमा बाटोमा थुप्रै पुस्तक र पोस्टरसंगै ठुलो वर्णमाला पुस्तक पनि फिजारेर बेच्न राखिएको हुन्थ्यो. स्कूल भर्ना हुनु अघि यो पुस्तक किन्ने र पढ्ने मौका पाईएन तर ३ कक्षामा पढ्दा वृक्षारोपण गर्दा पाएको पैसाले यो पुस्तक किनेको थिएँ र यहि पुस्तक पढेर मैले पहिलोपटक आफ्नो नाम अंग्रेजीमा लेख्न सिकेको थिएँ- ubrj kadel

कम्तिमा मेरो पुस्ताले चिन्छ यो पुस्तक.

९.

२०४० को शुरूवाती वर्षसम्म पाल्पाका रहवास, झडेवा, जगात, देवगिर र छेउछौका मानिसहरु आफुले उत्पादन गरेका डोको, डालो, स्याखु, कुचो, मान्द्रोदेखि तरकारी , फलफूल, कन्दमूल लगायतका

उत्पादन बेच्न र आवस्यक सामान किन्न / साट्न माथाको बाटो भलुहि हुँदै मद्रहानी निस्केर सेमराबजार पुग्थे । माथागढी हुँदै आउने भएकोले यी हटारुलाई हामी माथाली भन्थ्यौ । आइतबार आफ्नो घरबाट निस्केका माथालिहरु मध्यरातमा मद्रहानी नजिक आउथे, केहिबेर त्यहीँ बस्थे । समुहमा आउने उनिहरु मादल बजाउदै गित गाउदै रमाइलो गर्थे र झिस्मिसे बिहानिमा सेमरा बजार पुग्थे । बजार गरिवरी दिउँसो उनिहरु पहाड उक्लिन्थे । अचेल माथालिहरु खैरेनी र सुनवल बजार सम्म आएपनी बजार गर्न सेमरा पुग्दैनन । जिप र टेक्टरमा आउनेहरुले पहिलएका जस्ता सामान र मिठास ल्याउन्नन । थुन्सेभरी बेसार, पिँडालु र तरुल बोकेका, डोकोमाथि स्याखु , अम्रीसोको कुचोको भारी बोकेर आएका माथालिहरु देखिदैनन । तर पनि सोमबार झिसमिसे बिहानै कतै नेपथ्यमा मादलको बजेको त माथालिहरुले झाम्रे गाएको गुन्जेजस्तै लाग्छ ।

१०.

"..ये हावडाका पुल देखो...ये इन्दिरा गान्धी देखो... ये कुतुबमिनार देखो.... ये मधुवाला देखो...." यस्तै भट्याउदै बाइस्कोपवालाले हेन्डल घुमाउथ्यो अनि हामीहरु बट्टामा जोडिएका लेन्सबाट

फिलिम हेर्थ्यौं. बटौलीमा भर्खर खुलेको सिनेमा हल हाम्रो पहुँचमा थिएन. मधेशमा हुर्किरहेका हामि केटाकेटीको लागि कहिलेकाही इन्डियन बाइस्कोपवालाले घाटीमा झुण्ड्याएर गाउमा डुलाउदै ल्याउने बाइस्कोप नै चमत्कारिक वस्तु हुन्थ्यो. १० पैसा जुटाउन सक्नेले बाइस्कोप हेर्न पाउथे अनि पैसा नहुने म जस्ता केटाकेटी "..ये हावाडाका पुल..." सुन्दै दंग पर्थ्यौं.कहिलेकाही बाइस्कोपवालाले दया गरि ८/१० सेकेन्ड निशुल्क बाइस्कोप हेर्न दिदा आफुलाई निकै भाग्यमानि ठानिन्थ्यो.
अब त् कतै बाइस्कोप पनि देखिदैन, सिनेमा हल पुगेर सिनेमा नहेरेको पनि वर्षौं भएछ.

११.

" सुन हो गाउँले, भोलि यति बेला फुलपाती भित्राउने हो " भन्दै अघिल्लो दिन पल्ली बा गाउँ डुल्थे । फुलपातिको दिन तोकिएको समयमा भद्रकाली मन्दिरमा गाउँलेहरु जम्मा हुन्थे । कटरे पण्डितले बिधिपुर्वक पुजा गरेपछी रातो डोला बनाएर फुलपाती लिन गाउँ डुलिन्थ्यो । मगर पुजारी मौन भएर तरबार हातमा लिएर डोलाको अघि लाग्थे, प्रत्येक घरमा गएर उखु, कुभिन्डो, फूल लिएर डोलामा राख्थे । रामु घर्तिका बाका ३ भाईले बालन गाएको शैलिमा भजन गाउदा र कटरे पण्डितले स्तुति गाउदा हँसरे

जेठालाई देवि उत्रन्थ्यो र उनी काम्थे , उनी कामेको देखेर हामी केटाकेटीहरु डराएर बा को पछाडी लुन्थ्यौ । धुमधामसङ्ग फुलपाती भित्राइन्थ्यो ।

कालरात्रीको मध्यरातमा मन्दिरमा बोके काटिन्थ्यो । पल्ली बाले भोलिपल्ट एक चोक्टा भएपनी सबैको घरमा मासु (प्रसाद) पुऱ्याउथे । ढाले धर्मे दाइ, पुजाली रुके र घनश्याम दाइ, बिश्नुपुरे कान्छा, चोकाली जेठा, कालिपारे चक्रेदाई, कटरेका दाईहरुले चौरमा पिङ्ग बनाउथे । त्यो सबै माहौलले हामी केटाकेटीलाई फुरुङ्ग बनाउथ्यो ।

अहिले पनि गाउँ छ, मन्दिर छ । घर्ती माइला ,जेठा, गाडा घर्ती , हसरे, कटहरे पण्डित , पल्ली बुढा, ढुण्डे दाइ , कालिपारे, मालुङेली, चोकाली, बलामे बा छैनन । भद्रकाली मन्दिरको लागि भनेर छानाभरी कुभिन्डा फलाउने मिर्मेली जेठा, खैजडी बजाउने घरयी रामु, कडेल जेठा, पुजाली पुसाईले गाउँ छोडेका छन । उनिहरुको ठाउँ लिने कोहि भएनन । डाले धर्मे दाइ, घनशाम दाइ, बलामे कान्छादाई पछी पिङ्ग पनि बनेनन । तर पनि पुजाली घनश्याम दाइ, भडारी खुमा मामा, ढकाल मामा, कटहरेका दाईहरु, भाउजुहरु सक्रिय हुनुहुन्छ र गाउँको मन्दिरमा चहलपहल हुन्छ ।

उबेलाको दशै कहाँ पाउनु बरै !

१२. सेमराको सोमबारे हाटमा मैले पहिलोपटक भगवानका फोटा, पापिलाई नर्कमा दिने कष्टका पोस्टर, तोतामैनाको कथा, मधुमालतिको कथा अनि ठूलो वर्णमाला देखेको यहि पसलमा हो । किन्ने पैसा हुन्थेन, वर्षमा ३/४ पटक बजार लागेको दिन पसलमा गएर धित मरुन्जेल पोस्टर र किताब फर्काईन्थ्यो ।एकदुई पेज पढेर रमाइन्थ्यो अनि पढ्ने मन हुदाहुदै पुस्तक छोडेर हिडिन्थ्यो । मजस्तै धेरैलाई यो पसलले पढ्ने हुटहुटी जगाईदिएको थियो, देउता चिनाईदिएको थियो अनि पाप गर्नबाट जोगाएको पनि थियो । नौतनवाका पुस्तक ब्यापारीले ५ दशक अघिदेखि बजारमा त्रीपाल ओछ्याएर शुरु गरेको यो पसल अहिले छोराले चलाएका रहेछन् ।फर्साटिकरदेखी भैरहवाका हाटमा यसैगरी पुस्तक र पोस्टरका बिस्कुन सुकाउन पुग्दा रहेछन् । आज बजार जाँदा ती पुराना दिनहरु याद आए ।



बाल्यकाल आफैमा स्वर्णिमकाल हो । विद्यालय जीवनको शुरुवातदेखि समापन, साथीहरुसंगको घुमफिर, केहि बदमाशी अनि प्रेमको अंकुरण हुने समय हो यो । उमेर बढ्दै जाँदा बाल्यकालसंगको दुरी बढ्दै जान्छ तर बाल्यकालका यादहरु झनझन नजिक हुदै जान्छन. यिनै यादहरुले जीवनलाई अघि बढ्न ऊर्जा प्रदान गरिरहन्छन् । भुल्न खोजेर भुल्न नसकिने, मेट्न खोजेर मेट्न नसकिने बालापनका यादहरुको संगालो हो यो ।

लेखक परिचय

यस पुस्तकका लेखक **युवराज कंडेल** हुनुहुन्छ । रुपन्देही जिल्लाको हालको तिलोत्तमा नगरपालिकामा पर्ने शान्तिनगर गाउँमा वि.स.२०३२ सालमा जन्मिनु भएका लेखकले ४ नम्बर बजारमा रहेको ज्योति प्राथमिक विद्यालय र मणिग्राममा रहेको शान्ति नमुना माध्यमिक विद्यालयबाट माध्यमिक तहको शिक्षा प्राप्त गर्नुभएको थियो । यो पुस्तक यिनै विद्यालय र स्थानहरूको सेरोफेरोमा घुमेको छ ।

वातावरण, पर्यटन, सम्पदा र इतिहास विषयमा उहाँका १५०० भन्दा बढी लेखहरू प्रकाशित छन् । उहाँको कथा सङ्ग्रह **'अकथा'** र वन सम्बन्धी लेखहरूको सङ्ग्रह' **वन-गाथा'** प्रकाशित छन् । लेखक सम्पदा पर्यटन विषयमा विद्यावारिधिको शोधार्थी हुनुहुन्छ ।

लेखकलाई yrkandel@gmail.com मा सम्पर्क गर्न सकिन्छ ।